
# लेखापरीक्षण प्रतिवेदन
# तनहुँ
## २०७२।७३




# महालेखापरीक्षकको कार्यालय
## काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# प्राक्कथन

नेपालको संविधानले महालेखापरीक्षकलाई संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण गर्ने जिम्मेवारी सुम्पेको छ । महालेखापरीक्षकले संविधान, प्रचलित कानून र लेखापरीक्षणका मान्य सिद्धान्त बमोजिम सार्वजनिक स्रोत साधनको परिचालन, विकास निर्माण एवं सेवा प्रवाहमा रहेका कमी कमजोरी र आर्थिक अनियमितता पहिचान गरी सुधारका लागि सुझावसहित प्रतिवेदन गर्दै आएको छ ।

सार्वजनिक प्रशासनलाई स्वच्छ, निश्पक्ष, पारदर्शी र जवाफदेही बनाई सुशासनको प्रत्याभूति गर्न राज्यका क्रियाकलाप निर्देशित हुने संवैधानिक व्यवस्था छ । जिम्मेवार व्यक्तिले सरकारी आम्दानी वा खर्च गर्दा नियमसम्मत, मितव्ययी, दक्ष, प्रभावकारी र औचित्यपूर्ण तवरले गर्नुपर्ने र आफूले गरेको आर्थिक कारोबारको आन्तरिक जाँच गरी वा गराई ठीक छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने कानूनी व्यवस्था छ । यसबमोजिम आर्थिक कारोबार नभएबाट नै बेरुजू सिर्जना हुने गरेको छ ।

पारदर्शी आर्थिक कारोबारले जवाफदेहिता, विश्वसनियता र आर्थिक अनुशासन कायम राख्न मद्दत पुऱ्याउँदछ । आफ्नो कामप्रतिको निष्ठा, पेशागत इमान्दारिता र जिम्मेवारीको बोध हुन सकेमा मात्र सरकारी आर्थिक कारोबार सुदृढ हुन सक्दछ । यसका निमित्त आर्थिक कारोबार गर्ने कार्यालय, नियमनकारी निकाय तथा सरोकारवाला सबैको ध्यान पुग्नु जरुरी छ । यस क्रममा आन्तरिक नियन्त्रण र लेखापरीक्षणको भूमिका उत्तिकै महत्वपूर्ण रहने हुनाले यसमा पनि प्रभावकारिता ल्याउनुपर्दछ ।

लेखापरीक्षणमा जोखिमको पहिचान गरी कार्यालयको छनौट, योजना/कार्यक्रम तर्जुमा, प्रबेश बैठक, स्थलगतरुपमा परीक्षण गरी प्रमाण सङ्कलन, मस्यौदा उपर छलफल पश्चात् कार्यालयगत रुपमा लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपलव्ध गराइएको छ । कानूनबमोजिम ३५ दिनभित्र फछ्र्यौट नभई बाँकी रहेका ब्यहोरा मिलान गरी प्रतिवेदनमा समावेश गरिएको छ ।

बहुजनहितायको मान्यता अवलम्बन गर्दै प्रतिवेदनमा सहज पहुँच पुऱ्याई सरोकारवालालाई सुसुचित गर्ने उद्देश्यले यो प्रतिवेदन प्रकाशित गरिएको छ । यसबाट आगामी दिनमा संघीय, प्रदेश र स्थानीय तहको जनचासो सम्बोधन गरी प्रतिवेदन गर्न सहयोग मिल्ने विश्वास लिइएको छ । प्रतिवेदन तयार गर्न योगदान पुऱ्याउनु हुने सबैमा कार्यालय आभार व्यक्त गर्दछ । साथै प्रतिवेदनलाई कार्यान्वयनमा ल्याई सरकारी आर्थिक कारोबारमा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न सबै पक्षबाट सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ । यो प्रतिवेदन कार्यालयको वेभसाइट *www.oagnep.gov.np* मा समेत राखिएको छ ।

# विषय सूची


| सि.नं. | | विषय | पृष्ठ |
|---|---|---|---|
| १. | | लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति | १ |
| २. | | लेखापरीक्षण र बेरुजूको स्थिति | २ |
| ३. | | कार्यालयगत लेखापरीक्षण व्यहोरा | ३ |
| | ३.१. | जिल्ला कृषि विकास कार्यालय | **३** |
| | ३.२. | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | ४ |
| | ३.३. | ग्रामिण तालिम केन्द्र | **८** |
| | ३.४. | घरेलु तथा साना उद्योग विकास समिति | ९ |
| | ३.५. | जिल्ला विकास समितिको कार्यालय | ९ |
| | ३.६. | जिपि कोइराला राष्ट्रिय श्वास प्रश्वास उपचार केन्द | १७ |
| | ३.७. | दमौली अस्पताल | १८ |
| | ३.८. | जिल्ला प्राविधिक कार्यालय | १९ |
| | ३.९. | जिल्ला भूसंरक्षण कार्यालय | २० |
| | ३.१०. | डिभिजन सडक कार्यालय | २१ |
| | ३.११. | सिचाई विकास डिभिजन | २६ |
| | ३.१२. | जिल्ला स्वास्थ्य कार्यालय | २८ |
| | ३.१३. | जिल्ला शिक्षा कार्यालय | ३० |
| | ३.१४. | नयां शहर आयोजना कार्यालय | ३२ |
| | ३.१५. | नापी कार्यालय | ३३ |
| | ३.१६. | जिल्ला निर्वाचन कार्यालय | ३४ |
| | ३.१७. | महिला तथा वालवालिका कार्यालय | ३४ |
| ४. | | आन्तरिक लेखापरीक्षण | ३६ |
| अनुसूची १ : | | लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क | ३७ |
| अनुसूची २ : | | बेरुजूको स्थिति | ३९ |
| अनुसूची ३ : | | जिम्मेवार पदाधिकारीको नामावली | ४० |

# लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानूनी व्यवस्था :** संविधानको धारा २४१ मा महालेखापरीक्षकले संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र कानुनद्वारा तोकिएका अन्य संस्थाको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी लेखापरीक्षण गर्नु पर्ने व्यवस्था छ । लेखापरीक्षण (संशोधन सहित) ऐन, २०४८ ले महालेखापरीक्षकले लेखापरीक्षण गर्ने निकायको सबै वा कुनै ईकाइ मात्र छनौट गरी आर्थिक कारोबारको विस्तृत वा आंशिक रुपमा परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, प्राप्त तथ्यहरु दर्साउन, त्यसमा आलोचना गर्न र राय सहितको प्रतिवेदन गर्न सक्ने व्यवस्था छ । संविधान, लेखापरीक्षण ऐन र अन्य कानुनद्वारा प्रदत्त व्यवस्था अनुरुप लेखापरीक्षण गरिएको छ ।

२. **उद्देश्य** : सार्वजनिक आर्थिक कारोबारमा स्वच्छता, पारदर्शिता, जवाफदेहिता, विश्वसनियता र अनुशासन प्रवर्धन गराउनु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ । लेखापरीक्षण गर्दा देहायका विषयको परीक्षण एवं विश्लेषणमा केन्द्रित गरिएको छ :

- विनियोजन, राजस्व र धरौटीको लेखा तोकिएको ढाँचामा राखेको र यथार्थ स्थिति चित्रण गरेको,
- स्वीकृत कार्यक्रम, बजेट र अख्तियारीको सीमा भित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्व लगायत समस्त आम्दानी, असूली एवं दाखिला र धरौटी आम्दानी कानुन सम्मत रहेको,
- सरकारी सम्पत्तिको अभिलेख, सुप्रबन्ध र संरक्षणको पर्याप्त व्यवस्था गरेको,
- नगदी, जिन्सी तथा सरकारी सम्पत्ति एवं स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको,
- आर्थिक कारोबार गर्दा प्रचलित कानुनको पालना गरेको एवं पुष्ट्याई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रम अनुसार निर्धारित समय भित्र प्रगति हासिल गरेको,

३. **क्षेत्र** : यस जिल्ला स्थित अनुसूची १ मा उल्लिखित सरकारी कार्यालय र समितिको २०७२।७३ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

४. **पद्धति :** संविधान, लेखापरीक्षण ऐन, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाई) द्वारा प्रतिपादित सिद्धान्त र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षणको क्रममा देहायका मानदण्ड एवं मार्गदर्शन प्रयोग गरिएको छ ।

| | |
|---|---|
| ● सरकारी लेखापरीक्षण नीति मानदण्ड,<br>● वित्तीय लेखापरीक्षण मार्गदर्शन,<br>● महालेखापरीक्षकको लेखापरीक्षण सम्बन्धी निर्देशन तथा परिपत्र,<br>● संयुक्त लेखापरीक्षण टोली सम्बन्धी निर्देशन,<br>● गुणस्तर आश्वस्तता निर्देशिका,<br>● आयोजना हिसाबको लेखापरीक्षण मार्गदर्शन,<br>● राजस्व लेखापरीक्षण मार्गदर्शन, | ● सार्वजनिक खरिद व्यवस्थाको लेखापरीक्षण मार्गदर्शन,<br>● प्रशासकीय खर्चको लेखापरीक्षण मार्गदर्शन,<br>● जिल्ला विकास समिति लेखापरीक्षण निर्देशिका,<br>● जोखिममा आधारित लेखापरीक्षण निर्देशिका,<br>● लेखापरीक्षकको आचारसंहिता,<br>● सार्वजनिक संस्थाका लेखापरीक्षकको लागि निर्देशन, |

वार्षिक योजना र कार्यक्रमको अधीनमा रही स्थलगत रुपमा लेखापरीक्षण गरी प्रतिवेदन गरिएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धिका लागि कार्यान्वयन चरणमा निरीक्षण, सुपरिवेक्षण तथा आचारसंहिता पालनाको अनुगमन गरी गुणस्तर आश्वस्तताको निमित्त सम्पादित कामको पुनरावलोकन गर्ने गरिएको छ ।

लेखापरीक्षण गरिने निकाय र कारोबारको छनौट गर्दा जोखिम मूल्याङ्कनको आधारमा स्वीकृत योजना र कार्यविधि अबलम्बन गरी अनुसूची १ बमोजिम १९ कार्यालयको विस्तृत र २९ कार्यालयको आन्तरिक लेखापरीक्षण तथा केन्द्रीय आर्थिक विवरणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ ।

# लेखापरीक्षण र बेरुजूको स्थिति

१. **लेखापरीक्षण :** यस जिल्लास्थित ४८ सरकारी कार्यालयको बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार समेत रु.६ अर्ब ७१ करोड २२ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क अनुसूची १ मा उल्लेख छ।

२. **बेरुजू :** आर्थिक कार्यविधि ऐन, २०५५ अनुसार प्रचलित कानुन बमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजूको रुपमा परिभाषित गरिएको छ।

यस वर्ष २३ कार्यालयको प्रारम्भिक प्रतिवेदनवाट कूल दफा २२५ र रु.५९ करोड १३ लाख ५८ हजार बेरुजू देखिएकोमा ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउन सम्बन्धित कार्यालयहरुलाई जानकारी गराइएको थियो। प्रतिवेदन अबधिसम्म ११ कार्यालयको प्रतिक्रियाबाट फछ्र्यौट र समायोजन भएका ३५ दफा र रु.१ लाख ३६ हजार मिलान भई २३ कार्यालयको दफा १९० र रु.५९ करोड १२ लाख २२ हजार बेरुजू बाँकी रहेको छ। लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएको दफा संख्यामा प्रतिकृयाबाट फछ्र्यौट एवं समायोजन गरी बाँकी दफा कायम गरिएको छ। लेखापरीक्षणको क्रममा रु.९५ हजार र प्रतिक्रियाबाट रु.२६ हजार समेत रु.१ लाख २१ हजार असुल भएको छ।

बाँकी बेरुजू मध्ये असुलउपर गर्नुपर्ने रु.१ करोड ४५ लाख ३६ हजार, अनियमित रु.३८ करोड २१ लाख १९ हजार र पेश्की रु.१९ करोड ३३ लाख ३२ हजार रहेको छ। यस सम्वन्धि विवरण अनुसूची २ मा उल्लेख छ।

३. **सुझाव :** तोकिएको प्रक्रिया अपनाई समयमै बेरुजू फछ्र्यौट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हो। प्राप्त अख्तियारीबमोजिम कार्यसञ्चालन गर्ने, जिम्मा लिने, खर्च गर्ने, लेखा राख्ने, बेरुजू फछ्र्यौट गर्ने गराउने, सरकारी नगदी जिन्सी असुलउपर गर्ने गराउने तथा दाखिला गर्ने र सरकारी कामको जिम्मा लिने व्यक्तिलाई कानुनले जिम्मेवार व्यक्ति तोकेको छ। बेरुजू औंल्याइएका कार्यालय र जिम्मेवार पदाधिकारीको नामावली अनुसूची ३ मा दिइएको छ।

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९८ अनुसार असुलउपर गर्नुपर्ने देखिएको बेरुजू जिम्मेवार व्यक्तिबाट समयमै असुलउपर गरी फछ्र्यौट गर्नुपर्दछ।

अनियमित बेरुजूको हकमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २१(२) र नियम १००(३) बमोजिम सरकारी हानि नोक्सानी भए नभएको यकिन गरी प्रचलित कानुनको रीत पुऱ्याउनुपर्नेमा रीतसम्म नपुगेको तर सरकारी हानि नोक्सानी नभएको अवस्थामा यथेष्ठ प्रमाण र मनासिब कारणसहित नियमित गरेर फछ्र्यौट गर्नुपर्दछ। तर सरकारी नगदी जिन्सीको हानि नोक्सानी भएको अवस्थामा जिम्मेवार व्यक्तिउपर नियमानुसार कारबाहीसहित हानि नोक्सानी भएको रकम असुलउपर गरी अनियमित बेरुजू फछ्र्यौट गर्नुपर्दछ। प्रमाण पेश नभएको अनियमित व्यहोरा सम्बन्धमा प्रमाण कागजात पेश गरी फछ्र्यौट गर्नुपर्दछ।

पेश्की बेरुजू अन्तर्गत म्याद नाघेको पेश्की आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ अनुसार कारबाही गरी र म्याद बाँकी रहेको पेश्कीको हकमा सम्झौता वा कबुलियतनामामा अनुसार फछ्र्यौट गर्नु गराउनुपर्दछ।

# कार्यालयगत लेखापरीक्षण व्यहोरा
## जिल्ला कृषि विकास कार्यालय

१. **समग्र खर्च तथा कार्यक्रम** : यो बर्ष १३ बजेट उपशीर्षकमा रु.५,४६,४२,०००।- बजेट व्यबस्था भएको मध्ये रु.५,३२,३७,०००।- खर्च गरेको देखिन्छ । उक्त खर्च मध्ये चालुतर्फ रु.४,८८,८७,०००।- र पूंजीगतर्फ रु.४३,५०,०००।- रहेको देखिन्छ । चालु खर्च मध्ये कृषि सम्बन्धी बिभिन्न कार्यक्रम, तालिम, अनुदान आदि कार्यमा रु.२,८४,६९,०००।- खर्च भएको देखिन्छ । कार्यक्रमहरुको उपलब्धि मापन गर्ने आधार नरहेको र कार्यक्रम सम्पन्न भएपछि त्यसबाट प्राप्त उपलब्धिको अनुगमन गरी कार्यक्रमको प्रभावकारिता मूल्यांकन गनें व्यबस्था रहेको देखिंदैन । यसरी ससाना इकाईमा सयौंको संख्यामा कार्यक्रम राख्ने, खर्च गर्ने र शतप्रतिशत प्रगति भएको विवरण पेश गर्ने तर त्यसको उपलब्धि सम्बन्धमा कुनै खोजविन तथा मूल्यांकन गरी सुधार गर्नुपर्दछ ।

२. **एकीकृत जलश्रोत व्यबस्थापन** : भूकम्प पीडित २०० जना कृषकलाई प्रति कृषक रु.६,०००।- मूल्यको सामान अनुदान स्वरुप दिने गरी रु.१२,००,०००।- बजेट व्यबस्था भएकोमा गोलभेडा तरकारी खेतीको लागि १०×६ मिटर साइजको प्लाष्टिक टनेल २०० थान, मल, सिड ट्रे, गोलभेडा बिऊ खरिद गरी उक्त रकम खर्च गरेको पाइयो । जिल्ला दैवीप्रकोप उद्धार समिति, बिभिन्न राजनीतिक दलका प्रतिनिधि आदिको उपस्थितिमा २०७३।२।१८ मा बसेको बैठकले उक्त सामग्रीहरु खरिद गरी वितरण गर्ने निर्णय गरेको छ । तर उक्त निर्णयमा गाउँ विकास समिति गत पीडित संख्या उल्लेख गरे तापनि पीडितको नाम ठेगाना उल्लेख छैन । यसरी अनुदान (राहत) वितरण गर्दा पीडितको नाम ठेगाना सहित निर्णय गर्नुपर्ने देखिएको छ ।

३. **कार्यक्रम संशोधन** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने क्रममा कार्यक्रम संशोधन गर्न आवश्यक ठानेमा मन्त्रालयको स्वीकृति लिनुपर्ने उल्लेख छ । यो बर्षको स्वीकृत कार्यक्रममा १५ वटा प्लास्टिक पोखरी निर्माण गर्न रु.३० हजारका दरले रु.४,५०,०००।- अनुदान दिने उल्लेख छ । जिल्ला कृषि विकास समितिको २०७२।१०।१० को निर्णयले ९ जना कृषकलाई रु.२८,५००।- का दरले रु.२,५६,०००।-, एक कृषकलाई रु.५७,०००।- र अर्को एक कृषकलाई रु.१,१४,०००। का दरले अनुदान वितरण गर्ने निर्णय गरेको देखियो । यसरी १५ जनालाई वितरण गर्नुपर्ने अनुदान ११ जनालाई वितरण गरेकोमा मन्त्रालयको स्वीकृति अनुसार कार्यक्रम संशोधन गर्नु पर्दछ ।

४. **कार्यकमगत खर्च खाता** : एउटा उपशीर्षक भित्र एक भन्दा बढी कार्यक्रम भएमा आन्तरिक नियन्त्रणको लागि कार्यकमगत खर्चं खाता राख्नुपर्ने व्यवस्था छ । कार्यालयले कार्यकमगत खर्च खाता नराखेको, कतिपय गोश्वारा भौचरमा कार्यकमको कम संख्या उल्लेख नगरेको, एक भन्दा बढी कार्यकमको रकम भुक्तानी दिएकोमा गोश्वारा भौचरमा कार्यकम वाईज रकम नखुलाई एकमुष्ठ रकम उल्लेख गरेको छ । कार्यकम खर्च खाता राख्नुपर्दछ ।

५. **आन्तरिक नियन्त्रण** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा खरिद गुरु योजना नबनाएको, कार्यसम्पन्न भए पश्चात समयमै पेश्की फछ्र्यौट नगरेको, समयमै पेश्की फछ्र्यौट नगरेको अबस्थामा फिर्ता दाखिला रकममा व्याज लिने नगरेको, दैनिक भत्ता तथा भ्रमण खर्चको बिल भुक्तानी गर्दा अनिवार्य रुपमा भ्रमण प्रतिवेदन संलग्न गर्नुपर्ने व्यबस्थाको कार्यान्वयन नभएको, वार्षिक खरिद योजना बनाएकोमा सो को कार्यानवयन नभएको, जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार गरेकोमा प्रतिवेदनमा उल्लेख भएबमोजिम पुराना सामानको मर्मत सम्भार र लिलाम बिक्री कार्य नभएको, चौमासिक रुपमा वार्षिक कार्यक्रम स्वीकृत गरी सोही बमोजिम लक्ष्य तोकी खर्च हुने नगरेको, खर्च भएका सबै बिल भरपाईहरुमा सिलसिलेवार नम्बर राखी अधिकार

प्राप्त अधिकारीबाट प्रमाणित गरी भुक्तानी भएको जनाउने छाप नलगाएको, उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको, बर्षैपिच्छे लेखापरीक्षणले औंल्याउदै आएको सुझाव कार्यान्वयन नगरेको, जस्ता व्यहोरा देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

## खानेपानी तथा सरसफाई डिभिजन कार्यालय

१. **अख्तियारी तथा कार्यक्रम** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ को उप-नियम (२) मा वार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी सम्बन्धित मन्त्रालयले आर्थिक बर्ष शुरु भएको १५ दिनभित्र सम्वन्धित कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। खानेपानी तथा ढल निकास बिभागबाट बिभिन्न उपशीर्षकमा २०७३ आषाढमा मात्र रु.४,२८,००,०००।- को थप अख्तियारी पठाएको पाइयो । यस वर्ष बोलपत्र/सिलवन्दी दरभाउपत्रको माध्यमबाट २७ खरिद सम्झौता भएको मध्ये दोश्रो चौमासिकमा ११ तथा तेश्रो चौमासिकमा १४ वटा र आषाढमा मात्र १३ वटा भएको देखिन्छ । यो बर्ष कूल पूंजीगत खर्च गरेको रु.१७,१६,०२।०००।- मध्ये प्रथम चौमासिकमा रु.१,६७,४४,०००।- (९.७६प्रतिशत), दोश्रो चौमासिकमा रु.१,२४,२४,०००। (७.२४ प्रतिशत), तेश्रो चौमासिकमा रु.१४,२०,४३,०००।- (८३.०१ प्रतिशत) तथा आषाढमा मात्र रु.९,०९,७९,०००।- (५३.०१ प्रतिशत) खर्च गरेकाले यसमा सुधार हुनुपर्दछ ।

२. **वार्षिक लक्ष्य तथा प्रगतिः** त्यस कार्यालयले यो बर्ष समग्रमा ८८.३९ प्रतिशत भौतिक प्रगति भएको जनाएको छ । किहुं खानेपानी, लौडारी भञ्ज्याङ्ग खानेपानी, खाल्टे खानेपानी, श्यामखोला खानेपानी, भिमाद खानेपानी योजना मिलनचोक खानेपानी, दुलेगौंडा खानेपानी योजनाहरुको वार्षिक बजेट पुरै खर्च गरेको अवस्थामा पनि भौतिक प्रगति ज्यादै न्यून रहेको छ । यथासमयमा खरिद प्रकृया टुङ्गो लगाई भौतिक प्रगति हासिल गर्न ध्यान दिनुपर्ने देखिन्छ ।

३. **सीमित प्रतिस्पर्धाः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६२ मा बोलपत्रदाताहरु बीच खरिद सम्बन्धी काम बांडफांड गर्न नहुने, स्वतन्त्र प्रतिस्पर्धाबाट बञ्चित गर्न नहुने, बोलपत्र पेश गर्नु अघि वा पछि मिलोमतो वा गुटबन्दी गर्न नहुने उल्लेख छ । यसबाट खरिद कार्यमा स्वच्छ र पारदर्शी व्यबस्था अपनाउनुपर्ने देखिन्छ । त्यस कार्यालयबाट यो बर्ष ठेक्का बन्दोवस्त भएका फिटिङ्गस तथा पाइप खरिदका निम्न ठेक्काहरुमा बोलपत्र बिक्री भएको तुलनामा न्यून संख्यामा बोलपत्र दर्ता भएको र लागत अनुमानको हाराहारीमा बोलपत्ररदरभाउपत्र स्वीकृत भएको देखिएको छ । जि.आई पाइप र फिटिङ्गस खरिद सम्बन्धी १४ वटा ठेक्कामा बोलपत्र/दरभाउपत्र दर्ता १ देखि ३ वटासम्म भै लागत अनुमानको तुलनामा .०२ देखि १.०१ प्रतिशत मात्र घटीमा सम्झौता भएको छ । यसबाट बोलपत्रदाताहरु बीच मिलेमतो पर्स्पिर्धात्मक विधि अपनाई खरिद कार्य गर्नुपर्दछ ।

४. **पाइप तथा फिटिङ्गस खरिद** : बिभिन्न खानेपानी योजनाहरुको लागि आवश्यकपर्ने पाइप तथा फिटिङ्गस, औजार, उपकरणहरु गरी पाइपको लागि रु.३,२१,६९,०५५।- र फिटिङ्गको लागि रु.२,०७,८५,०९१।- खर्च लेखेको छ । यो बर्षको स्वीकृत बार्षिक कार्यक्रम अनुसार पाइपको लागि रु.२,२९,१०,०००।- र फिटिङ्ग औजारको लागि रु.९५,३३,०००।- बजेट व्यबस्था भएको पाइयो । अन्य वजेट शीर्षकमा पाइप तथा फिटिङ्गसको बजेट स्पष्ट उल्लेख नभएकोले यकिन गर्न सकिएन । बार्षिक स्वीकृत कार्यक्रममा भन्दा पाइपतर्फ रु.९२,५९,०५५। र फिटिङ्गसतर्फ रु.१,१२,५२,०९१।- गरी जम्मा रु.२,०५,११,१४६।- मूल्यको सामान बढी खरिद गरेको सम्बन्धमा यकिन हुनुपर्दछ । आर्थिक बर्षको अन्तमा रु.७,४५,१५०।- मूल्यको पाइप र रु.४७,४६,४७५।- मूल्यको फिटिङ्गस, स्टीलपोल, समरसिवल पम्प, जेनेरेटर, वेल्डिङ्ग मेशिन आदि सोझै खरिद गरी मौज्दात राखेकोले नियमको व्यवस्था अनुसार खरिद प्रक्रिया अवलम्वन गर्नुपर्दछ ।

५. **खरिद** : बिभिन्न खानेपानी योजनाहरुको लागि यो बर्ष पाइप तथा फिटिङ्गसतर्फ बजेट व्यबस्था भएको भन्दा कतिपय योजनामा बढी र कतिपय योजनामा घटि हुने गरी खरिद गरेको छ। यसरी स्वीकृत बजेटभन्दा बढी/घटी हुने गरी खरिद गरेको उपयुक्त देखिएन।

६. **पाइप जडान** : खानेपानी योजनाहरुको लागि खरिद भएका पाइपहरु योजनाहरुमा जडान गर्न भनि उपभोक्ता वा निर्माण व्यवसायीले बुझिलगेपछि ती पाइपहरु योजनामा जडान भएको नापी किताबमा प्रबिष्ट हुनुपर्दछ। बिभिन्न ९ योजनाको लागि गएको रु.५१,६३,७८०।- मूल्यका पाइपहरु कार्यालयको जिन्सीबाट खर्च जनाई उपभोक्ता/निर्माण व्यवसायीलाई बुझाएकोमा कार्यालयबाट प्राप्त विवरण अनुसार योजनाको नापी किताबमा उक्त पाइपहरु जडान भएको नदेखिएकोले जडान भएको प्रमाण पेश हुनुपर्दछ।

७. **मौज्दात** : बिभिन्न खानेपानी योजनाको लागि आवश्यकपर्ने पाइप तथा फिटिङ्गसको मौज्दातलाई ध्यान दिई आवश्यकता निर्धारण गरी खरिद गर्नुपर्नेमा यो बर्ष खरिद गरी पाइपतर्फ रु.९३,१०,०००।- र फिटिङ्गस/औजारतर्फ रु.२०,५५,५६,०००।- मौज्दात राखेको देखिन्छ। पाइप तथा फिटिङ्गस खरिद गर्दा विगतको मौज्दात र यो बर्षको आवश्यकता विश्लेषण गरेको देखिएन। फिटिङ्गसतर्फ यो बर्ष खरिद गरेको मध्ये ९९.२२ प्रतिशत मौज्दात नै रहेको छ। फिटिङ्गसहरु बर्षको अन्तमा सिधै खरिद समेत गरेको छ। यसरी प्रयोग हुन नसक्ने अवस्थामा सार्वजनिक खरिद ऐन, नियमको व्यबस्था प्रतिकूल खरिद गरी मौज्दात राखेको उपयुक्त देखिएन।

८. **पूर्वनिर्धारित क्षतिपूर्ति** : व्यास नगरपालिकामा ढल निकास सम्बन्धी काम गर्नको लागि एक निर्माण व्यवसायीसंग २०७१।१०।१९ मा एक बर्षमा काम सम्पन्न गर्ने गरी मूल्य अभिवृद्धि कर समेत रु.११,३५,४७,६७०। को सम्झौता भएकोमा २०७३ आषाढ मसान्तसम्म पांचौं रनिङ्ग विलसम्मको रु.२,५८,२४,७२५। (२२.७४ प्रतिशत) भुक्तानी भएको छ। बिल रकमको ८५ प्रतिशत मात्र कार्यालयले व्यहोर्ने भएकोले खुद वित्तीय प्रगति २६.७५ प्रतिशत देखिन्छ। सम्झौताको म्याद २०७२।१०।१९ मा समाप्त भएकोमा महानिर्देशकबाट अन्तिम पटकको लागि भनी २०७३।२।१० को निर्णयले १५० दिन म्याद थप भएको छ। सो अनुसार २०७३।३।१९ सम्म मात्र म्याद थप भएकोले २०७३।३।३० मा पांचौं बिल भुक्तानी गर्दा सार्वजनिक नियमावली, २०६४ को नियम १२१ तथा खरिद सम्झौता बमोजिम १२ दिनको पूर्वनिर्धारित क्षतिपूर्ति रु.६,०२,९०८। कट्टा गर्नुपर्नेमा नगरेकोले उक्त रकम असुल हुनुपर्दछ।

९. **विल भरपाई** : सामाजिक परिचालनको जिम्मा पाएको एक संस्थालाई रु.६,१२,६९७- भुक्तानी दिएको छ। धारामा टांस्ने नम्वर प्लेट तयार गरेको भनि रु.२,८५,०००।- भुक्तानी दिएकोमा बिल वेगर नै भुक्तानी भएकोले उक्त रकम असुल हुनुपर्दछ।

१०. **पुनःस्थापना तथा पुनःनिर्माण** : जलदेवी पोखरीटार खानेपानी योजना आंबुखैरेनी १ मा पाइप लाइन निर्माण, पाईप ढुवानी, १२ घ.मि. पोखरी निर्माण गर्न रु.८,३९,७८५। को लागत अनुमान स्वीकृत भएकोमा कार्यालयले रु.४,०६,८८४।- (४८.४५ प्रतिशत) र उपभोक्ताको जनसहभागिता रु.४,३२,९०२।- (५१.५५प्रतिशत) व्यहोर्ने गरी २०७३।२।१७ मा उपभोक्ता समितिसंग २०७३।३।३० मा काम सम्पन्न गर्ने गरी सम्झौता भएकोमा कार्यसम्पन्न गरी रु.६,७४,४६०।- को बिल पेश गरेको छ। कार्यसम्पन्न रकमको ४८.४५ प्रतिशतले हुने रु.३,२६,७७६।- मात्र कार्यालयबाट खर्च लेख्नुपर्नेमा रु.३,८५,८५८।- खर्च लेखेकोले उपभोक्तालाई रु.५९,०८३।- बढी भुक्तानी भएको छ। उक्त रकम असुल हुनुपर्दछ।

११. **बढी भुक्तानी** : एक निर्माण व्यवसायीलाई रु.१२,६८,२३७- भुक्तानी दिई खर्च लेखेकोमा निजले योजनाको लागि कार्यालयबाट ७५० मिटर पाइप बुझिलिएको र त्यति नै परिमाण ढुवानी गरेको देखाएकोमा १००० मिटर जडान गरेको भनी जडान शुल्क भुक्तानी भएकोले बढी भुक्तानी भएको

२५० मिटरको प्रति मिटरको रु.१००।- का दरले मूल्य अभिवृद्धि कर समेत रु.२८,२५०।- असुल हुनुपर्दछ ।

ढकालगाउं खानेपानी तथा सरसफाई उपभोक्ता समिति पुर्कोट (स्कीम नं.१३) को खानेपानी निर्माणको लागि लागत अनुमान रु.१२,९८,३९३।- मध्ये उपभोक्ताको जनसहभागिता रु.३,६०,७५४।- र कार्यालयले रु.९,३७,६३९।- भुक्तानी गर्ने गरी र २०७३।१२।३० मा कार्यसम्पन्न गर्ने गरी २०७२।१०।१७ मा सम्झौता तथा कार्यादेश भएकोमा प्रथम रनिङ्ग बिल भुक्तानी गर्न प्राविधिकले नापी किताबमा रु.६,००,०३९।- सिफारिश भएकोमा रु.६,२१,०३९।- भुक्तानी गरेकोमा बढी भुक्तानी रकम रु.२१,०००।- असुल गरी दाखिला गर्नुपर्दछ ।

घारी तालबेसी खानेपानी तथा सरसफाई उपभोक्ता समिति ढोरफिर्दी (स्कीम नं.१) खानेपानी निर्माणको लागत अनुमान रु.१५,०३,१९७।- मध्ये कार्यालयले रु.११,०६,३७१।- र जनसहभागिता रु.३,९६,८२६।- हुने गरी उपभोक्ता समितिसंग सम्झौता भएकोमा उपभोक्ता समितिलाई रु.९,८२,५०४।- भुक्तानी गर्दा उक्त रकम कट्टा गरी उपभोक्ताले गर्ने काम वापतको रु.२,५९,३८१।- रकम कट्टा गरेको पाइएन ।

१२. **जनसहभागिता :** घारी तालबेसी खा.पा.तथा सरसफाई उपभोक्ता समिति ढोरफिर्दी (स्कीम नं.१) मा १५० घ.मि. पानीपोखरी बनाउने र पाइप लाइन ढुवानी गर्ने कार्यको लागि कार्यालय र उपभोक्ता समिति बीच २०७३।१।१० मा सम्झौता तथा कार्यादेश भएकोमा लागत अनुमान रु.२०,१०,०६६।- मध्ये सबै रकम कार्यालयले व्यहोर्ने गरी सम्झौता गरेको पाइयो । उपभोक्ता समिति मार्फत भएको काममा जनसहभागिता जुटाई निर्माण कार्य गर्नुपर्दछ ।

१३. **काम सम्पन्न** : घ्याम्पिङ्ग खोला खानेपानी योजनाको लागि लागत अनुमान रु.२९,१०,४७७।- भएकोमा उपभोक्ताको जनसहभागिता वेगर सम्पूर्ण रकम कार्यालयले व्यहोर्ने गरी उपभोक्ता समितिसंग २०७३।६।३० मा कार्यसम्पन्न गर्ने गरी २०७२।१२।२३ मा सम्झौता भएको देखियो । उक्त कार्यका लागि उपभोक्ता समितिलाई प्रथम तथा दोश्रो रनिङ्ग बिलबाट रु.१३,३९,०४०।- भुक्तानी गरेको छ । सोही योजनामा ठेक्का मार्फत समेत काम गराई एक निर्माण सेवालाई रु.२,२८,३२३।- भुक्तानी गरेको छ । उपरोक्त खानेपानी योजना २०७३।६।३० मा सम्पन्न हुनुपर्नेमा उपभोक्ता समितिले २०७३।८।१७ मा काम गर्न नसकिने भएकोले ठेक्का मार्फत गरी दिनु हुन भनी निवेदन गरेको देखियो । यस खानेपानी योजनाको लागि कार्यालयबाट हालसम्म रु.१५,६७,३६३।- खर्च भए पछि उपभोक्ता समितिले निर्माण सम्पन्न गर्न नसकिने जानकारी दिनु, उपभोक्ता समितिको जनसहभागिता नहुनु र लेखापरीक्षण अवधि २०७३।१०।८ सम्म पनि काम सम्पन्न नगरेकोले कार्यालयले खरिद प्रक्रिया छनौटमा कमी कमजोरी गरेको पाइयो । यसमा सम्बन्धित निकायको ध्यान जानुपर्ने देखिन्छ ।

१४. **निर्माण कार्यको बीमा :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक दश लाख रुपैयाँ भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण कार्य र सो कार्यमा संलग्न जनशक्तिको वीमा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले खानेपानी तथा सरसफाई गुणस्तर आयोजना अर्न्तगत ठेक्का व्यवस्था गरेका निर्माणकार्यहरुको लागि वि.ओ.क्युमा वीमाको लागि रु.४,१०,०००।- समावेश गरे तापनि बीमा नगराई निर्माण कार्य शुरु गरेको पाइयो । निर्माण कार्य शुरु गर्नु अघि अनिवार्यरुपमा वीमा गराउनु पर्दछ ।

१५. **दुलेगौंडा खानेपानी आयोजना :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा वाणिज्य वैंकवाट जारी भएको वैंक जमानत लिई पेश्की दिनुपर्ने व्यवस्था छ । खानेपानी तथा सरसफाई गुणस्तर आयोजना अर्न्तगत निर्माण व्यावसायीसँग २०७४।१।१८ सम्ममा कार्यसम्पन्न गर्ने गरी मूल्य अभिवृद्धिकर समेत रु.१,८५,२६,२१५।- को सम्झौता २०७२।११।१८ मा भएकोमा २०७३।७।१९

सम्मको बैंक जमानत लिई रु.१६,२२,०००।- मोविलाइजेशन पेश्की दिएकोमा पेश्की जमानतको म्याद समाप्त भएको र पेश्की फछ्र्यौट समेत नभएकोले उक्त पेश्की जोखिममा परेको छ। बैंक जमानतको म्याद थप हुनुपर्ने अन्यथा उक्त पेश्की असुल गर्नुपर्दछ।

१६. **अग्रिम कर** : आयकर ऐन, २०५८ को दफा ८८ अनुसार मुल्य अभिवृद्धि कर विजक तथा रु.५० हजार भन्दा वढीको भुक्तानीमा १.५ प्रतिशत अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ। खानेपानी तथा सरसफाई गुणस्तर आयोजना अर्न्तगत बिभिन्न ५ फर्मलाई रु.१०,६८,६१८। भुक्तानी गर्दा अग्रिम कर रु.१६,०१७- कट्टा नगरेकोले असुल गर्नुपर्दछ।

१७. **छड खरिद** : खानेपानी तथा सरसफाई गुणस्तर आयोजना अर्न्तगत एक सप्लायर्सवाट २१२९.९२ के.जी. रड खरिद गरी मूल्य अभिवृद्धि कर समेत रु.१,६६,८०९।- को विल पेश भएकोमा नापी किताव तथा कार्यसम्पन्न प्रतिवेदनमा १३८४.८० के.जी मात्र प्रयोग भएको देखिएकोले वाँकी ७५५.१२ के.जी.को प्रति के.जी रु.६९। का दरले रु.५८,१४४।- असुल गर्नुपर्दछ।

१८. **खानेपानी तथा सरसफाई कार्यक्रम** : मिलनचोक जरेवर खानेपानी आयोजनाको निर्माण कार्यको लागि कुल लागत अनुमान रु.४२,६०,७११।- स्वीकृत भई कार्यालयवाट रु.२६,५४,४८५।- र उपभोक्ता समितिवाट रु.१६,०६,२२५।- व्यहोर्ने गरी २०७३।८।२५ सम्म कार्यसम्पन्न गर्ने गरी २०७२।९।३ मा सम्झौता भएकोमा हालसम्म रु.३०८६४८५।-को काम भएकोमा रु.२३,८३,४३६।- भुक्तानी भएको छ।

१८.१. कार्यालय र उपभोक्ता समिति वीच भएको सम्झौता वमोजिम ६,००० रनिङ्ग मिटर एच.डि.पि.ई पाइप गाड्ने र ज्वाइन्ट गर्न सम्झौता भएकोमा दोस्रो रनिङ विल सम्म ७,१८० रनिङ्ग मिटर पाइप ढुवानी गरी लगेको देखिएकोले सम्झौतामा भन्दा वढी उपभोक्ता समितिलाई गएको १,१८० रनिङ्ग मिटर को रु.१,५०,७६४।- पाइप कार्यालयमा फिर्ता दाखिला हुनुपर्ने अन्यथा उपभोक्ता समितिवाट असुल गर्नुपर्दछ।

१८.२. आयकर ऐन, २०५८ को दफा ८८ अनुसार मूल्य अभिवृद्धि कर विजकको भुक्तानीमा १.५ प्रतिशत अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ। मिलनचोक जरेवर खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई दोस्रो रनिङ विल वापतको रु.१७,९८,३८७- भुक्तानी गर्दा एक कन्सट्रक्सनको रु.५,९७,७१४।- को मूल्य अभिवृद्धि कर विजक पेश भएकोमा १.५ प्रतिशतले हुने रु.७,९३४।- अग्रिम कर कट्टा गरेको नदेखिएकोले असुल गरी राजस्व खातामा दाखिला गर्नुपर्दछ।

१९. **भादगाँउ खानेपानी आयोजना** : खानेपानी सेवा नियमन तथा पुर्नस्थापना कार्यक्रम अन्तर्गत खानेपानी आयोजनामा जनसहभागिता रु.४,४४,७९२।- र कार्यालयले रु.१७,००,०००।- व्यहोर्ने गरी रु.२१,४४,७९२।- लागत अनुमान स्वीकृत भई २०७३ आषाढ मसान्तसम्म कार्यसम्पन्न गर्ने गरी उपभोक्ता समितिसंग २०७३।२।१७ मा सम्झौता भएकोमा रु.१९,२९,४३०।- को कार्य मूल्याङकन पेश भएको आधारमा जनसहभागिताको अंश २० प्रतिशतले हुने रु.३,८५,८८६।- कट्टा गरी रु.१५,४३,५४४।- मात्र भुक्तानी दिनुपर्नेमा कार्यालयवाट व्यहोर्ने रु.१७,००,०००।- नै भुक्तानी दिएकोले रु.१,५६,४५६।- वढी भुक्तानी दिएको छ

२०. **पेश्की** : वर्षान्तमा रु.४२,००,०००।- पेश्की फछ्र्यौट नभएकाले आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार असुल फछ्र्यौट गर्नुपर्दछ।

२१. **आन्तरिक नियन्त्रण** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ। आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा खरिद गुरु योजना नबनाएको, कार्यसम्पन्न भए पश्चात समयमै पेश्की फछ्र्यौट नगरेको, समयमै पेश्की फछ्र्यौट नगरेको अबस्थामा फिर्ता दाखिला रकममा व्याज लिने नगरेको, दैनिक भत्ता तथा भ्रमण खर्चको बिल भुक्तानी गर्दा अनिवार्य रुपमा भ्रमण प्रतिवेदन संलग्न गर्नुपर्ने व्यबस्थाको कार्यान्वयन

नभएको, जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार गरेकोमा प्रतिवेदनमा उल्लेख भएबमोजिम पुराना सामानको मर्मत सम्भार र लिलाम बिक्री कार्य नभएको, चौमासिक रुपमा वार्षिक कार्यक्रम स्वीकृत गरी सोही बमोजिम लक्ष्य तोकी खर्च हुने नगरेको, खर्च भएका सबै बिल भरपाईहरुमा सिलसिलेवार नम्बर राखी अधिकार प्राप्त अधिकारीबाट प्रमाणित गरी भुक्तानी भएको जनाउने छाप नलगाएको, उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको, बर्षैपिच्छे लेखापरीक्षणले औंल्याउदै आएको सुझाब कार्यान्वयन नगरेको, जस्ता व्यहोरा देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

## ग्रामीण तालिम केन्द्र

१. **विनियोजन खाता :** आयकर ऐन,२०५८ को दफा ८८(४) अनुसार १.५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्नेमा एक फर्मलाई मूल्य अभिवृद्धि कर समेत रु.२,२४,११४।- भुक्तानी गरेकोमा अग्रिमकर रु.१,९८३।- मात्र दाखिला गरेकोले नपुग कर रु.९९२।- असुल गरी राजस्व खातामा दाखिला गर्नुपर्दछ ।

२. **सीप विकास र जनचेतना तालिम :** यस शीर्षकवाट सीप विकास र जनचेतना तालिम तथा गोष्ठी सम्वन्धी तरकारी खेती तालिम, पशुपालन तालिम, विल्डिङ्ग इलेक्ट्रिसियन तालिम, र व्यूटिपार्लर लगायतका विभिन्न तालिम संचालन गरी रु.१२,७४,८१३।- खर्च गरेकोमा उक्त तालिमको लागि प्रशिक्षक नियुक्ति गर्दा निजहरुको योग्यता, अनुभव आदिको आधारमा रोष्टर तयार गरी अनुभव र योग्यता पुगेको प्रशिक्षक नियुक्त गरी तालिम संचालन गर्नुपर्नेमा सो नगरी सोझै नियुक्ति गरी तालिम संचालन गरेको छ । कार्यालयले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ मा भएको व्यवस्था वमोजिम प्रशिक्षकको मौजुदा सूची तयार गरी योग्यता र अनुभवको आधारमा नियुक्ति गरी तालिम संचालन गर्नुपर्ने देखिन्छ ।

३. **सीप विकास परियोजना :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ मा सार्वजनिक निकायले विभिन्न खरिद सम्वन्धी सूचनाको अभिलेख राख्ने प्रयोजनको लागि आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवाप्रदायकको छुट्टाछुट्टै मौजुदा सूची (स्टान्डिङ लिस्ट) तयार गर्नुका साथै आवश्यकपर्ने योग्यता निर्धारण गर्नुपर्ने उल्लेख छ । कार्यालयले विभिन्न किसिमका सीपमूलक तालिम सँचालन गर्नका लागि योग्यता पुगेका र अनुभवी मध्येवाट रोष्टर प्राप्त गरी प्रशिक्षिक छनौट गर्नुपर्नेमा सो अनुसार मौजुदा सूची तयार नगरी सोझै ११ जनालाई तालिम प्रशिक्षकमा नियुक्ति गरी रु.१०,१४,२२५।- प्रशिक्षक भत्ता भुक्तानी दिएको देखियो । प्रशिक्षक नियुक्ति गर्दा १।२ बर्ष अगाडि मात्र सीप परीक्षण परीक्षा उत्तिर्ण गरेका व्यक्तिलाई नियुक्ति गरेको छ । प्रशिक्षक नियुक्ति गर्ने सम्वन्धमा कुनै नर्म्स मापदण्ड तथा आधार तय गरेको पाइएन । त्यस केन्द्रवाट २०७२।०७३ मा तालिम प्राप्त गरेका तह १ का २७६ जना मध्ये ९२ जना ३३.३३ प्रतिशत सीप परीक्षणमा अनुत्तिर्ण भएका र तह २ का १३७ जना मध्ये ७९ जना (५७.६६ प्रतिशत) अनुत्तिर्ण भएको देखियो । यस सम्वन्धमा प्रशिक्षक नियुक्ति गर्दा ध्यान जानुपर्ने देखिन्छ ।

४. **मूल्य अभिवृद्धि कर दर्ता :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ अनुसार सार्वजनिक निकायले रु.५ हजार भन्दा माथिको मालसामान खरिद गर्दा आन्तरिक राजस्व कार्यालयवाट स्थायी लेखा नम्वर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, सँस्था वा कम्पनीवाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले रु.५ हजार भन्दा बढीको मालसामान समेत मूल्य अभिवृद्धि करमा दर्ता नभएका फर्मसंग खरिद गरी रु.३,०३,७९५।- खर्च भुक्तानी गरेको छ । नियममा भएको व्यबस्थाको पालना गर्नुपर्दछ ।

५. **तालिम सामाग्री :** तालिम संचालन गर्दा आवश्यकपर्ने तालिम सामग्री र परिमाण सम्बन्धमा नर्म्स, मापदण्ड स्वीकृत गराएको पाइएन । तालिम सम्वन्धी कार्यक्रम प्राप्त गरेपछि तालिमगत सामग्रीको विवरण तथा लागत अनुमान तयार गरी सार्वजनिक खरिद ऐन/नियमावलीको प्रावधान अनुरुप

वोलपत्र/सिलवन्दी दरभाउपत्रको माध्यमवाट खरिद गर्नुपर्नेमा सो अनुरुप नगरी पटकपटक गरी सोझै गरेको पाइयो । यो वर्ष सीप विकास आयोजनातर्फको मात्र विभिन्न ५ प्रकारको तालिमको लागि रु.२०,६०,९०८।- को तालिम सामग्री खरिद गरेकोमा सोझै खरिद नगरी नियम अनुसार खरिद कार्य गर्नुपर्दछ ।

६. **आर्जन खाता :** आर्जन खातातर्फ कृषि आम्दानी रु.१,४४,०६४।- देखाएकोमा कार्यालय कम्पाउण्डमा तरकारी खेती, कुखुरापालन आदि र तालिमको सिलसिलामा खरिद भएका सामग्री खर्च गर्ने गरेकोमा के कति उत्पादन भयो के कति विक्री भयो सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ ।

७. **आन्तरिक नियन्त्रण** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । अनुगमन मूल्याङ्कनको प्रतिवेदन लिने नगरेको, विल भर्पाइमा भुक्तानीको छाप नलगाएको, भुक्तानीका विल भर्पाइको सिलसिलेवार नम्वर राखी पंजिका नवनाएको जस्ता कमि कमी कमजोरी देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

## घरेलु तथा साना उद्योग विकास समिति

१. **दायित्व सृजना** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी बढी खर्च हुने गरी दायित्व सृजना गर्न नहुने र दायित्व सृजना गर्नुपर्ने भएमा भुक्तानी दिनुपर्ने बांकीको कच्चावारी(म.ले.प.फा.नं.१८) प्रमाणित गराई राख्नुपर्ने व्यबस्था छ । भुक्तानी दिन बांकीको विवरणवेगर एक कर्मचारीलाई २०७२ आषाढ महिनाका तलब/भत्ता रु.३२,७९७- भुक्तानी गरेको नियमित गर्नु पर्ने देखिन्छ ।

२. **मोविलाईजेशन पेश्की** : कार्यालय भवन निर्माणका लागि एक निर्माण व्यवसायीसंग रु.१,९८,२९,८९५।- को सम्झौता भएकोमा उक्त सम्झौतामा मोविलाइजेशन पेश्की दिने व्यबस्था राखेको देखिएन । सम्झौतामा व्यबस्था नगरी रु.१७,५०,०००।- पेश्की दिएको नियमित नदेखिएको र उक्त पेश्की बांकी नै रहेकोले असुल फछ्र्यौट गर्नुपर्दछ ।

३. **आन्तरिक नियन्त्रण** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरि आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा खरिद गुरु योजना नबनाएको, कार्यसम्पन्न भए पश्चात समयमै पेश्की फछ्र्यौट नगरेको, समयमै पेश्की फछ्र्यौट नगरेको अबस्थामा फिर्ता दाखिला रकममा व्याज लिने नगरेको, दैनिक भत्ता तथा भ्रमण खर्चको बिल भुक्तानी गर्दा अनिवार्य रुपमा भ्रमण प्रतिवेदन संलग्न गर्नुपर्ने व्यबस्थाको कार्यान्वयन नभएको,, जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार गरेकोमा प्रतिवेदनमा उल्लेख भएबमोजिम पुराना सामानको मर्मत सम्भार र लिलाम बिक्री कार्य नभएको, जिन्सी खातामा रहेका केही सामानको मूल्य नखुलाई आम्दानी बाँधेको, जिन्सी खाता अद्यावधिक र प्रमाणित नगरेको, चौमासिक रुपमा वार्षिक कार्यक्रम स्वीकृत गरी सोही बमोजिम लक्ष्य तोकी खर्च हुने नगरेको, खर्च भएका सबै बिलभरपाईहरुमा सिलसिलेवार नम्बर राखी अधिकार प्राप्त अधिकारीबाट प्रमाणित गरी भुक्तानी भएको जनाउने छाप नलगाएको, उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको, कार्यक्रमगत खाता नराखेको, बर्षैपिच्छे लेखापरीक्षणले औल्याउदै आएको सुझाब कार्यान्वयन नगरेको, जस्ता व्यहोरा देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

## जिल्ला विकास समितिको कार्यालय

१. **आन्तरिक नियन्त्रण** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा खरिद गुरु योजना नबनाएको, कार्यसम्पन्न भए पश्चात समयमै पेश्की फछ्र्यौट नगरेको, समयमै पेश्की

फछ्र्यौट नगरेको अबस्थामा फिर्ता दाखिला रकममा व्याज लिने नगरेको, दैनिक भत्ता तथा भ्रमण खर्चको बिल भुक्तानी गर्दा अनिवार्य रुपमा भ्रमण प्रतिवेदन संलग्न गर्नुपर्ने व्यबस्थाको कार्यान्वयन नभएको, जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार गरेकोमा प्रतिवेदनमा उल्लेख भएबमोजिम पुराना सामानको मर्मत सम्भार र लिलाम बिक्री कार्य नभएको, जिन्सी खातामा रहेका केही सामानको मूल्य नखुलाई आम्दानी बाँधेको, जिन्सी खाता अद्यावधिक र प्रमाणित नगरेको, चौमासिकरुपमा वार्षिक कार्यक्रम स्वीकृत गरी सोही बमोजिम लक्ष्य तोकी खर्च हुने नगरेको, खर्च भएका सबै बिल भरपाईहरुमा सिलसिलेवार नम्बर राखी अधिकार प्राप्त अधिकारीबाट प्रमाणित गरी भुक्तानी भएको जनाउने छाप नलगाएको, उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **बैक मौज्दात** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४३(५) अनुसार जिल्ला विकास समितिको कार्यालयले आफ्नो आम्दानीको रकम आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सारी लेखा राख्नुपर्ने व्यवस्था छ । यो वर्ष कार्यालयले आर्थिक वर्षको अन्त्यमा स्रेस्ता अनुसार रु.७,६७,१८,८६५।- बैंक मौज्दात रहेकोमा बैंक विवरण अनुसार रु.६,७९,५९,५२५।- देखिएकोले रु.८७,५९,३४०।- घटी देखिएको छ । यसरी बैंक रकम घटी भएकोमा बैंक समायोजन हिसाब तयार नगरेकोले मौज्दात रकम यकिन हुन सक्ने देखिएन । बैंक मौज्दात घटी देखिएको सम्बन्धमा बैंक हिसाव मिलान विवरण तयार गरी टुंगो लगाउनुपर्ने देखिएको छ ।

३. **गत वर्षको जिम्मेवारी** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४३(५) अनुसार आर्थिक वर्षको अन्त्यमा खर्च नभई बांकी रहेको रकम आगामी वर्ष जिम्मेवारी सार्नुपर्ने व्यवस्था छ । यो वर्ष कार्यालयले कोषतर्फ गत वर्षको मौज्दातभन्दा रु.१,६०,०००।- घटी जिम्मेवारी सारेको छ । घटी जिम्मेवारी सारेको सम्बन्धमा छानबिन गरी यकिन गर्नुपर्ने देखिएको छ ।

४. **आन्तरिक लेखापरीक्षण** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५८(त्र) अनुसार गठित आन्तरिक लेखापरीक्षण शाखाले जिल्ला विकास समिति र गाउं विकास समितिको आन्तरिक लेखापरीक्षण मासिकरुपमा गर्ने व्यवस्था छ । सो शाखाले कार्यालयको कारोबारको नियमित रुपमा आन्तरिक लेखापरीक्षण नगरी वर्षको अन्त्यमा मात्र गर्ने गरेको छ । कार्यालय अन्तर्गतका विषयगत कार्यालय र गाउं विकास समितिको पनि मासिकरुपमा लेखापरीक्षण गरेको देखिएन । तोकिएअनुसार आन्तरिक लेखापरीक्षण नियमित रुपमा गराई आन्तरिक नियन्त्रण प्रणाली भरपर्दो बनाउनुपर्दछ ।

५. **स्थानीय निकायको लेखापरीक्षण** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ६९(२) मा जिल्ला विकास समितिले स्वीकृत गरेको लेखापरीक्षकबाट गाउँ विकास समितिको अन्तिम लेखापरीक्षण हुने व्यबस्था बमोजिम जिल्ला विकास समितिको कार्यालयले ३७ गाउँ विकास समितिको अन्तिम लेखापरीक्षण गर्न २०७३।८।२० मा लेखापरीक्षकहरु नियुक्ति गरेको पाइयो । अन्तिम लेखापरीक्षण गरी २०७३।१०।२८ सम्म १२ गाउँ विकास समितिको प्रतिवेदन प्राप्त भएको र २५ गाउँ विकास समितिको प्रतिवेदन प्राप्त हुन बाँकी नै रहेको पाइयो । समयमै लेखापरीक्षक नियुक्ति गरी प्रतिवेदन प्राप्त गर्नुपर्ने देखिएको छ ।

६. **गा.वि.स.को बेरुजू लगत र सम्परीक्षण** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५८(ज) मा गाउं विकास समितिको बेरुजू लगत समय समयमा निरीक्षण गरी नियमावली अनुसार फछ्र्यौट भएको बेरुजूको सम्परीक्षण गरी दिने र असुलउपर गर्न बांकी बेरुजू सम्बन्धमा असुल उपर गर्न लगाउने उल्लेख छ । कार्यालयको आन्तरिक लेखापरीक्षण शाखाले गाउं विकास समितिहरुको २०७१।७२ सम्मको अन्तिम लेखापरीक्षण प्रतिवेदन अनुगमन गरी सम्परीक्षण गरेको छैन । खर्चको नियमितता र पारदर्शिता बनाउन समयमै सम्परीक्षण गर्न लगाउनुपर्दछ ।

७. **तलवी प्रतिवेदन** : स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २५७(२) मा स्थानीय निकायले आफ्नो कर्मचारीहरुको वार्षिक तलवी प्रतिवेदन सम्वन्धीत परिषदवाट पारित गराउनुपर्ने र नियम (३) मा उपनिय (२) वमोजिम तलवी प्रतिवेदन पारित नगराई तलव भत्तामा खर्च लेख्न नहुनेमा तलवी प्रतिवेदन पारित नगराई रु.६४,५३,१०९।- खर्च लेखेको छ ।

८. **सम्भाव्यता अध्ययन** : स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम १९९ मा एकीकृत योजना तर्जुमा समितिबाट सिफारिस भई आएका जिल्ला विकास आयोजनालाई अन्तिम रुप दिनुअघि जिल्ला विकास समितिले नेपाल सरकारबाट प्राप्त नीति, मार्गदर्शन, आवधिक योजनाको लक्ष्य र उपयोग नक्सा, गुरुयोजना, वस्तुगत विवरण, स्रोत नक्सा, कार्यक्षमता, कार्यदक्षता, वातावरणीय प्रभाव र इलाका इलाका बीचको सन्तुलन आदि बारेको विश्लेषण गर्नुपर्ने व्यवस्था छ । कार्यालयले योजनाहरु नियमको व्यवस्था अनुसार सम्भाव्यता अध्ययन लगायतका नियमले व्यवस्था गरेका प्रावधानहरु पूरा नगरी योजना सञ्चालन गरेकोले योजनाको दिगोपन र लगानीको प्रतिफल विचार नगरी अनियमित तवरबाट योजना सञ्चालन गरेको छ ।

९. **आन्तरिक आय** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २१५, २१६, २१७ र २१८ मा जिल्ला विकास समितिले कर, दस्तुर, सेवा शुल्क र बिक्रीबाट आय आर्जन गर्न सक्ने व्यवस्था छ । ऐनमा भएको उक्त व्यवस्थाअनुसार कार्यालयले यो वर्ष कर, दस्तुर, सेवा शुल्क, बिक्रीबाट रु.४,०२,९७,४२६।- आम्दानी गरेको छ । स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २१५, २१६, २१७ र २१८ मा जिल्ला परिषदमा पारित दरमा स्थानीय कर , सेवाशुल्क , दस्तुर लगाउन पाउने व्यवस्था छ । वातावरण संरक्षण ऐन , २०५३ को दफा ३ मा तोकिएका विषय सम्वन्धी प्रस्तावको कार्यान्वयन पुर्व प्रारम्भिक वातावरणीय परिक्षण गर्नुपर्ने व्यवस्था छ । यस वर्ष पनि कार्यालयले परिमाण नियन्त्रण नगरी ढुंगा, बालुवा, गिट्टी, ग्राभेल आदिको ठेक्काबाट रु.१,८५,५०,७६६।- असुल गरेको छ । व्यवस्थापिका संसदको प्राकृतिक श्रोत र साधन समितिको अध्ययन प्रतिवेदन, २०६६ तथा सर्वोच्च अदालतवाट २०६७।४।२१ मा ढुङगा, गिट्टी, वालुवा, झिक्न दिंदा वातावरणीय सन्तुलन नविग्रनेगरी निश्चित परिमाण र क्षेत्र तोकी ठेक्का व्यवस्थापन गर्ने आदेश भएको छ । लेखापरीक्षणको क्रममा ३ ठेक्काको परीक्षण गर्दा वातावरणीय परीक्षण प्रतिवेदनमा तोके अनुसार १,४४,४०८ घन मिटर ढुङ्गा, गिट्टी, वालुवा तथा ग्राभेल निकाल्नका लागि ठेक्का लगाएकोमा निकासी परिमाण निश्चित गरेको छैन । परीक्षण गरिएका ३ वटा ठेक्का मध्ये ठेक्का नम्वर २१ मा प्रति घ.मी. रु.१३५।४४, ठेक्का नम्वर २२ मा रु.२१३।४७ र ठेक्का नम्वर ३४ मा प्रति घन मिटर रु.८।६० का दरले सम्झौता भएको प्रति घन मिटर रु.७०। न्यूनतम दररेट निर्धारण गरेकोमा प्रति घन मिटर रु.८।६० मा ठेक्का दिएकोले रु.३६,७६,३२५।- कम आय प्राप्त भएको देखियो । यसो हुनुको कारण सम्बन्धमा छानविन हुनुपर्दछ ।

१०. **अनुदान खर्च** : स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९को नं. ६० अनुसार जिल्ला विकास समितिले गाउं विकास समिति मार्फत कार्यक्रम वा आयोजना कार्यान्वयन गर्न निकासा गरेको सशर्त अनुदान नियम ५४ अनुसार आर्थिक अनुशासन कायम राख्न गाउं विकास समितिमा निकासा हुने रकमको नियमित अनुगमन गरी समितिको कार्यक्रम, बजेट, वित्तीय र भौतिक प्रगति प्रतिवदन तथा लेखापरीक्षण प्रतिवेदन लिनुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न कार्यक्रम सञ्चालनको लागि सशर्त अनुदान स्वरुप जिल्ला विकास समिति पूंजीगत खाताबाट गाउं विकास समिति र नगरपालिकालाई खातामा रु.रु.४०,३५,०००।- सारेको छ । अनुदान दिएको रकमको अनुगमन प्रतिवेदन र भौतिक प्रगति प्रतिवदन तथा लेखापरीक्षण प्रतिवेदन प्राप्त गरी अनुगमन गर्नुपर्दछ ।

११. **सीमा नघाई खर्च** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५५ मा स्वीकृत बजेटको परिधिभित्र रही ऐन वमोजिम कर, शुल्क, सेवा शुल्क, दस्तुर र भाडाबाट उठाएको कुल रकमको पच्चीसलाख रुपैंयासम्म आम्दानी हुने जिल्ला विकास समितिले अधिकतम साठी

प्रतिशत, पच्चीस लाख देखि पचास लाख रुपैंयासम्म आम्दानी हुनेले अधिकतम चालीस प्रतिशत, पचास लाख देखि एक करोड रुपैंयांसम्म आम्दानी हुनले तीस प्रतिशत र एक करोड रुपैंया वढी भन्दा आम्दानी हुने जिल्ला विकास समितिले पच्चीस प्रतिशत भन्दा बढी रकम प्रशासनिक कामको लागि खर्च गर्न नपाइने व्यवस्था छ । कार्यालयले यो वर्ष आन्तरिक आयबाट रु.४,०२,९७,४२६।- प्राप्त गरेकोमा उक्त नियम अनुसार २५ प्रतिशतले हुने रु.१,००,७४,३५७- सम्म प्रशासनिक कार्यमा खर्च गर्न सकिनेमा रु.२,३४,२७,३८८।-खर्च गरेकोले तोकिएको सीमाभन्दा रु.१,३३,५३,०३१।- बढी खर्च गरेको छ । सीमा भित्र रही खर्च गर्नुपर्दछ ।

१२. **असुली नगरेको** : कार्यालयले बिभिन्न आय ठेक्काका व्यवसायीहरुबाट गत विगत वर्षसम्मको रु.५२,९५,५५६।- सेवा शुल्क, कर दस्तुर र बिक्री बापतको रकम असुल नगरेकोले कानून बमोजिम कारवाही गरी असुल गर्नुपर्दछ

१३. **लक्ष्य प्रगति** : जिल्ला विकास समितिको परिषदको निर्णय अनुसार २०७२।०७३ मा ४ शीर्षकमा रु.४,८३,५५,३००।- आय प्राप्त गर्ने लक्ष्य राखेकोमा रु.३,०६,६६,१५६।- (६३.४१ प्रतिशत) आय प्राप्त भएको देखिएकोले लक्ष्य प्राप्त गर्नुपर्नेतर्फ ध्यान जानुपर्ने देखिन्छ ।

१४. **जिल्ला विकास कोष (चालु)** : स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २६३ मा स्थानीय निकायमा कर्मचारीले आफ्नो धर्म, संस्कृति, परम्परा अनुसार मनाउने चाडपर्व खर्चको लागि आफूले खाइपाई आएको एक महिनाको तलव बरावर प्रत्येक बर्ष चाडपर्व खर्च लिन पाउने व्यवस्था छ । सोही व्यवस्था अनुसार जिल्ला विकास समितिको (जिल्ला विकास समिति कोषतर्फ, प्रशासन अनुदानतर्फ, निजामतीतर्फ र जिल्ला प्राविधिक कार्यालयतर्फ) सबै कर्मचारीलाई एकपटक चाडपर्व खर्च वापत जिल्ला विकास समिति अनुदान बजेट उपशीर्षकवाट लिइसकेको अवस्थामा जिल्ला विकास समिति कोषबाट पुनः एक महिना वरावरको चाडपर्व खर्च भुक्तानी गरेको देखिन्छ । यसका अतिरिक्त मासिकरुपमा आवास, ईन्धन, खाजा तथा परिवहन खर्च समेत जिल्ला परिषदको निर्णय अनुसार रु.४०,८६,७४५।- खर्च लेखेको छ । जिल्ला विकास समितिको आन्तरिक आयको २५ प्रतिशतको सीमा भित्र प्रशासनिक खर्च नरहेको देखिएको छ । यसरी पूंजीगत काममा खर्च गर्नुपर्ने रकमबाट कर्मचारीको सुविधा वृद्धि गरेको कानूनसम्मत देखिएन ।

१५. **कार्यसम्पन्न प्रतिवेदन** : बिभिन्न साइजको एच.डि.पि.ई.पाइप २५६४० मिटर खरिद गरी २०७३।३।१० मा रु.९,९९,७०७- भुक्तानी दिएको छ । उक्त पाइपहरु खरिद गरी उपभोक्ताहरुलाई वितरण गरेको सम्म देखियो । यसरी सोझै प्रकृयाहरु खरिद गरी वितरण भएकोमा खरिद प्रकृया अनियमित देखिनुको साथै उक्त पाइपहरु सम्बन्धित योजनामा प्रयोग भएको नापी किताब र कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्दछ ।

१६. **विद्युत् विकास कोष** : बरालुवेसी विद्युत् उपभोक्ता समितिसंग भएको सम्झौता बमोजिम विद्युतीकरणको लागि आवश्यक सामान समेतको रु.८,०८,०६८।- भुक्तानी दिएको छ । विद्युतीकरणको लागि आवश्यक सामानहरु विद्युत् पोल, तार आदि जिल्ला विकास समितिको कार्यालयले खरिद गर्ने र ढुवानी जडान आदि कार्य उपभोक्ता समिति मार्फत गराउने नीति लिए अनुसार योबर्ष २ पटक बोलपत्र मार्फत रु.४,१६,५९,०३८।- को विद्युत् सामग्री खरिद गरेको छ । उक्त सामान समेत उपभोक्ता समितिले खरिद गर्ने गरी सम्झौता गरेको कारण बोलपत्रबाट प्राप्त सामानको मूल्य भन्दा ११ आइटममा रु.३,९०,५८५।- बढी खर्च हुन गएको छ । बोलपत्रदातासंग भएको सम्झौतामा सम्झौता रकमको १५ प्रतिशतसम्म थप सामग्री साविककै दररेटमा खरिद गर्न सकिने गरी सम्झौता भएकोले उपभोक्ता समितिलाई उपलव्ध गराउने सामान समेत बोलपत्र दरमा खरिद गर्न सकिने अवस्था हुंदाहुंदै सो नगरी बढी दरमा खरिद गरी थप व्ययभार पारेको सम्बन्धमा आवश्यक कारवाही हुनुपर्दछ ।

१७. **जिन्सी** : जिल्ला विकास समितिबाट सञ्चालित बिभिन्न विद्युतीकरण सम्बन्धी योजनाको लागि आवश्यक विद्युत् सामग्री खरिद गरी यो बर्ष रु.४,१६,५९,०३८।- मध्ये रु.१,८९,८३,३१३।- मूल्यका सामग्रीहरु खर्च लेखी जिन्सी मौज्दातबाट घटाएको छ । यसरी जिन्सीबाट घटाएको र योजनाको कार्यसम्पन्न प्रतिवेदनमा प्रयोग भएको नदेखिएको सम्बन्धमा छानविन गरी यकिन हुनुपर्दछ ।

१८. **सडक बोर्ड** : यस वर्ष ८ परियोजना सञ्चालनार्थ सडक वोर्ड नेपालको रु.५२,००,०००।- र जिल्ला विकास समिति अनुदानबाट रु.१८,००,०००।- समेत रु.७०,००,०००।- बजेट विनियोजन भएको देखिन्छ। तर कार्यालयले ८ मध्ये ४ योजनामा रु.२८,८०,०००।- र गत आर्थिक वर्षमा सञ्चालित ७ योजनाहरुमा रु.३४,५६,०००।- र समेत रु.६३,३६,०००।- खर्च गरेको देखिन्छ । यस आर्थिक वर्षमा ४ योजना सञ्चालन भए गरेको पाइएन । तसर्थ लक्षित कार्यक्रमहरु समयमै सञ्चालन गरी समयमै भुक्तानी गर्ने व्यवस्था गर्नुपर्दछ ।

१९. **गत विगतको भुक्तानी** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६० बमोजिम अनुसूची-२४ को ढाँचामा भुक्तानी गर्न बाँकी रकम आर्थिक वर्षको अन्त्यमा प्रमाणित गराई राख्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष भुक्तानी दिन बाँकीको कच्चावारी बेगर गत आर्थिक वर्ष सम्पन्न भएका कार्यक्रमको रु.३४,५६,०००।- भुक्तानी गरेको नियमित देखिएन ।

२०. **अग्रिम कर** : आयकर ऐन, २०५८ दफा ८८(१) अनुसार भुक्तानीमा १.५ प्रतिशत अग्रिम कर कट्टी गर्नुपर्नेमा मूल्य अभिवृद्धि कर समेत रु.१०,३७,४३३।- को विल पेश भएकोमा अग्रिम कर १३,७७२। कट्टा हुनुपर्नेमा रु.७९५१।- मात्र कट्टी भई छुट रु.५,८२१।- असुल उपर गर्नुपर्दछ ।

२१. **फिनिडा म्याचिङ्ग फण्ड** : कार्यालयले उपभोक्ता समितिसंग भएको सम्झौतानुसार जिल्ला विकास समिति आन्तरिक श्रोत, नेपाल सरकार अनुदान, बैदेशिक श्रोत र म्याचिङ्ग फण्डबाट सम्झौतामा तोकेको अनुपातमा भुक्तानी गर्नुपर्नेमा जिल्ला विकास समिति आन्तरिक श्रोत, नेपाल सरकार श्रोत र म्याचिङ्ग फण्डबाट गर्नुपर्ने रु.२९,४१,९०६।- म्याचिङ्ग फण्डमात्र भुक्तानी भएको देखियो । यसरी म्याचिङ्ग फण्डबाट बढी खर्च गर्दा विनियोजित बजेट फ्रिज हुने तर जिल्ला विकास समितिको आन्तरिक श्रोतबाट अन्य काम गर्न सकिनेमा सो नभएको देखियो । तसर्थ यस्ता कार्यक्रम सञ्चालनमा सम्झौतानुसारको श्रोतबाट खर्च गर्नुपर्दछ ।

२२. **भारतीय सहयोग** : दीपक माध्यमिक विद्यालय, गजरकोटमा विद्यालय भवन निर्माणको लागि निर्माण व्यवसायीसंग सम्झौता भए अनुसार २०७३।३।८ मा पहिलो किस्ता रु.१९,००,०००।- र २०७३।३।२० मा दोश्रो किस्ता रु.१९,००,०००।- समेत रु.३८,००,०००।- मोविलाइजेशन पेश्की दिएको छ । दोश्रो किस्ता पेश्की दिनु अगावै रु.निर्माण साईट क्याम्प स्थापना गरेको, बीमा गरेको, जनशक्ति र निर्माण सामग्री आपूर्ति भएको खुल्ने कागजात र अद्यावधिक कार्यतालिका संलग्न गर्नुपर्ने व्यबस्था रहेकोमा सम्झौताको शर्त पूरा नगरी दोश्रो किस्ता पेश्की दिएको छ ।

२३. **शान्ति समिति** : कार्यालयले कार्यक्रम संचालनार्थ सम्वन्धित गाउँ विकास समितिलाई भुक्तानी दिई सो खर्चको अनुगमन र कार्यक्रमको प्रगति प्रतिवेदन प्राप्त गरी तालुक कार्यालयमा पठाउनुपर्ने उल्लेख छ। कार्यालयले यो वर्ष रु.८,०६,६००।- सम्वन्धित गाउँ विकास समितिको खातामा जम्मा गरी खर्च लेखेकोमा उक्त खर्चको अनुगमन गरी कार्यसम्पन्न प्रतिवेदन लिएको देखिएन । अतः अनुगमन गरी प्रतिवेदन प्राप्त गर्नुपर्दछ ।

२४. **कर्मचारी कल्याण कोष** : यस शीर्षकबाट एक कर्मचारीलाई रु.३,००,०००।- बजेट खर्च जनाई सापटी दिएकोमा उक्त सापटी रकम फिर्ता प्राप्त हुनुपर्दछ ।

२५. **योजना सञ्चालन** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६ को उपनियम (१) मा जिल्ला परिषद्बाट स्वीकृत कार्यक्रम र बजेटको सीमाभित्र रही अधिकार प्राप्त अधिकारीले विषयगत क्षेत्रको काममा खर्च गर्ने अख्तियारी दिनुपर्ने उल्लेख छ। कार्यालयले बिभिन्न

कार्य गर्न रु.१४,१०,०००।- खर्च गर्न अख्तियारी नदिई गाउँ विकास समितिलाई अनुदान दिएको छ । गाउँ विकास समितिबाट उक्त कार्यसम्पन्न भए नभएको सम्बन्धमा कार्यालयबाट अनुगमन निरीक्षण गरी सोको प्रगति प्रतिवेदन लिने नगरेबाट उक्त रकम निर्धारित कार्यमा खर्च भए, नभएको यकिन हुने अवस्था नरहेकोले अनुगमन गरी तोकिएको काममा खर्च भएको सुनिश्चित गर्नुपर्दछ ।

२६. **वैशाख पछिको सम्झौता** : स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा ३९(१४) मा जिल्ला विकास समितिले बैशाख मसान्तपछि कुनैपनि नयाँ कार्यक्रम आयोजनामा रकम बाँडफाँड गर्न, रकम निकासा दिन, कार्यक्रम वा आयोजना कार्यान्वयनका लागि सम्झौता गर्न, पेश्की दिन वा अख्तियारी दिन नहुने व्यवस्था छ । कार्यालयले जिल्ला विकास समिति अनुदान शीर्षकबाट बैशाख मसान्तपछि सम्झौता गरी रकम बाँडफाँड र निकासा दिएको पाइयो । उदाहरणको लागि २०७३ जेष्ठमा ५ वटा योजनाको लागि उपभोक्ता समितिसंग सम्झौता गरी रु.४९,४९,३४५।- खर्च लेखेको छ ।

२७. **अग्रिमकर** : सरकारी कार्यालयहरुले आर्थिक कारोवार गर्दा आयकर ऐन, २०५८ को दफा ८८ र ८९ अनुसार भुक्तानीमा लाग्ने १.५ प्रतिशत कर कट्टी गरेर मात्र भुक्तानी दिनुपर्दछ । विभिन्न फर्मलाई भुक्तानी गर्दा कट्टा गर्नुपर्ने अग्रीम कर घटी कट्टी गरेकोले रु.१०,०८०।- असुल गरी राजस्व खातामा दाखिला गर्नुपर्दछ ।

२८. **स्थानीय सडक पुल** : बुद्धसिंह मार्गमापर्ने बुल्दीखोलामा पुल निर्माण गर्न एक निर्माण व्यवसायीसंग २०७१।३।२ मा मू.अ.कर समेत रु.१,६९,९३,४२८।- को सम्झौता भएकोमा भेरिएशन पनि सम्झौता रकम रु.१,९४,४०,७८९।- पुगेको छ। २०७३ असार मसान्तसम्म चौथो बिलसम्मको मूल्य अभिवृद्धि कर सममेत रु.१,७८,०१,०४२।- (९१.५६ प्रतिशत) भुक्तानी भएको छ । सम्झौतामा प्रोभिजनल सम्ममा ल्यावटेष्ट वापत राखेको रु.५०,०००।- भुक्तानी भएकोमा खर्चको बिल भरपाई पेश भएको छैन । खर्चको बिल पेश गर्नुपर्ने अन्यथा उक्त रकम असुल हुनुपर्दछ ।

२९. **झोलङ्गेपुल कार्यक्रम** : बिभिन्न ३ वटा झोलङ्गेपुल स्टील पार्टस खरिद गर्न एक फेब्रिकेटरसंग २०७२।२।२० मा ३ महिना अवधि रहने गरी मूल्य अभिवृद्धि कर समेत रु.४५,३५,९५१।- को सम्झौता भएकोमा उक्त सामान प्राप्त गरी अन्तिम किस्ता रु.१०,०४,४८१।- समेत पूरै भुक्तानी भएको छ। उक्त पार्टस्हरु निजले समयमै दिन नसकेको भनी २०७२।१०।२५ सम्म निमित्त स्थानीय विकास अधिकारीबाट म्याद थप गरेको पाइयो । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०(३) मा वोलपत्र स्वीकृत गर्ने अधिकारीले मात्र म्याद थप गर्न सक्नेमा आर्थिक कारोवार गर्ने अधिकार नपाएका निमित्त स्थानीय विकास अधिकारीबाट म्याद थप गरेको नियमसम्मत देखिएन । अधिकार प्राप्त अधिकारीबाट म्याद थप हुनुपर्ने अन्यथा १५५ दिनको उक्त नियमावलीको नियम १२१ बमोजिम प्रति दिन ०.०५ प्रतिशतका दरले हुने रु.३,११,०९४।- पूर्वनिर्धारित क्षतिपूर्ति असुल हुनुपर्दछ ।

३०. **पश्चिम नेपाल ग्रामिण खानेपानी** : नेपाल सरकार र फिनल्याण्ड सरकारको लगानीमा पश्चिम नेपाल ग्रामिण खानेपानी कार्यक्रम अन्तर्गत योबर्षका १५ वटा र २०७१।७२ को एउटा योजना गरी १६ खानेपानी योजनाहरु निर्माण गर्न उपभोक्ताहरुसंग सम्झौता भएकोमा गत बर्षको एक योजना सम्पन्न भएको र यो बर्षका १५ वटै योजनाहरु २०७३ आषाढ मसान्तसम्म निर्माणाधिन रहेको पाइयो । उपभोक्तासंग सम्झौता गर्दा सबै योजना यसै आर्थिक बर्षमा सम्पन्न गर्ने लक्ष्य राखे तापनि सम्पन्न भएको पाइएन ।

३०.१. पश्चिम नेपाल ग्रामिण खानेपानी तथा सरसफाई परियोजना (दोश्रो चरण) ले खानेपानी सरसफाई तथा स्वच्छता (वास) कार्यक्रम कार्यान्वयन निर्देशिका, २०१४ मा कुनै पनि परिमाणको लागत अनुमान भएका आयोजनाको खरिद र व्यबस्थापन कार्य उपभोक्ता समितिले मात्र गर्न सक्ने उल्लेख गरेको देखियो । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा साठी लाख रुपैयांसम्म

लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिबाट गराउन सकिने व्यबस्था छ । परियोजनाले स्वीकृत गरेको निर्देशिका उक्त नियमावलीको व्यबस्था अनुकुल देखिएन । यस परियोजनाबाट संचालित योजनाहरु मध्ये ११ वटा योजना विद्युत् वा सोलार प्रणालीबाट पानी लिफ्ट गरी संचालन गर्ने योजना रहेको छ । त्यसप्रकारका योजनाको लागत मध्ये ठूलो अंशमा विद्युतीय सामग्री सोलार सामग्री, पाइप, फिटिङ्गस जस्ता जटिल प्राविधिक पक्ष समावेश हुने सामग्रीहरु खरिदमा खर्च गर्नुपर्ने देखिएको छ । कार्यालयले उपभोक्ता मार्फत खरिद गरिने सामग्रीहरुको गुणस्तर नियन्त्रण तथा मूल्यमा एकरुपता आउने गरी खरिद विधि तय गर्नुपर्ने देखिएको छ । उदाहरणको लागि ४ योजनाको लागत अनुमान रु.३,१३,२५,०००।- मध्ये रु.२,०३,९५,०००।- को सामग्री खरिद गर्नुपर्ने देखिएको छ ।

३०.२. गा.वि.स.सचिव, कार्यालय कर्मचारी लगायतलाई बिभिन्न योजनाहरु भ्रमण गराउन एक कर्मचारीले लिएको पेश्की रु.४,३३,०००।- फछ्र्यौट गरेकोमा बिभिन्न होटललाईरु.३,२५,६२०।- भुक्तानी दिएकोमा आयकर ऐन, २०५८ बमोजिम १.५ प्रतिशत अग्रिम कर रु.४,८८५।- कट्टा नगरेकोले असुल हुनुपर्दछ ।

३०.३. कएक कर्मचारीले बिभिन्न कार्यक्रम संचालन गर्न लिएको पेश्की मध्ये रु.१,३४,०००।- बांकी नै रहेको अवस्थामा निज सेवाबाट हटेकोले उक्त रकम १० प्रतिशत व्याज सहित नगदै असुल गरी दाखिला हुनुपर्दछ ।

३१. **स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम :** यस स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अन्तर्गत ३९ गाउँ विकास समिति/नगरपालीकामा वाल भेला, वडा नागरिक मञ्च भेला, नागरिक सचेतना केन्द्र संचालनको लागि सम्बन्धित गाउँ विकास समिति/नगरपालीकाको खातामा रु.१,२५,००।- का दरले जम्मा रकम रु.४८,७५,०००।- जम्मा गरेकोमा सो कार्य गरे नगरेको बिल भरपाई प्राप्त नभएको सम्बन्धमा जिल्ला विकास समितिबाट अनुगमन गरी तोकिएको काममा खर्च भएको सुनिश्चित हुनुपर्दछ ।

३२. **बजेट विनियोजन** : देवघाटको पौराणिक तथा सांस्कृतिक अध्ययन विषयमा विद्यावारिधि अनुसन्धानका लागि एक शोधार्थीलाई २०७२।१०।२१ मा सम्झौता गरी रु.७५,०००।- भुक्तानी दिएकोमा जिल्ला विकास समितिबाट उक्त बिषयमा बजेट विनियोजन गरेको नदेखिएकोले सो खर्च नियमित देखिएन । यसरी बजेट विनियोजन नै नगरी रकम वितरण गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

३३. **कम्प्यूटर खरिद** : नेपाल पत्रकार महासंघ तनहूं शाखालाई कम्प्यूटर खरिद वापत रु.५०,०००।- अनुदान दिएकोमा सो कार्यको लागि जिल्ला विकास समितिबाट बजेट विनियोजन गरेको देखिएन ।

३४. **पारिश्रमिक कर** : एक कर्मचारीको मासिक निर्वाह खर्च रु.२९,५००।- ले रु.३,५४,०००।-, चाडपर्व खर्च रु.२९,५००।- र दूर्गम भत्ता रु.२,५००।- ले रु.३०,०००।- समेत जम्मा बार्षिक आय रु.४,१३,५००।-मा पारिवारीक छुट रु.३,००,०००।-, नागरिक लगानी कोष छुट रु.६०,०००।- समेत रु.३,६०,०००।- छुट कटाई बांकी रु.५३,५००।- को आयकर ऐन, २०५८ अनुसार १५ प्रतिशतले रु.८,०३५।- र सामाजिक सुरक्षा कर रु.३,०००।- समेत ११,०३५।- मा कट्टा गर्नुपर्नेमा सामाजिक सुरक्षा कर रु.३,८४०।- र पारिश्रमिक कर रु.२,१००।- समेत जम्मा रु.५,९४०।- मात्र कट्टी गरेकोले घटी कट्टी भएको रु.५,०९५।- असुल गरी सम्वन्धित राजश्व खातामा दाखिला गर्नुपर्दछ ।

३५. **पूर्वनिर्धारित क्षतिपूर्ति** : एक परामर्शदाताले ढिला काम गरेवापत कट्टा भएको पूर्वनिर्धारित क्षतिपूर्ति रु.४४,५००।- जिल्ला विकास समितिको आन्तरिक आय खातामा दाखिला गरेको छ । उक्त रकम सञ्चित कोष दाखिला हुनुपर्दछ ।

३६. **फोटोकपी बिल :** कर्मचारीको व्यक्तिगत विवरण सम्बन्धी एक फर्मलाई फोटोकपी बिलको आधारमा मू.अ.कर समेत रु.९७,१८०।- भुक्तानी गरेको छ । उक्त सफ्टवेयर प्रयोग भएको देखिएन । मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने र सफ्टवेयर प्रयोगमा ल्याउनुपर्दछ ।

३७. **ग्रामिण खानेपानी तथा सरसफाई कार्यक्रम :** जिल्ला विकास समितिको २०७२।७।१९ को निर्णयले बेल्टारी-जामुने खानेपानी योजना (व्या.न.पा.४) को लागि रु.१०,००,०००।- स्वीकृत भई जिल्ला विकास समितिबाट पाइप खरिदमा रु.६,३२,४६८।- र उपभोक्ता समितिलाई नगद भुक्तानी दिन रु.३,६७,५३२।- छुट्याएको छ । उक्त योजनाको लागत अनुमान रु.४,२३,०११।- भई २०७२।१२।१८ मा सम्झौता हुंदा जिल्ला विकास समितिले रु.३,२७,५००। र उपभोक्ता समितिले रु.९४,५७५।- समेत रु.४,२२,०७५।- व्यहोर्ने गरी सम्झौता भएकोमा रु.४,२२,०७६।- को कार्यसम्पन्न प्रतिवेदन पेश भएको छ । सोही योजनाको लागि भनि रु.५,४२,२२३।- मूल्यका पाइपहरु उपभोक्ता समितिलाई बुझाएकोमा नापी किताब तथा कार्यसम्पन्न प्रतिवेदन अनुसार ती पाइपहरु प्रयोग भएको देखिएन । ती पाइप प्रयोग भएको नापी किताब तथा कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्दछ ।

३८. **रोयल्टी वितरण व्यबस्थापन :** यस कार्यक्रमको लागि रु.२,५१,३५,०००।- निकासा भएकोमा रु.२४९५२७५४।- खर्च भई बांकी रहेको रु.१,८२,२४६। कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता पठाउनुपर्नेमा जिल्ला विकास समितिले विद्युत् विकास कोषको खातामा ट्रान्सफर गरेकोले सो रकम सर्वसञ्चित कोष दाखिला गर्नुपर्दछ ।

३९. **साना सिंचाइ तथा नदी नियन्त्रण कार्यकम :** खडक देवी मन्दिर मर्मतको लागि रु.३,२६,२४४।- जनसहभागिता रहने गरी रु.११,९०,२४४।- को लागत अनुमान तयार गरी सम्झौता भएकोमा लागत अनुमानमा रु.६०,४९९।- मूल्य अभिवृद्धिकर समेत समावेस भएको छ । उक्त कार्यको रु.११,९०,२४४।- को कार्यसम्पन्न प्रतिवेदन पेश भई रु.८,६४,०००।- उपभोक्ता समितिलाई भुक्तानी दिएकोमा रु.४०,८९८।- को मात्र मूल्य अभिवृद्धि कर समावेश भएको विल पेश भएकोले मूल्य अभिवृद्धि कर वढी भुक्तानी भएको रु.१९,६०१।- असुल गरी सम्वन्धित राजस्व खातामा दाखिला गर्नुपर्दछ ।

४०. **पेश्की :** आ.व.को अन्त्यमा रु.६,००,६७,१८६।- पेश्की फछर्यौट नभएकाले स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १८२(३) अनुसार असुल फछर्यौट हुनुपर्दछ ।

४१. **कार्यकमगत खर्च खाता :** एउटा उपशीर्षक भित्र एक भन्दा बढी कार्यक्रम भएमा आन्तरिक नियन्त्रणको लागि कार्यकमगत खर्च खाता राख्नुपर्ने व्यवस्था छ । कार्यालयले कार्यकमगत खर्च खाता नराखेको, कतिपय गोश्वारा भौचरमा कार्यकमको कम संख्या उल्लेख नगरेको, एकभन्दा बढी कार्यकमको रकम भुक्तानी दिएकोमा गोश्वारा भौचरमा कार्यकम वाईज रकम नखुलाई एकमुष्ठ रकम उल्लेख गरेको छ । कार्यकम खर्च खाता राख्नुपर्दछ ।

४२. **जिन्सी व्यवस्थापन :** जिन्सी निरीक्षण प्रतिवेदनमा देखिएका व्यहोराहरु निम्नानुसार छनः-

४२.१. कार्यालयका योजना तथा प्रशासकीय अधिकृतको संयोजकत्वमा २०७३।०४।३० मा कार्यालयमा पेश भएको जिन्सी निरीक्षण प्रतिवेदन अनुसार परल मूल्य रु.४,५०,५९०।- को बा १ भ ४८५८ नम्वरको जीप, रु.१,२७,८४,०००।- को डोजर, रु.४,८५,८४०।- को ग१झ १५७ नम्वरको रातो जीप र ल्यापटप लगाएतका परल मूल्य नखुलेका विभिन्न २२९ थान सामान लिलाम र विभिन्न सामान मर्मत गर्नुपर्ने भनी औंल्याएकोमा सो अनुसार भए गरेको पाइएन ।

४२.२. जिन्सी निरीक्षण फाराम र जिन्सी खातामा कम्प्यूटर र ल्यापटप समेत ६१ थान मौज्दात उल्लेख गरेकोमा सहायक खाता राखेको छैन । जसले गर्दा ती सामान प्रयोग र जिम्मेवारी सम्बन्धमा यकिन भएन । उल्लेखित संख्यामा कम्प्यूटर/ल्यापटप मौजुदा रहँदा रहदै पुनः यो वर्ष समेत खरिद

गरेको छ । साविकमा मौज्दात रहेको कम्प्यूटर/ल्यापटप प्रयोग गरी पुनः खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

४२.३. कार्यालयले यो वर्ष खरिद गरेको डिजिटल नोटिसवोर्ड रु.४२,९४०।-, हिमस्टार टेलिभिजन ४०" १ वटा रु.५४,२४०।-, ल्यापटप डेल १ वटा रु.८२,०००।- र प्रिन्टर २ वटा रु.५८,०००।- समेत कुल रु.२,३७,१८२।- मूल्यको सामान लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनको मस्यौदा २०७३।११।४ मा छलफल गर्ने क्रममा मात्र जिन्सी खातामा दाखिला भएको छ । जिन्सी निरीक्षण गर्ने क्रममा भौतिक परीक्षण भएको भए ती सामानहरु तत्कालै दाखिला हुनसक्ने देखिएकोले उक्त जिन्सी प्रतिवेदन भौतिक परीक्षणबाट सामान गणना नै नगरी तयार गरेको पाइयो । जिन्सी व्यवस्थापन चुस्त दुरुस्त नभएको र आन्तरिक नियन्त्रण व्यवस्था समेत कमजोर रहेको देखिन्छ ।

४३. **यूनिसेफतर्फ** : भूकम्प प्रभावित सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरु यूनिसेफले नेपाल सरकारलाई उपलब्ध गराएको सहयोग जिल्ला विकास समितिको कार्यालय मार्फत वितरण गर्ने गरी संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, केन्द्रीय पञ्जिकरण बिभागबाट २०७२।४।६ मा रु.१०,०९,६२,०००।- को अख्तियारी प्राप्त भएको छ । उक्त रकमबाट सामाजिक सुरक्षा भत्ता पाइरहेका सबै किसिमका लाभग्राहीलाई रु.३,०००।- का दरले वितरण गर्ने निर्णय अनुसार तनहूं जिल्लास्थित ३०,७३५ लाभग्राहीलाई सम्बन्धित गाउँ विकास समिति/नगरपालिका मार्फत वितरण गरी बांकी रहेको रु.८७,५७,०००।- यूनिसेफ फिर्ता पठाएको छ ।

## जिपि कोइराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्र

१. **आन्तरिक नियन्त्रण** : आर्थिक बर्ष २०७०।७१ र २०७१।७२ को लेखापरीक्षण सम्पन्न भै २०७२।८।१५ मा लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन पठाएकोमा कुनै पनि बेरुजू फछ्र्यौट नभएको र सैद्धान्तिक तथा नीतिगतरुपमा सुधार गर्न बिभिन्न सुझाव दिइएकोमा यो बर्ष समेत कुनै सुधार भएको पाइएन । श्वासप्रश्वास सम्बन्धी उपचार तथा अनुसन्धान गर्ने मुख्य उद्देश्यले स्थापना भएको यस समितिले ती कार्यक्रम संचालन गर्ने सम्बन्धमा गुरुयोजना तथा आवधिक योजना तयार नगरेको, बर्षभरिमा गरेको काम कारवाहीको बार्षिक प्रतिवेदन तयार नगरेको, बार्षिक कार्यक्रम लक्ष्य, प्रगति तयार गर्ने नगरेको, कर्मचारीहरुको कार्य विवरण तयार गरी लागू नगरेको, जिन्सी सम्बन्धी प्रतिवेदन तयार नगरेको, बार्षिक खरिद योजना स्वीकृत नगरेको , सम्पूर्ण कर्मचारी करारमा भर्ना गरेको, स्थायी कर्मचारी नियुक्ति गर्नेतर्फ कुनै प्रयास नगरेको, आन्तरिक लेखापरीक्षण नगराएको, मन्त्रालयबाट चेकमार्फत प्राप्त बजेट रु.३८ लाख तथा गत बर्षको जिम्मेवारी रकमबाट खर्च गर्न शीर्षकगत बजेट बांडफांड नगरेको जस्ता व्यहोरा देखिएका छन् । आन्तरिक नियन्त्रण व्यवस्था प्रभावकारी बनाउनु पर्छ ।

२. **जिन्सी** : समितिको जिन्सी सम्बन्धी कामको जिम्मा करारमा नियुक्त भएका एक कर्मचारीलाई दिएको देखियो । निजबाट आफ्नो जिम्मामा रहेका सामान तथा खाताहरु लेखापरीक्षणमा पेश भएन । निज हाल कार्यालयको सम्पर्कमा नरहेको जानकारी प्राप्त भयो । करारका कर्मचारीलाई सरकारी मालसामानको जिम्मा दिन नहुने भनी स्वास्थ्य मन्त्रालयबाट २०७३।३।९ मा त्यस केन्द्रलाई पत्राचार गरी सामानको जिम्मा कार्यकारी निर्देशकले लिने निर्देशन भएकोमा लेखापरीक्षण अवधि (२०७३।११।३) सम्म पनि कार्यान्वयन भएको पाइएन । जिन्सी किताब पेश नभएको, जिन्सी सामानहरु सिंहदरवार वैद्यखाना विकास समितिको कार्यालयमा भाडामा लिएको स्थानमा रहेको उल्लेख भएकोले जिन्सी सम्बन्धी परीक्षण हुन सकेन । निजको जिम्मामा रहेका सामानहरु तत्काल कार्यकारी निर्देशकले जिम्मा लिनुपर्ने देखिएको छ ।

३. **प्रोत्साहन भत्ता** : अर्थ मन्त्रालयको २०७१।१२।४ को पत्रमा कार्यकारी निर्देशकलाई मासिक तलब रु.४०,०००।- र कार्यसम्पादन सूचकांकको आधारमा ५० प्रतिशतसम्म प्रोत्साहन भत्ता भुक्तानी

दिने उल्लेख छ । कार्यसम्पादन भत्ता भुक्तानी प्राप्त गर्न कार्यसम्पादनका सूचकांक तयार गरी बोर्डबाट अनुमोदन गराउनुपर्ने र सो सूचकांकको आधारमा कार्यसम्पादन मापन तथा गणना गरी प्रोत्साहन भत्ता भुक्तानी दिनुपर्नेमा त्यस्तो सूचकांक तथा कार्यसम्पादन मूल्यांकनवेगर नै मासिक ५० प्रतिशतले हुने बार्षिक रु.२,४०,०००।- भत्ता भुक्तानी गरेको नियमित देखिएन ।

४. **ईन्धन खर्च** : त्यस केन्द्रमा मौजुदा रहेका २ गाडी र २ मोटरसाइकलको लागि यो बर्ष रु.९,२९,८७६।- खर्च भएको छ । सवारीसाधनको लागि मासिक परिमाण तोक्ने गरेको देखिएन । सवारीसाधन प्रयोग सम्बन्धी लगबुक समेत राख्ने गरेको देखिएन । नेपाल सरकारले तोकेको मापदण्ड भन्दा बढी नहुने गरी संचालक सदस्य तथा अन्य कर्मचारीको लागि ईन्धन परिमाण निश्चित गरी आन्तरिक नियन्त्रण भरपर्दो हुनुपर्दछ ।

५. **वैंक जमानत शुल्क** : कम्पाउण्डवाल/गार्डहाउस निर्माण वापत एक निर्माण व्यवसायीलाई अन्तिम बिलको मूल्य अभिवृद्धि कर समेत रु.२२,१०,७११।२६ भुक्तानी दिएकोमा निर्माण व्यवसायीले एक बैंकलाई भुक्तानी गरेको बैंक जमानतको शुल्क रु.१९,७००।- समेत भुक्तानी भएको देखियो । उक्त रकम भुक्तानी गर्ने आधार नदेखिएकोले निजबाट असुल हुनुपर्दछ ।

६. **बढि भुक्तानी** : एक कर्मचारीलाई २०७२ श्रावणदेखि मार्गसम्म ५ महिनाको मासिक पारिश्रमिक रु.४०,०००।-, भत्ता रु.२०,०००।-, संचार सुविधा रु.१,०००।- र ईन्धन सुविधा रु.१०,९००।- ले हुने ५ महिनाको रु.३,५९,५००।- खर्च लेख्नुपर्नेमा रु.३,७९,५००।- खर्च लेखेकोले तलबमा बढी खर्च लेखेको रु.२०,०००।- असुल हुनुपर्दछ ।

७. **पारिश्रमिक कर** : यो बर्ष बिभिन्न भुक्तानीमा कट्टा गरेको पारिश्रमिक कर, अग्रिम कर, नागरिक लगानी कोष तथा सञ्चयकोष समेत रु.३,२१,२०६।- लेखापरीक्षण अवधिसम्म पनि दाखिला नभएकोले सम्बन्धित खातामा दाखिला गरी प्रमाण पेश हुनुपर्दछ ।

८. **पेश्की** : एक कर्मचारीले लिएको पेश्की रु.१०,०००।- बांकी नै रहेकोले आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम असुल फछ्र्यौट हुनुपर्दछ ।

९. **अग्रिम कर** : बिभिन्न खर्चको भुक्तानी गर्दा आयकर ऐन, २०५८ बमोजिम कट्टा गर्नुपर्ने अग्रिमकर रु.३,४५४।- सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्दछ ।

## दमौली अस्पताल

१. **पारिश्रमिक कर** : अस्पताल विकास समितिको २०७३।२।४ को निर्णयमा दन्त चिकित्सा सेवातर्फ आयको २५ प्रतिशत चिकित्सक र १५ प्रतिशत सहयोगी कर्मचारीलाई २०७२ श्रावण देखि नै प्रोत्साहन स्वरुप दिने गरी निर्णय भएकोमा एक दन्त चिकित्सकलाई सो सेवाबाट प्राप्त आय रु.१,७४,७५०।- को २५ प्रतिशतले हुने रु.४३,६८७।- मा पारिश्रमिक कर कट्टा गरी रु.३७,१३४।- भुक्तानी दिनुपर्नेमा रु.६९,९००।- मा कर कट्टा गरी रु.५९,४१५।- भुक्तानी दिएकोले वढी भुक्तानी दिएको रु.२२,२८१।- असुल गर्नुपर्दछ ।

२. **घर भाडा** : अस्पताल हाताभित्र चस्मा पसल राख्ने गरी समिति र एक पसल वीच २०७२।११।४ मा मासिक रु.२५,९७०।- घरभाडा समितिले पाउने गरी सम्झौता भएको छ। सम्झौतामा घरभाडा अग्रिमरुपमा समितिलाई बुझाउने उल्लेख भए तापनि २०७३ आषाढसम्मको भाडा लेखापरीक्षण अवधि २०७३ माघसम्म पनि प्राप्त भएको पाइएन । २०७२।११।४ देखि २०७३ आषाढसम्मको घरभाडा रु.१,२७,२५३।- असुल हुनपर्दछ ।

३. **पारिश्रमिक कर** : आयकर ऐन, २०५८ को दफा ८७ (१) अनुसार प्रत्येक वासिन्दा रोजगारदाताले रोजगारीवाट कुनै कर्मचारी वा कामदारले प्राप्त गरेको आयको गणना गर्दा समावेश गरिने नेपालमा श्रोत भएको कुनै रकम भुक्तानी गर्दा अनुसूची १ वमोजिमका दरले हुने कर कट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न कर्मचारीलाई तलव, भत्ता, तथा अन्य सुविधा भुक्तानी गर्दा पारिवारिक,

कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, वीमा प्रिमियम छुट आदि कट्टा गरी हुन आउने पारिश्रमिकमा ऐनको उल्लेखित व्यवस्था वमोजिम १, १५ र २५% को दरले हुन आउने कर गणना गरी कट्टी गर्नुपर्नेमा निम्न ३ कर्मचारीबाट रु.४९,६६०।- घटी कर कट्टा गरेकोले उक्त रकम असुल गर्नुपर्दछ ।

४. **सोझै खरिद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ अनुसार वार्षिक रु.१० लाख भन्दा बढीको खरिदमा वार्षिक खरिद योजना बनाई पेश गर्नुपर्ने व्यवस्था छ । साथै खरिद योजनामा खरिदको विधि, खरिदको समय तालिका, खरिदको लागत अनुमान आदिलाई ध्यान दिई खरिद प्रक्रिया अगाडि बढाउनुपर्नेमा समितितर्फ रु.१८,८२,२९२।-, व.उ.शी.नं.३७००२३३ तर्फ रु.३,००,०००।- समेत जम्मा रु.२१,८२,२९२।- को औषधि तथा सर्जिकल सामान खरिद गर्दा सोझै खरिद गरेको देखियो । नियम ३१ मा रु.२० लाख भन्दा बढीको सामान बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा सोझै खरिद गरेको उपयुक्त देखिएन ।

## जिल्ला प्राविधिक कार्यालय

१. **ढिला अख्तियारी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३२ (२) अनुसार तालुक विभागले आफुलाई अख्तियारी प्राप्त भएको १५ दिनभित्र मातहत कार्यालयहरुलाई बजेट विवरण तथा खर्च गर्ने अख्तियारी पत्र पठाउनुपर्ने व्यवस्था छ । त्यस कार्यालयमा दुई बजेट शीर्षकबाट २०७३ आषाढ महिनामा रु.१,३०,७५,०००।- प्राप्त भएको देखियो । यसरी वर्षान्तमा वजेट तथा खर्च गर्ने अख्तियारी प्राप्त हुँदा स्वीकृत कार्यक्रम अनुसारका कामहरु तोकिएको समयभित्र सम्पन्न गर्न हतार-हतारमा गर्नुपर्ने र त्यसरी गरिएका कार्यहरुमा गुणस्तर कायम गर्न कठिनाई हुने देखिन्छ । नियमानुसार तोकिएको अवधिभित्र वजेट, कार्यक्रम तथा खर्चको अख्तियारी प्रदान गर्न तालुक विभागले ध्यान दिनुपर्दछ ।

२. **काम सुरु नगरेको** : सडक निर्माण कार्यका दुई निर्माण व्यवसायीसँग भएको सम्झौतामा १५ दिन भित्र काम शुरु गर्नुपर्ने उल्लेख छ । निजहरुको सम्झौता अवधि १५ महिना रहेकोमा २०७३ आषाढ मसान्तमा १३ महिना (कुल अवधिको ८७%) व्यतित भैसकेकोमा समेत निजहरुले काम सुरु नगरेकोले २०७२।७३ मा एउटै रनिङ्ग विल प्राप्त भएको देखिएन । निजहरुलाई सम्झौता बमोजिम प्रथम किस्ता पेश्की २०७१।७२ मा नै दिएकोमा यो वर्ष पुनः रु.७०,६४,०००। पेश्की दिएको देखियो । सम्झौताको शर्त वमोजिम काम नै सुरु नगरेको सम्बन्धमा निजहरुलाई कारवाही गर्नुपर्नेमा पुनः पेश्की दिएको उपयुक्त देखिएन । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ बमोजिम पूर्व निर्धारित क्षतिपूर्ति लिई उक्त काम सम्पन्न गराउनुपर्ने देखिएको छ ।

३. **पेश्की** : निर्माण व्यावसायी ६ लाई यो वर्ष दिएको मोविलाइजेशन पेश्की रु.२,५३,४३,५९६।- आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ बमोजिम असूल फछ्र्यौट गर्नुपर्दछ ।

४. **पुननिर्माण तथा पुनर्स्थापना कार्यक्रम** : छिपछिपे गाउँ विकास समिति भवन २०७१।११।२१(३६५ दिन) मा निर्माण सम्पन्न गर्ने गरी २०७०।११।२१ मा एक निर्माण व्यवसायीसँग रु.३४,८५,३३८।- को सम्झौता भएकोमा कार्यालयबाट २०७२।५।२० सम्म म्याद थप भएको देखिन्छ । तत पश्चात २०७३।३।२६ को अनुगमनबाट ५० प्रतिशत मात्र भौतिक प्रगति भएको र ढलान भै नसकेको प्रतिवेदन पेश भए पश्चात २०७३।३।३० मा विभागबाट २०७३।६।३० सम्म म्याद थप भएको छ । यसरी पहिलो म्याद थप सकिएको करिब १ वर्ष पछिको अनुगमनबाट ढलान समेत नभएको र ५० प्रतिशत मात्र कार्य पुरा भएको अवस्थामा समेत सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ अनुसार पूर्वनिर्धारित क्षतिपूर्ति असुलउपर नगरी पुनः विभागबाट म्याद थप भएको मनासिव देखिएन ।

५. **आन्तरिक लेखापरीक्षण** : पुनःनिर्माण तथा पुनःस्थापनातर्फ भिरकोट गा.वि.स. भवन निर्माणको लागि एक निर्माण व्यवसायीलाई मूल्य अभिवृद्धि कर सहित रु.३८,१५,९८५।- मा कार्यसम्पन्न गर्ने गरी सम्झौता गरेकोमा थप काम गर्नु परेको भनि भेरियशन आदेशबाट कामको कुल लागत रु.३९,६६,३१७।- कायम गरिएकोमा रु.३९,७०,७५६।- भुक्तानी भई बढी भुक्तानी रु.४,४३९।- असुलउपर गर्नुपर्दछ ।

दोश्रो रनिङ विल वापत २०७२।१२।११ मा मूल्य अभिवृद्धि कर सहित रु.६,०४,०००।- भुक्तानी गरेकोमा आयकर ऐन, २०५८ को दफा ८८(१) अनुसार अग्रिम आयकर रु.८,०१८।- र धरौटी रु.२६,७२५।- समेत कट्टी नगरेकोले रु.३४,७४३।- असुलउपर गर्नुपर्दछ ।

६. **कन्टिन्जेन्सी खर्च** : सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १०(७) अनुसार कन्टिन्जेन्सी खर्च ठेक्कागत लागत अनुमानसँग सम्वन्धित हुने हुनाले ठेक्कागत रुपमा कन्टिन्जेन्सी खर्च खाता राख्नुपर्ने देखिन्छ । त्यस कार्यालयमा राष्ट्रिय ग्रामिण यातायात सुदृढीकरण अन्तर्गत सडकतर्फ ५ र पुलतर्फ १ गरी ६ ठेक्का चालु रहेकोमा यो वर्ष कन्टिन्जेन्सी वापत रु.१,०९,०२,०००।- शान्तिको लागि विकासतर्फ रु.४,५८,०००।- र पुनःस्थापना तथा पुनःनिर्माणतर्फ रु.९,५५,०००।- समेत रु.२५,०५,०००।- खर्च लेखेको देखियो । ठेक्कागत कन्टिन्जेन्सी खर्च खाता राख्नुपर्ने देखिएको छ ।

६. **आन्तरिक नियन्त्रण** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरि आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा  खरिद गुरु योजना नबनाएको, कार्यसम्पन्न भए पश्चात समयमै पेश्की फछ्र्यौट नगरेको, समयमै पेश्की फछ्र्यौट नगरेको अबस्थामा फिर्ता दाखिला रकममा व्याज लिने नगरेको, दैनिक भत्ता तथा भ्रमण खर्चको बिल भुक्तानी गर्दा अनिवार्य रुपमा भ्रमण प्रतिवेदन संलग्न गर्नुपर्ने व्यबस्थाको कार्यान्वयन नभएको, जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार गरेकोमा प्रतिवेदनमा उल्लेख भएबमोजिम पुराना सामानको मर्मत सम्भार र लिलाम बिक्री कार्य नभएको, जिन्सी खातामा रहेका केही सामानको मूल्य नखुलाई आम्दानी बाँधेको, जिन्सी खाता अद्यावधिक र प्रमाणित नगरेको, चौमासिकरुपमा वार्षिक कार्यक्रम स्वीकृत गरी सोही बमोजिम लक्ष्य तोकी खर्च हुने नगरेको, खर्च भएका सबै बिल भरपाईहरुमा सिलसिलेवार नम्बर राखी अधिकार प्राप्त अधिकारीबाट प्रमाणित गरी भुक्तानी भएको जनाउने छाप नलगाएको, बर्षैपिच्छे लेखापरीक्षणले औंल्याउदै आएको सुझाब कार्यान्वयन नगरेको, जस्ता व्यहोरा देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

## जिल्ला भूसंरक्षण कार्यालय

१. **अख्तियारी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३२(२) बमोजिम आर्थिक बर्ष शुरु भएको १५ दिन भित्र अख्तियारी पठाउनुपर्नेमा तीन उपशीर्षकमा २०७२ चैत्र र २०७३ बैशाखमा अख्तियारी पठाएको देखियो । समयमा अख्तियारी नपठाँदा कार्यक्रम तोकिएको समयमा सम्पन्न गर्न नसकिने हुदाँ सोतर्फ तालुक कार्यालयले समयमै ध्यान दिनुपर्ने देखिन्छ ।

२. **कार्यक्रम संशोधन** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने सिलसिलामा कार्यक्रम संशोधन गर्न आवश्यक ठानेमा सम्बन्धित मन्त्रालयको स्वीकृति लिनुपर्ने र संशोधनको जानकारी राष्ट्रिय योजना आयोगलाई समेत दिनुपर्ने उल्लेख छ । मन्त्रालयबाट स्वीकृत ६ वटा कार्यक्रममा रु.२६,००,०००।- बजेट व्यबस्था भएकोमा संशोधन वेगर २० कार्यक्रममा बिभाजन गरी रु.२५,३१,९९५।- खर्च गरेको छ । स्वीकृत कार्यक्रमलाई ससाना टुक्रामा बिभाजन गर्दा योजना छरिने, उपलब्धिमूलक नहुने, कार्यान्वयनमा कठिनाई आउने देखिन्छ । सम्बन्धित मन्त्रालयको स्वीकृत लिई मात्र कार्यत्रम संशोधन गर्नुपर्दछ ।

३. **विरुवा उत्पादन** : यो बर्ष ६० हजार विरुवा उत्पादन गर्ने लक्ष्य बमोजिम रु.४,८०,०००।- बजेट व्यबस्था भएकोमा लक्ष्य बमोजिम नै विरुवा उत्पादन गरेको भनि रु.४,७९,९३५।- खर्च लेखेको छ। शुक्लागण्डकी न.पा.वडा नं.११ खैरेनीटार स्थित नर्सरीमा ३०२४० बिरुवा उत्पादन गरी लेखापरीक्षण अवधिसम्म २६५८४ बिरुवा वितरण गरेको प्रतिवेदन पेश भएको छ। बिरुवा वितरणको अभिलेख परीक्षण गर्दा एकै व्यक्तिले खन्यू ५००, निमारो ५०० र बडहर २५० बिरुवा लगेको देखिन्छ, जुन स्वाभाविक देखिंदैन । वितरण भएका बिरुवा रोपण भए नभएको, सरे नसरेको र हुर्केको अवस्था सम्बन्धमा अनुगमन गरी अभिलख व्यवस्थित गर्नुपर्दछ।

४. **सीधै खरिद** : त्यस कार्यालयको बार्षिक कार्यक्रम सम्पन्न आवश्यकपर्ने ग्याबिन तारको आवश्यक परिमाण निश्चित गरी लागत अनुमान तयार गरी सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ अनुसार सिलवन्दी दरभाउपत्र वा बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा सो नगरी पटकपटक गरी एक हार्डवयर पसलबाट बर्षैभरि खरिद गरेको पाइयो। उक्त हार्डवयरबाट पटकपटक रु.९३,३०,९११।- मूल्यको ग्याविन तार खरिद गरेको छ। उपभोक्ता मार्फत गरिने काममा प्रयोग हुने सामान खरिद सम्बन्धी सम्बन्धित मन्त्रालय/बिभागबाट नीतिगत निर्णय गरी सबै जिल्लास्थित कार्यालयहरुमा एउटै विधिबाट खरिद गर्ने सम्बन्धमा व्यबस्था मिलाउनुपर्दछ।

## डिभिजन सडक कार्यालय

१. **प्रगति** : यो बर्षको लागि स्वीकृत भएका ११० कार्यक्रम मध्ये १७ मा शून्य प्रगति, ७ मा २५ प्रतिशत भन्दा कम, ५ मा ५० प्रतिशत भन्दा कम र १० मा ७५ प्रतिशत भन्दा कम प्रगति भएको देखिएको छ।

२. **ठेक्का व्यबस्थापन र चौमासिक खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) मा ठेक्कापट्टा स्वीकृत गर्ने कार्य प्रथम चौमासिक अवधिमा समाप्त गरी सक्नुपर्ने व्यबस्था छ। तर त्यस कार्यालयले योबर्ष ७५ वटा ठेक्का स्वीकृत गरेकोमा प्रथम चौमासिक अवधिमा रु.२६,२४,०००।- को २ वटा, दोश्रो चौमासिक अवधिमा रु.३,५६,८८,०००।- को ४२ वटा र तेश्रो चौमासिकमा रु.२३,१७,९९,०००।- को ३१ वटा ठेक्का स्वीकृत गरेको छ भने आषाढमा मात्र रु.५,९३,८६,०००।- को ८ वटा ठेक्का स्वीकृत गरेको छ । यो बर्ष स्वीकृत ठेक्का मध्ये रु.४,३६,६२,०००।- को ३८ वटाको काम सम्पन्न भएको छ भने ३७ वटा ठेक्काको काम बांकी नै रहेको छ। ठेक्कापट्टाको काम ढिला गरेको कारण बजेट खर्च समेत तेश्रो चौमासिक बढी देखिएको छ । बिभिन्न ११ बजेट उपशीर्षकमा यो बर्ष पूंजीगततर्फ रु.४१,९८,३९,०००।- खर्च गरेकोमा प्रथम चौमासिकमा रु.८३,७१,०००। (२प्रतिशत), दोश्रो चौमासिकमा रु.४,९५,४३,०००।- (११.८० प्रतिशत) र तेश्रो चौमासिकमा रु.३६,१९,२५,०००।- (८६.२० प्रतिशत) खर्च भएको छ। २०७३ आषाढमा मात्र रु.२३,४३,२९,०००।- (५५.८१ प्रतिशत) खर्च गरेको छ। यसरी ठेक्का व्यबस्थापन समयमै नहुंदा काम तथा खर्चको चाप तेश्रो चौमासिक र आषाढमा परेको देखियो। बर्षको अन्तमा धेरै ठेक्काको काम गराउंदा उपयुक्त अनुगमन नहुने, गुणस्तर नियन्त्रण गर्न कठिनाई हुने र निर्णय गरिएको सडकको दिगोपनामा समेत असरपर्ने देखिएकोले बर्षान्तमा ठेक्का व्यबस्थापन तथा खर्च गर्ने परिपाटीमा सुधार हुनुपर्दछ।

३. **बोलपत्र** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६२ मा बोलपत्रदाताहरु बीच खरिद सम्बन्धी काम बांडफांड गर्न नहुने, स्वतन्त्र प्रतिस्पर्धाबाट बञ्चित गर्न नहुने, बोलपत्र पेश गर्नु अघि वा पछि मिलोमतो वा गुटबन्दी गर्न नहुने उल्लेख छ। यसबाट खरिद कार्यमा स्वच्छ र पारदर्शी व्यबस्था अपनाउनुपर्ने देखिन्छ। त्यस कार्यालयबाट यो बर्ष ठेक्का बन्दोवस्त भएका सडक निर्माण कार्यका २० ठेक्कामा बोलपत्र बिक्री भएको तुलनामा न्यून संख्यामा बोलपत्र दर्ता भएको र लागत अनुमानको हाराहारीमा बोलपत्र/दरभाउपत्र स्वीकृत भएको देखिएको छ। यसबाट बोलपत्रदाताहरु बीच मिलेमतो भएको हुनसक्नेतर्फ कार्यालयले सजगता अपनाएको देखिएन।

४. **कार्यसम्पन्न स्थिति** : त्यस कार्यालयले ठेक्का बन्दोवस्त गरेका र कार्यसम्पन्न नभई विगत बर्षबाट जिम्मेवारी सरेका १०० वटा ठेक्का र यो बर्ष बन्दोवस्त भएका ७६ समेत कुल ठेक्का १७६ मध्ये २०७३ मध्ये २०७३ आषाढ मसान्तसम्म ६९ ठेक्का सम्पन्न भएका र १०७ ठेक्का आगामी बर्षको लागि जिम्मेवारी सरेको छ । कार्यसम्पन्न, म्याद थप तथा अधुरो ठेक्का सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

४.१. आर्थिक बर्ष २०६४।६५ देखि २०६९।७० सम्मका १६ ठेक्काको काम यो बर्ष पनि सम्पन्न भएको छैन । ती ठेक्काहरु मध्ये मर्स्याङ्गदी नदीपुल बांभ्राखेत, मादीपुल सीसाघाट र मर्स्याङ्गदी नदी नयांपुलको काम यो बर्ष चालु रहेको छ भने बांकी १३ वटा ठेक्कामा यो बर्ष कुनै काम गरेको पाइएन । विगत लामो समय देखि अधुरो रहेका ती ठेक्काको अधिकांश रकम भुक्तानी भैसके तापनि सम्पन्न नगरी अधुरै राखेको पाइयो । ती १६ मध्ये २०७३ आषाढसम्म २ वटाको म्याद बांकी छ भने १४ ठेक्काको म्याद समाप्त भैसकेको छ । त्रिशुली नदी घुमाउनेघाट सडकपुलको म्याद २०७३।३।३० मा सकिएकोमा काम शुरु नै हुन सकेको देखिएन । यसरी म्याद समाप्त भै यो बर्ष कुनै काम नगर्ने तीन ठेक्काको लागि भएको पेश्की रु.१९,४०,०००।- बांकी नै रहेको छ ।

४.२. आर्थिक बर्ष २०७०।७१ का १० वटा ठेक्का यो बर्ष जिम्मेवारी सरेकोमा २ वटा सम्पन्न भएको र ८ वटाको काम अझै बांकी नै रहेको छ । ती ८ मध्ये ठेक्का नं.०७०।७१।४८ मा यो बर्ष काम भएको देखिन्छ भने अन्य ७ वटा ठेक्कामा यो बर्ष कुनै काम नै भएको छैन । ती सबै ठेक्काको म्याद समाप्त भैसकेको छ । ठेक्का नं.०७०।७१।११६ को म्याद २०७१।६।२० मा समाप्त भएकोमा काम नै शुरु गरेको पाइएन । ती ८ ठेक्काको सम्झौता रकम मूल्य अभिवृद्धि कर समेत रु.२,२१,२४,०००।- रहेकोमा रु.१,८७,५३,०००।- भुक्तानी भैसकेको छ । ती मध्ये ठेक्का नं.०७०।७१।७० को लागि गएको पेश्की रु.१,१०,०००।- बांकी नै छ ।

४.३. आर्थिक बर्ष २०७१।७२ का ७४ वटा ठेक्का जिम्मेवारी सरेकोमा २९ वटाको काम सम्पन्न भएको छ भने ४५ वटाको काम अधुरै रहेको छ । ती मध्ये १३ वटाको म्याद बांकी छ भने ३२ वटा ठेक्काको म्याद समाप्त भैसकेको छ । म्याद समाप्त भएका ३२ मध्ये ४ वटा ठेक्कामा गएको पेश्की रु.९०,९१,०००।- बांकी नै रहेको छ । म्याद समाप्त भैसकेका ६ वटा ठेक्काको काम नै शुरु भएको छैन ।

४.४. आर्थिक बर्ष २०७२।७३ मा ठेक्का सम्झौता भएका ७६ मध्ये ३८ वटाको काम सम्पन्न भएको छ भने ३८ वटा ठेक्काको काम बांकी नै देखिन्छ । उक्त ३८ मध्ये ५ वटा ठेक्काको म्याद बांकी छ भने ३३ वटा ठेक्काको म्याद समाप्त भैसकेको छ । म्याद समाप्त भैसकेका ४ वटा ठेक्काको लागि गएको पेश्की रु.१८,४९,०००।- बांकी नै रहेको छ । म्याद समाप्त भैसकेका १५ वटा ठेक्काको काम शुरु नै भएको देखिएन ।

माथिको विवरणबाट समयमा काम नगरी म्याद गुजार्ने, पेश्की लगे तापनि काम नगर्ने, अधिकांश काम समाप्त गरे तापनि कार्यसम्पन्न नगर्ने, म्याद समाप्त भैसक्दा पनि काम शुरु नै नगर्ने जस्ता समस्या देखिएका छन् । सम्झौता गरेपछि काममा लापरवाही गर्ने निर्माण व्यवसायीलाई सार्वजनिक खरिद ऐन, नियमावली तथा खरिद सम्झौता बमोजिम कारवाही नगरी कार्यालय मौन रहनु उचित देखिएन । अतः कानूनमा भएको व्यबस्था तथा खरिद सम्झौता बमोजिम कारवाही गरी ठेक्का फरफारक गर्नुपर्ने देखिन्छ ।

५. **मूल्य समायोजन** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ मा खरिद सम्झौतामा मूल्य समायोजन गर्न सकिने व्यबस्था छ । सो अनुसार खरिद सम्झौतामा मूल्य समायोजन गर्न सकिने व्यबस्था भए बमोजिम मूल्य समायोजन भुक्तानी दिएको सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

५.१. खरिद सम्झौतामा मूल्य समायोजन गर्ने प्रयोजनको लागि समायोजन नहुने १५ प्रतिशत र समायोजन हुने ८५ प्रतिशत मध्ये निर्माण कामदारको लागि नेपाल राष्ट्र बैंकद्धारा प्रकाशित निर्माण मजदुरको राष्ट्रिय तलव तथा ज्याला सम्बन्धी इण्डेक्स, निर्माण सामग्रीको लागि सोही बैंकद्धारा प्रकाशित राष्ट्रिय समग्र मूल्य सूची र डिजेलको लागि नेपाल आयल निगमद्धारा प्रकाशित मूल्य लिई सम्झौतामा उल्लेखित सूत्र प्रयोग गरी मूल्य समायोजन दिनुपर्ने व्यबस्था छ । तर निर्माण व्यवसायीले नेपाल राष्ट्र बैंकद्धारा प्रकाशित समग्र मूल्य सूची प्रयोग गरी सम्झौता भन्दा फरक सूत्र प्रयोग गरी मूल्य समायोजन गणना गरे अनुसार नै कार्यालयले २०७१।७२ का ८ निर्माण व्यवसायीलाई रु.३१,६७,२७६। मूल्य समायोजन भुक्तानी दिएको छ । सम्झौता बमोजिमको सूत्र तथा ईण्डेक्सहरु प्रयोग गरी पुनः गणना गर्नुपर्ने र बढी भुक्तानी भएको रकम यकिन गरी असुल हुनुपर्दछ ।

५.२. सीसाघाट पुल निर्माण कार्यका निर्माण व्यवसायीलाई यो बर्ष रु.२९,६१,३६९।२२ समेत हालसम्म रु.१,२३,२९,४५०। मूल्य समायोजन भुक्तानी भएको छ । निजसंग भएको खरिद सम्झौतामा अदक्ष कामदार ज्याला, सिमेण्ट, फलामे छड, स्टक्चर स्टील ग्याविन तार, डिजेल र विविध वस्तुको नेपाल राष्ट्र बैंकद्धारा प्रकाशित अलग अलग ईण्डेक्स प्रयोग गर्ने गरी मूल्य समायोजन गणना गर्ने सूत्र निर्धारण गरेको देखिन्छ । तर निर्माण व्यवसायीले निर्माण कार्यमा प्रयोग हुने ज्याला, निर्माण सामग्री, ईन्धन, अन्य सामान आदिको अलग अलग ईण्डेक्स प्रयोग नगरी नेपाल राष्ट्र बैंकद्धारा प्रकाशित समग्र मूल्य सूची प्रयोग गरी सम्झौता भन्दा फरक सूत्र प्रयोग गरी मूल्य समायोजनको बिल पेश गरेको र कार्यालयले सोही अनुसार भुक्तानी दिएको पाइयो । गोरखा तनहूं जोड्ने नयां पुल निर्माण कार्यका निर्माण व्यवसायीसंग भएको खरिद सम्झौतामा समेत सीसाघाट पुलको सम्झौतामा उल्लेखित सूत्र र मूल्य सूची (ईण्डेक्स) प्रयोग गर्ने उल्लेख छ । उक्त दुबै ठेक्काको लागि २०६९ आषाढमा नै सम्झौता भएको र अवधि ३ बर्ष उल्लेख भएकोले दुबै ठेक्काको लागि एउटै सूत्र र ईण्डेक्स प्रयोग गर्नुपर्दछ । नयां पुलका निर्माण व्यवसायीले सम्झौता बमोजिमको सूत्र र ईण्डेक्स प्रयोग गरी मूल्य समायोजन दावी गरे अनुसार नै भुक्तानी भएको छ । उक्त दुबै ठेक्काको लागि २०६९ जेष्ठको ईण्डेक्सलाई आधार ईण्डेक्स मानि २०७२ आषाढको ईण्डेक्स अनुसार मूल्य समायोजन गणना गर्दा मूल्य समायोजन फ्याक्टर सीसाघाट पुलको लागि १.२३६ र नयां पुलको लागि १.१५६ ले गणना गरी मूल्य समायोजन भुक्तानी भएको छ । २०७२ आषाढको लागि मूल्य समायोजन फ्याक्टर (शुरु सम्झौता अवधि भन्दा पछिको मूल्य सूची प्रयोग नगर्ने गरी म्याद थप भएकोले) १.१५६ गणनाले गर्दा सीसाघाट पुलका निर्माण व्यवसायीलाई रु.२९,४१,१७८।- बढी भुक्तानी भएको छ । उक्त रकम असुल हुनुपर्दछ ।

५.३. निजलाई आठौं रनिङ्ग बिलको मूल्य समायोजन भुक्तानी गर्दा रनिङ्ग बिलको मूल्य अभिवृद्धि कर रकमको समेत गणना गरी मूल्य समायोजन भुक्तानी दिएको देखियो । मूल्य अभिवृद्धि कर रु.५,०१,१८०।- को समायोजन योग्य ८५ प्रतिशतले हुने रु.४,२६,००३।- को फ्याक्टर १.२२६ ले गणना गर्दा बढी भुक्तानी हुन गएको रु.१,०८,७९३।- असुल हुनुपर्दछ ।

६. **पेश्की फिर्ता** : खरिद सम्झौताको विशेष शर्त अनुसार सम्झौताको अवधिको ५० प्रतिशत अवधिमा ३० प्रतिशत भौतिक कार्य पूरा नगरेको निर्माण व्यवसायीले लिएको मोविलाइजेशन पेश्की मध्ये ५० प्रतिशत फिर्ता गर्नुपर्ने व्यबस्था छ । उल्लेखित शर्त पूरा नगर्ने २ निर्माण व्यवसायीले लिएको पेश्की रु.८७ लाख फिर्ता गरेको देखिएन । सम्झौता बमोजिम भौतिक प्रगति हासिल नगर्ने निर्माण व्यवसायीलाई दिएको पेश्की फिर्ता लिनुपर्दछ ।

७. **असम्बन्धित आइटम** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यबस्था छ । सो अनुसार निर्माण कार्यसंग सम्बन्धित कामको मात्र लागत अनुमान तयार गर्नुपर्नेमा २ सडक पुल

निर्माण कार्यको लागत अनुमानमा सवारी साधन भाडा, घरभाडा, मेशिन औजार खरिद भवन निर्माण जस्ता आइटम समेत समावेश गरी गरेको छ। ती पुलमा त्यस्ता आइटममा रु.८७,९०,६००।- खर्च गर्ने गरी सम्झौता भएकोमा रु.४८,८१,६००।- भुक्तानी भएको छ। निर्माण कार्यको लागत अनुमानमा निर्माण कार्य बाहेक अन्य कार्य समावेश नगर्ने गरी भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय तथा सडक बिभागबाट पटकपटक परिपत्र समेत भएको देखिएको छ। यस्तो अवस्थामा समेत सडक पुल निर्माण कार्यको लागत अनुमानमा निर्माण कार्यसंग प्रत्यक्ष असम्बन्धित आइटम समावेश गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

८. **सम्भावित रणनीतिक सडकहरु :** कावासोती-भोजपोखरी-डेढगाउँ सडक स्तरोन्नति गर्न २०७३।९।३० मा सम्पन्न गर्ने गरी २०७२।३।२५ मा रु.७५,२९,१९०।- को सम्झौता भएको छ। सम्झौतामा ५० प्रतिशत अवधिमा ३० प्रतिशत कार्य गर्न असमर्थ भएमा कम्तिमा ५० प्रतिशत पेश्की बैंक जमानतबाट फिर्ता लिने र ८० प्रतिशत समयमा ८० प्रतिशत कार्य सम्पन्न नगरेमा सबै पेश्की बैंक जमानतबाट फिर्ता लिने उल्लेख छ। सम्झौतानुसार पेश्की रु.३,७५,०००।- जमानत जफत गर्नुपर्दछ।

९. **भेरिएशन आदेशः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा खरिद सम्झौता बमोजिम कार्य शुरु भएपछि कामको परिमाणमा थपघट गर्नुपरेमा भेरिएशन आदेश गर्नसक्ने व्यबस्था छ। दुई खरिद सम्झौतामा सम्झौताको परिमाण भन्दा बढी परिमाणको काम गराई रु.१९,४७,३०१।- भुक्तानी दिएकोमा प्राविधिक पुष्ट्याई गरी भेरिएशन आदेश जारी गरेको पाइएन।

१०. **पूर्वनिर्धारित क्षतिपूर्तिः** मादी नदी पुल सीसाघाटका निर्माण व्यवसायीसंग २०६९।३।२० मा रु.८,७६,४३,२६७।- मा सम्झौता भएको र सम्झौताको म्याद २०७२।३।१९ सम्म तोकेको देखिन्छ। निजलाई २०७३ आषाढ मसान्तसम्म चौथो रनिङ्ग बिलसम्मको रु.८,७१,३४,७४१।- भुक्तानी भएको छ। खरिद सम्झौताको म्याद सडक बिभागका महानिर्देशकबाट २०७३।२।१५ सम्मको लागि थप भएको सो अवधिमा निर्माण कार्यसम्पन्न नभए पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने उल्लेख छ। पुल निर्माण कार्य २०७३ आषाढ मसान्तसम्म पनि सम्पन्न भएको नदेखिएकोले सम्झौता रकमको प्रतिदिन ०.०५ प्रतिशतले २०७३।२।१६ देखि २०७३।३।३२ सम्म ४८ दिनको क्षतिपूर्ति रकम रु.१८,६१,४५०।- चौथो रनिङ्ग बिल २०७३।३।२४ मा भुक्तानी गर्दा कट्टा गर्नुपर्नेमा पूरै भुक्तानी भएकोले उक्त रकम असुल हुनुपर्दछ।

११. **मूल्य समायोजन :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(१) मा पन्ध्र महिना भन्दा बढी अवधिको खरिद सम्झौतामा मात्र मूल्य समायोजनको व्यबस्था गर्न सकिने उल्लेख छ। तर यस कार्यालयले २०७१।७२ को एक खरिद सम्झौताको अवधि एक बर्ष रहेकोमा समेत मूल्य समायोजन गर्न सकिने व्यबस्था राखेको पाइयो। ऐन प्रतिकुल हुने गरी मूल्य समायोजन गर्न सकिने व्यबस्था राख्न मिल्ने देखिएन।

१२. **चेनेज दोहोरीएको :** बेसीशहर चामे सडकको चेनेज नं.२३+१८५ देखि १३१ मिटर अगाडिसम्म सवग्रेडको काम ५६५.५ घन मिटर र ढुंगा विच्छ्याउने काम १३१ मिटरमा ११३.९७ घन मिटर गरेको भनी निर्माण व्यावसायीलाई २०७२।६।२१ मा भुक्तानी भएको छ अर्को ठेक्काबाट समेत सोही सडकको चेनेज २३+२०० देखि ५९ मिटर सवग्रेडको काम र त्यति नै लम्वाईमा ढुंगा विच्छ्याउने काम गरेको भनी २०७३।३।२९ मा भुक्तानी भएको छ। यसरी एउटै आइटमको काम एउटै चेनेजमा गरेको भनी दोहोरो भुक्तानी भएको पाइएकोले पछिल्लो ठेक्काका निर्माण व्यावसायीलाई सवग्रेड १७७ घन मिटर र ढुंगा विच्छ्याएको ४६.८४ घ.मि.को दर क्रमशः रु.३०।- र रु.२,०००।- ले हुने मूल्य अभिवृद्धि कर समेत रु.१,११,८५९।- असुल हुनुपर्दछ।

१३. **निर्माण स्थल :** बेसीशहर चामे (मनाङ्ग) सडक खण्डमा २०७०।७१ देखि २०७२।७३ सम्म ७ ठेक्का व्यबस्था भएको छ । प्रत्येक ठेक्काको लागत अनुमान स्वीकृत गर्नु अगावै सो ठेक्काबाट सम्पन्न गरिने सडकको चेनेज वा स्थान तय गर्नुपर्नेमा नगरी सडकको पूरै लम्वाई उल्लेख गरी ठेक्का व्यबस्था गरेको देखिन्छ । निर्माण व्यवसायीले काम गर्नुपर्ने वास्तविक चेनेज वा स्थान तय नगर्दा निर्माण व्यवसायीको अनुकुलताको स्थानमा काम हुनसक्ने देखिएको छ । खरिद सम्झौता भएपछि पनि निर्माण व्यवसायीले काम शुरु गर्नु अघि चेनेज वा स्थान तोक्ने गरेको पाइएन । यसो गर्दा सजिलो स्थानमा निर्माण कार्य हुने, बिभिन्न ठेक्का बीचको काममा दोहोरोपना हुनसक्ने, काम गरेको स्थानमा ओभरल्यापिङ्ग हुनसक्ने जोखिम देखिएको छ । लागत अनुमान तयार गर्दा नै काम गर्नुपर्ने चेनेज वा स्थानको सम्बन्धमा किटान हुनुपर्दछ ।

१४. **क्षेत्रीय तथा पर्यटकीय सडक :** खत्रीठाँटी-परेवाडाँडा-कुन्छा-धितालचौतारा-समीभन्ज्याङ - पराजुली सडक स्तरोन्नतिका लागि निर्माण व्यावसायीसंग मूल्य अभिवृद्धि कर समेत रु.२,००,८०,८६७।- मा २०७३।९।३० सम्म कार्यसम्पन्न गर्ने गरी २०७२।३।३० मा सम्झौता भएको छ । निज निर्माण व्यवसायीलाई २०७३ आषाढ मसान्तसम्म दोस्रो रनिङ विलसम्म मूल्य समायोजन रु.३,३६,४९२। समेत रु.७१,३४,९८९। भुक्तानी भएको छ । सम्झौतामा ३० प्रतिशत भन्दा बढीको भुक्तानीमा क्रमश: ३० प्रतिशतका दरले मोविलाइजेशन पेश्की कट्टा गर्नुपर्ने उल्लेख छ । कार्यालयले रकमको ३३.८५ प्रतिशत भुक्तानी गरी सकेकोमा रु.६,८५,१६६।- को ३० प्रतिशतले हुने रु.२,०५,५५०।- पेश्की कट्टा गर्नुपर्नेमा नगरेकोले सो रकमको १० प्रतिशत व्याजले हुने रु.२०,५५५।- असुल हुनुपर्दछ ।

१५. **बैंक जमानत :** खत्रीठाँटी–कुन्छा–सोतीपसल सीसाघाट सडकको व्ल्याकटप, ह्यूमपाइप, कल्भर्ट निर्माण, रिटेनिङ स्ट्रक्चर र स्टोन मेशिनरी आदि कार्यको लागि एक निर्माण व्यवसायीलाई गएको पेश्की रु.३५ लाख बांकी नै रहेकोमा बैंक जमानतको म्याद २०७३।५।२२ मा समाप्त भएकोले उक्त पेश्की जोखिममा परेको छ । बैंक जमानतको म्याद थप गर्नुपर्ने अन्यथा उक्त पेश्की असुल हुनुपर्दछ ।

१६. **भेरिएशन :** एक निर्माण व्यावसायीसंग रु.१,२३,३५,०६१।- को सम्झौता भई तेश्रो रनिङ्ग बिलसम्म रु.९७,३७,५५३।- भुक्तानी गरेको छ । ग्याविनको काम १३५ घ.मि.गर्ने गरी लागत अनुमान स्वीकृत भएकोमा भेरिएशन आदेश वेगर २७८ घ.मि.को रु.रु.४,९३,१५०।- भुक्तानी भएको नियमित देखिएन ।

१७. **कन्टिन्जेन्सी खर्च :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार निर्माण कार्यको लागत अनुमान निकाल्ने तरिकामा ५ प्रतिशत कन्टिन्जेन्सी समावेश गर्ने व्यबस्था भए अनुसार यो बर्ष रु.१,६३,४१,३६०।- खर्च लेखेको छ । सो मध्ये रु.५०,००,०००।- सवारी साधन खरिद गर्ने प्रयोजनको लागि सडक बिभाग पठाएको छ भने बांकी रु.१,१३,४१,३६०।- सवारी ईन्धन, सुपरभाइजर पारिश्रमिक, सवारीसाधन मर्मत, कार्यालय सामान, सूचना प्रकाशन, दैनिक तथा भ्रमण भत्ता र अन्य कार्यमा खर्च गरेको देखिएको छ । कन्टिन्जेन्सी रकम निर्माण कार्यसंग प्रत्यक्ष सम्बन्धित काममा खर्च गर्नुपर्नेमा प्रशासनिक तथा कार्यालय संचालनसंग सम्बन्धित काममा खर्च गरेको छ । यस सम्बन्धमा कन्टिन्जेन्सी खर्च गर्नको लागि छुट्टै कार्यविधि सहितको निर्देशिका स्वीकृत गरी खर्च गरिने भन्ने सम्बन्धित मन्त्रालयले पटकपटक प्रतिबद्धता व्यक्त भए तापनि सो भए गरेको नपाइएकोले उक्त खर्च नियमित देखिएन ।

१८. **पेश्की :** वर्षान्तमा १७ निर्माण व्यावसायीलाई दिएको पेश्की रु.७,८८,७७,०००।- फछ्र्यौट नभएकाले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ बमोजिम असुल फछ्र्यौट हुनुपर्दछ ।

१९. **आन्तरिक नियन्त्रण** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरि आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा खरिद गुरु योजना नबनाएको, कार्यसम्पन्न भए पश्चात समयमै पेश्की फछ्र्यौट नगरेको, समयमै पेश्की फछ्र्यौट नगरेको अबस्थामा फिर्ता दाखिला रकममा व्याज लिने नगरेको, दैनिक भत्ता तथा भ्रमण खर्चको बिल भुक्तानी गर्दा अनिवार्य रुपमा भ्रमण प्रतिवेदन संलग्न गर्नुपर्ने व्यबस्थाको कार्यान्वयन नभएको, जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार गरेकोमा प्रतिवेदनमा उल्लेख भएबमोजिम पुराना सामानको मर्मत सम्भार र लिलाम बिक्री कार्य नभएको, जिन्सी खातामा रहेका केही सामानको मूल्य नखुलाई आम्दानी बाँधेको, जिन्सी खाता अद्यावधिक र प्रमाणित नगरेको, चौमासिक रुपमा वार्षिक कार्यक्रम स्वीकृत गरी सोही बमोजिम लक्ष्य तोकी खर्च हुने नगरेको, खर्च भएका सबै बिल भरपाईहरुमा सिलसिलेवार नम्बर राखी अधिकार प्राप्त अधिकारीबाट प्रमाणित गरी भुक्तानी भएको जनाउने छाप नलगाएको, उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको, बर्षैपिच्छे लेखापरीक्षणले औंल्याउदै आएको सुझाब कार्यान्वयन नगरेको, जस्ता व्यहोरा देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

## सिचाई विकास डिभिजन

१. **ढिला अख्तियारी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ (२) अनुसार मन्त्रालय/विभागले आर्थिक बर्ष शुरु भएको १५ दिनभित्र मातहत कार्यालयहरुलाई स्वीकृत कार्यक्रम तथा खर्च गर्ने अख्तियारी पठाउनुपर्ने व्यवस्था छ । त्यस कार्यालयमा यस वर्ष बिभिन्न बजेट शीर्षकहरुमा रु.१,१६,०९ हजारको थप अख्तियारी २०७३ आषाढमा मात्र प्राप्त भएको देखियो । यसरी वर्षान्तमा वजेट तथा खर्च गर्ने अख्तियारी प्राप्त हुँदा स्वीकृत कार्यक्रम अनुसारका कामहरु तोकिएको समयभित्र सम्पन्न गर्न हतार-हतारमा गर्नुपर्ने र त्यसरी गरिएका कार्यहरुमा गुणस्तर कायम गर्न कठिनाई हुने देखिन्छ । अतः नियमको व्यवस्था अनुसार तोकिएको अवधिभित्र वजेट, कार्यक्रम तथा खर्चको अख्तियारी प्रदान गर्न तालुक विभागले ध्यान दिनुपर्दछ ।

२. **चौमासिक खर्च** : चौमासिकरुपमा वार्षिक कार्यक्रम स्वीकृत गरी सोही बमोजिम चौमासिक रुपमा लक्ष्य तोकी बजेट विनियोजन गरिएको हुन्छ । कार्यालयले उपलव्ध गराएको बिबरण अनुसार पूँजीगततर्फ जम्मा रु.८,५८,७७,०००।- खर्च भएकोमा प्रथम चौमासिकमा खर्च नभएको, दोश्रो चौमासिकमा रु.१,३१,४५,०००।- (१५.३० प्रतिशत), तेस्रो चौमासिकमा रु.७,२७,३१,०००।- (८४.७० प्रतिशत) र आषाढमा मात्र रु.३,२३,३७,०००।- (३७.६५ प्रतिशत) खर्च भएको छ । यसरी खर्च गरिदा खर्चको सदुपयोग नहुनसक्ने, यथा समयमा ठेक्कापट्टा तथा उपभोक्ता समितिसंग सम्झौता गरी खर्च गर्नुपर्दछ । हतारमा काम गरिंदा निर्माण कार्यको गुणस्तर कायम नहुने अवस्था देखिन्छ ।

३. **प्रगति स्थिति** : त्यस कार्यालयले यो वर्षको लक्ष्यको तुलनामा समग्रमा ९०.१ प्रतिशत भौतिक प्रगति हासिल गरेको उल्लेख छ । बिभिन्न ५योजनामा ७५ प्रतिशत भन्दा कम प्रगति भएको देखिएको छ । लक्ष्य वमोजिम काम सम्पन्न गर्नेतर्फ कार्यालयले विशेष ध्यान दिनुपर्ने देखिएको छ ।

४. **मझौला सिँचाई योजनाहरु** : सिंचाई योजनाका उपभोक्तासँग भएको सम्झौतामा लागत अनुमान मध्ये केही प्रतिशत उपभोक्ताले व्यहोर्ने उल्लेख छ । कुल कार्यसम्पन्न भएको मध्ये उपभोक्ताले व्यहोर्नुपर्ने अनुपातमा रकम कट्टा गरी बाँकी मात्र भुक्तानी दिनुपर्नेमा अनुपातिक रुपमा कट्टा नगरी उपभोक्तले व्यहोर्नुपर्ने रकम घटी कट्टा गरी रु.३,४९,२५९।- वढी भुक्तानी गरेको देखिएको छ ।

५. **कन्टिन्जेन्सी खर्च** : कन्टिन्जेन्सी खर्च सम्वन्धमा देखिएका व्यहोरा निम्न छनः

५.१. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसूची अनुसार कन्टिन्जेन्सी खर्च प्रत्येक ठेक्काको लागत अनुमानसँग सम्वन्धित हुने हुनाले कन्टिन्जेन्सी खर्चको ठेक्कागत अभिलेख राख्नुपर्नेमा सो राखेको पाइएन ।

५.२. कन्टिन्जेन्सी खर्च ५प्रतिशत मध्ये २ प्रतिशत पूंजीगत कार्यमा खर्च गर्नुपर्ने गरी अर्थ मन्त्रालयबाट पटकपटक परिपत्र भए अनुसार कूल खर्च मध्ये रु.८,६४,७०९।- पूंजीगत कार्यमा खर्च गर्नुपर्नेमा पूंजीगत कार्यमा (फर्निचर खरिद) रु.१,९४,८९८।- मात्र खर्च गरेको छ । बांकी रु.६,६९,८११।- चालु प्रकृतिको प्रशासनिक काममा खर्च गरेको नियमित देखिएन ।

५.३. कन्टिन्जेन्सी खर्च मध्ये दैनिक भ्रमण भत्तामा मात्र रु.८,१३,९९१।- खर्च लेखेको देखिएको छ । योजनाहरुको निरीक्षण, अनुगमन गरेको भनि खर्च लेख्ने गरेकोमा भ्रमण प्रतिवेदन लिने गरेको छैन । एउटै योजनामा छोटो अवधिमा पटकपटक भ्रमण गरेको भनि दैनिक भ्रमण भत्ता लिने गरेको देखिन्छ । वजेट उपशीर्षक ३५७१०८४ अन्तर्गत अत्रौली पुटार सिँचाई योजना, गजरकोट एक मात्र योजना संचालनमा रहेकोमा उक्त योजना निरीक्षण अनुगमन भनी एकै पटक प्रशासनिक कर्मचारी लगायत ४/५ जनासम्म भ्रमण गरेको दैनिक भ्रमण भत्ता भुक्तानी भएको छ । अनुत्पादक कार्यमा खर्च गर्ने परिपाटीमा नियन्त्रण हुनुपर्दछ ।

६. **बोलपत्रमा सहभागिता** : त्यस कार्यालयबाट यो वर्ष ४ वटा ठेक्का बन्दोवस्त भएको छ । लागत अनुमान रु.१५,३३,६९,०००।- रहेकोमा रु.१४,८९,८८,०००।- मा सम्झौता भएको छ । बोलपत्र फाराम २९ वटा बिक्री भएकोमा ८ वटा दर्ता भएको छ । सो मध्ये एक ठेक्कामा एउटा मात्र बोलपत्र दर्ता भएको छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६२ मा वोलपत्रहरु वीच खरिद सम्वन्धी काम बाँडफाँड गर्न, खुल्ला तथा स्वतन्त्र प्रतिष्पर्धाको लाभवाट वन्चित गर्न नहुने उल्लेख छ । माथिको विवरण अनुसार वोलपत्रमा प्रयाप्त सहभागिता तथा प्रतिष्पर्धा भएको नदेखिएकोले कार्यालयले प्रतिष्पर्धात्मक वातावरण तयार गर्नेतर्फ ध्यान दिनुपर्ने देखिएको छ ।

७. **नयाँ प्रविधिमा आधारित सिँचाई योजना** : सिंचाई योजनाका उपभोक्तासँग भएको सम्झौता अनुसार कुल काम सम्पन्न भएको मध्ये उपभोक्ताले व्यहोर्नुपर्ने अनुपातमा रकम कट्टा गरी बाँकी रकम मात्र भुक्तानी दिनुपर्नेमा अनुपातिक रुपमा कट्टा नगरी उपभोक्तले व्यहोर्नुपर्ने रकम घटी कट्टा गरी रु.२,२६,०८५।- वढी भुक्तानी गरेको देखिएको छ ।

८. **भुक्तानीमा कर** : आयकर ऐन, २०५८ को दफा ८८ मा तोकिएको भुक्तानीमा १.५ प्रतिशत अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था अनुसार बिभिन्न भुक्तानीमा कट्टी गर्नुपर्ने आयकर कर रु.१७,००१।- कट्टी गरेको पाइएन । उक्त रकम असुल गर्नुपर्ने देखिएको छ ।

९. **धरौटीतर्फ** : आर्थिक कार्यविधि नियमावली, २०६४ नियम ६६(३) अनुसार २०६७ भन्दा अघिको रु.९३,५४७।- धरौटी सदरस्याहा गर्नुपर्नेमा गरेको छैन ।

१०. **पेश्की** : आर्थिक बर्षको अन्तमा रु.१,८२,५५,०४०।- पेश्की बांकी रहेकोमा लेखापरीक्षण अवधिसम्म रु.४३,०००।- फछ्र्यौट भएकोले बांकी रहेको रु.१,८२,१२,०४०।- पेश्की सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ बमोजिम असुल फछ्र्यौट गर्नुपर्दछ ।

११. **आन्तरिक नियन्त्रण** : बिभिन्न ऐन नियम एवं कार्यबिधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यबस्थाको कार्यान्वयन गर्नु पर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको मूल्यांकन गर्दा कार्य सम्पन्न भए पश्चात समयमै पेश्की फछ्र्यौट गर्ने नगरेको, समयमै पेश्की फछ्र्यौट नगरेको अबस्थामा फिर्ता दाखिला रकममा व्याज लिने नगरेको, दैनिक भत्ता तथा भ्रमण खर्चको बिल भुक्तानी गर्दा अनिवार्य रुपमा भ्रमण प्रतिवेदन संलग्न गर्नुपर्ने व्यबस्थाको आंशिक कार्यान्वयन भएको, जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार गरेकोमा प्रतिवेदनमा उल्लेख भएबमोजिम पुराना सामानको मर्मत संभार र लिलाम बिक्री कार्य नभएको, मूल्य नखुलेका

पुराना सामानको मूल्य कायम नगराएको, चौमासिकरुपमा वार्षिक कार्यक्रम स्वीकृत गरी सोही बमोजिम चौमासिकरुपमा लक्ष्य तोकी बजेट विनियोजन भएको सोही बमोजिम खर्च हुने नगरेको, परियोजनाले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको, आर्थिक कार्यविधि ऐन र नियमावलीमा उल्लेख भएको व्यबस्था पालना हुन नसकेको एवं यस सम्बन्धमा बर्षैपिच्छे लेखापरीक्षणले औंल्याउदै आएकोमा सुझाब कार्यान्वयन नगरेकोले जस्ता व्यहोरा देखिएका छन् । आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनु पर्दछ ।

## जिल्ला स्वास्थ्य कार्यालय

१. **लक्ष्य/प्रगति** : कार्यालयका लागि वार्षिक सम्पन्न गर्नुपर्ने गरी विभिन्न क्रियाकलापहरु निर्धारण गरिएकोमा कार्यालयवाट कतिपय क्रियाकलापहरु सम्पन्न गरी शतप्रतिशत प्रगति देखाए तापनि केही क्रियाकलापहरु तोकिए वमोजिम सम्पन्न गर्न सकेको देखिएन ।

२. **सीधै खरिद** : विभिन्न रोगको उपचारको लागि जनतालाई निशुल्क औषधि वितरण गर्ने कार्यको लागि रु.४६,८३,०००।- बजेट व्यवस्था भएकोमा रु.४६,८२,४७४।- (ढुवानी रु.४,८३,०००।- समेत) मुल्यको औषधि खरिद गरी खर्च गरेको छ । ४२ प्रकारका औषधि बोलपत्रको माध्यमबाट २०७२।१२।३० मा प्राप्त गरी रु.२३,०९,८२०।- खर्च लेखेको छ । बाँकी रु.१८,८९,६५४।- मूल्यको औषधि पटक पटक गरी सिधै खरिद गरेको देखिएको छ । समयमै बोलपत्रको माध्यमबाट औषधि प्राप्त गर्ने व्यवस्था हुनपर्दछ ।

३. **खरिद** : अस्पताल व्यवस्थापन सुदृढिकरण कार्यक्रम अन्तर्गत वजेट व्यवस्था भएको रु.३७,००,०००।- मध्ये अस्पताल हातामा फार्मेशी संचालन गर्ने प्रयोजनको लागि रु.३,६०,०००।- वजेट व्यवस्था भएकोमा एक्सरे फिल्म, मेडिकल सामाग्री आदि खरिद गरी रु.३,५६,१२३।- खर्च लेखेको देखियो । उद्देश्य प्रतिकुल हुनेगरी खर्च गरेको नियमित देखिएन ।

४. **वढी भुक्तानी** : एक गैरसरकारी संस्थालाई १५ स्वास्थ्य चौकीमा २०७३।२।२५ देखि ३।२६ सम्म सञ्चालित सामाजिक परीक्षण कार्यक्रम सञ्चालनार्थ आर्थिक प्रस्ताव अनुसार रु.२,३२,५००।- दिने सम्झौता भएकोमा कार्यालयले रु.२,६१,७२५।- भुक्तानी गरेको देखियो । सम्झौता र आर्थिक प्रस्ताव भन्दा वढी भुक्तानी दिएको रु.२९,२२५।- असुलउपर गर्नुपर्दछ ।

५. **औषधि नष्ट** : कार्यालयले यो वर्ष १२ प्रकारका औषधिहरु म्याद समाप्त भएको भनि नष्ट गरेको छ । उक्त सवै औषधिहरु स्वास्थ्य सेवा विभाग तथा मेडिकल स्टोरवाट प्राप्त भएकोमा ६ प्रकारका औषधिको मूल्य रु.८,५८,०९१।- रहेको छ भने ६ प्रकारका औषधिको मूल्य खुलेको छैन । आवश्यकता निर्धारण नगरी तथा कम म्याद भएका औषधि पठाई नष्ट गराउनेको एकिन गरी कारवाही गर्नुपर्ने देखिएको छ ।

६. **आमा सुरक्षा** : आमा सुरक्षा कार्यक्रम वापत अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकीहरुलाई नर्म्समा तोकिए बमोजिम रकम अनुदान दिई खर्च लेख्ने गरेको देखिन्छ । प्रसूति सेवा उपलब्ध गराउने संस्थाले दिएको एच एम आइ एस तथ्याङ्कको आधारमा नै पेश्की फछ्र्यौट गर्ने र थप रकम उपलब्ध गराउने गरेको देखिन्छ । प्रसुति सेवा प्रदान गर्ने संस्थाले गुणस्तरीय सेवा दिए नदिएको सम्बन्धित बिरामीले पाउने रकम सजिलै पाए नपाएको जस्ता कार्यहरुको कार्यालयवाट अनुगमन तथा मूल्याङ्कन नियमित रुपमा गर्नुपर्दछ ।

७. **पुनर्जागरण कार्यक्रम** : जिल्ला अस्पताल, प्रा.स्वा.के. र स्वास्थ्य चौकीहरुको लागि ओ.पि.डी.टिकट छपाई र दर्ता शुल्क वापत अनुदान कार्यक्रमको लागि रु.१५ लाख बजेट व्यबस्था भएकोमा पूरै खर्च लेखेको छ । सो मध्ये स्वास्थ्य संस्थालाई रु.१५ लाख नगद अनुदान दिएको छ । स्वास्थ्य संस्थालाई पठाएको रकम मध्ये खर्च भई बांकी रहेको रकम र सोको उपलव्धी सम्बन्धमा अनुगमन गर्नुपर्दछ ।

८. **मेशिनरी औजार खरिद** : वर्थिङ सेन्टरमा २ वटा उपकरण खरिद गर्न रु.३ लाख रीङ पेसरी खरिद गर्न रु.३६ हजार र कोल्डचेन उपकरण मर्मत गर्न रु.१२ हजार गरी रु.३,४८,०००।- बजेट व्यवस्था भएकोमा पूरै खर्च गरेको छ । खरिद गरेको मध्ये रीङ पेसरी र डेलिभरी वेड खरिद गरी खर्च लेखेको रु.१,३२,५९०।- खर्च लेखेको कार्यक्रम सम्मत देखिएको छ भने अन्य बिभिन्न सामान खरिद गरी खर्च लेखेको रु.२,१५,४१०।- कार्यक्रम सम्मत देखिएन ।

९. **खरिद :** फर्निचर खरीद गर्न रु.३,००,०००।- बजेट व्यवस्था भएकोमा रु.२,९९,५२५।- खर्च लेखेको छ । उक्त खर्च मध्ये फर्निचर मर्मत, सिरक तन्ना तौलिया, पानी टैंकी आदि खरिद गरेको रु.६१,५२८।- नियम सम्मत देखिएन ।

१०. **कार्यसम्पन्न प्रतिवेदन :** नगर स्वास्थ्य केन्द्र भवन निर्माणको लागि प्राप्त रु.२५,००,०००।- व्यास नगरपालिका कार्यालयलाई अनुदान दिएको पाइयो । भवन निर्माण सम्पन्न भएको कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्दछ ।

११. **एड्स तथा यौनरोग नियन्त्रण कार्यक्रम** : एक कर्मचारीले बिभिन्न तालिम संचालन गर्न लिएको पेश्की रु.१४,४४,७५०।- फछ्र्यौट गरेकोमा तालिमको समय तालिका नबनाएको, प्रशिक्षण गरिने बिषयवस्तुको कोर्श संरचना नगरेको, कक्षा संचालन गरेको नदेखिएको, प्रशिक्षक गरिएको बिषय र प्रशिक्षक नखुलेको साथै प्रशिक्षकहरुलाई प्रशिक्षण गरे वापत भत्ता भुक्तानी गर्दा दैनिक भ्रमण भत्ता भनी भुक्तानी गरेको छ । तालिम संचालन प्रकृया नियम सम्मत देखिएन ।

१२. **अनुगमन प्रतिवेदन :** आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम अनुगमन मूल्याङकन वापतको खर्च लेख्दा अनुगमन गरिएको कार्यको अनुगमन प्रतिवेदन पेश भएपछि मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले अनुगमन मूल्याङकन वापत रु.३,६८,५००।- खर्च लेखेकोमा अनुगमन प्रतिवेदन पेश भएको छैन । अनुगमन प्रतिवेदन प्राप्त भएपछि मात्र भुक्तानी हुनुपर्दछ ।

१३. **राजश्वतर्फ** : तनहुँ जिल्लास्थित सञ्चालनमा रहेका तथा गैरसरकारी स्वास्थ्य संस्थाहरु दर्ता, नविकरण वापत रु.१,२२,७००।- राजश्व प्राप्त भएको छ । जिल्लामा दर्ता भै सञ्चालनमा रहेका मध्ये नविकरण नगर्ने संस्थाको अभिलेख अद्यावधिक गरेको छैन । दर्ता संस्था, नविकरण गरेका, संचालनमा रहेका, नरहेका तथा नविकरण नगरेका संस्थाको अभिलेख माग गरिएकोमा प्राप्त नभएकोले यथार्थता स्पष्ट हुन सकेन ।

१४. **आन्तरिक नियन्त्रण :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरि आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा खरिद गुरु योजना नबनाएको, कार्यसम्पन्न भए पश्चात समयमै पेश्की फछ्र्यौट नगरेको, समयमै पेश्की फछ्र्यौट नगरेको अबस्थामा फिर्ता दाखिला रकममा व्याज लिने नगरेको, दैनिक भत्ता तथा भ्रमण खर्चको बिल भुक्तानी गर्दा अनिवार्य रुपमा भ्रमण प्रतिवेदन संलग्न गर्नुपर्ने व्यबस्थाको कार्यान्वयन नभएको, वार्षिक खरिद योजना बनाएकोमा सो को कार्यानवयन नभएको, जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार गरेकोमा प्रतिवेदनमा उल्लेख भएबमोजिम पुराना सामानको मर्मत सम्भार र लिलाम बिक्री कार्य नभएको, जिन्सी खातामा रहेका केही सामानको मूल्य नखुलाई आम्दानी बाँधेको, जिन्सी खाता अद्यावधिक र प्रमाणित नगरेको, चौमासिक रुपमा वार्षिक कार्यक्रम स्वीकृत गरी सोही बमोजिम लक्ष्य तोकी खर्च हुने नगरेको, खर्च भएका सबै बिल भरपाईहरुमा सिलसिलेवार नम्बर राखी अधिकार प्राप्त अधिकारीबाट प्रमाणित गरी भुक्तानी भएको जनाउने छाप नलगाएको, उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको, बर्षेपिच्छे लेखापरीक्षणले औंल्याउदै आएको सुझाव कार्यान्वयन नगरेको, जस्ता व्यहोरा देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

# जिल्ला शिक्षा कार्यालय

१. **अख्तियारी तथा कार्यक्रम** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ को उप-नियम (१) तथा (२) मा आर्थिक वर्ष शुरु भएको १५ दिनभित्र सम्वन्धित कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । तालुक विभागबाट यस कार्यालयलाई ८ वटा उपशीर्षकमा २०७३ जेष्ठ/आषाढमा रु.१,२६,४७,०००।- को थप अख्तियारी समेत पठाएको पाइयो । आर्थिक वर्षको अन्ततिर खर्च गर्ने थप अख्तियारी दिदा सार्वजनिक खरिद सम्बन्धी कारबाहीमा चाप पर्दा कामको गुणस्तर, प्रभावकारिता एवं दिगोपनामा समेत प्रभावपर्ने स्थिति रहन्छ । तसर्थ नियमावलीले तोकिदिएको अवधिभित्र बजेट विवरण एवं खर्च गर्ने अख्तियारी प्रदान गर्न तालुक विभागले यथासमयमै ध्यान दिनुपर्दछ ।

२. **कार्यक्रम संचालन प्रकिया** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(५) अनुसार सरकारी निकायबाट कुनै तालिम,सेमिनार,गोष्ठी, कार्याशाला, गोष्ठी गर्नु पर्दा सो कार्यको कार्यक्रम तथा लागत अनुमान तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्दछ । यस्तो स्वीकृत कार्यक्रम अनुरूप सञ्चालित तालिम, सेमिनार, गोष्ठी, कार्यशाला गोष्ठी आदि सम्पन्न भइसकेपछि कार्यक्रम अनुरूप कार्य सम्पन्न भए नभएको र त्यसमा खर्च गरिएका मालसामानको विवरण तथा बिल भरपाई सहितको खर्च देखिने गरी प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । तर कार्यालयले यस वर्ष परीक्षा तथा विद्यालय क्षेत्र सुधारको कार्यकम संचालन गरेकोमा सो वमोजिम लागत अनुमान तयार गरी स्वीकृत गराएको पाइएन । नियममा व्यवस्था भए बमोजिम लागत अनुमान तयार, कार्यकम संचालन गर्ने र कार्यकम संपन्न भएपछि लागत अनुमान अनुसार प्रत्येक कियाकलाप र सोको खर्च खुल्ने विवरण तयार गर्ने र खर्च सहितको प्रतिवेदन तयार गर्नुपर्दछ ।

३. **दरवन्दी मिलान** : जिल्ला शिक्षा कार्यालय तनहूंको कार्यक्षेत्र अन्तर्गत २०७२।७३ मा ५०७ विद्यालय रहेको, ती विद्यालयमा कक्षा १ देखि ५ सम्ममा ३०,३४४ विद्यार्थी अध्ययनरत रहेको देखिन्छ । ती विद्यार्थीलाई अध्ययन गराउन १९९४ शिक्षक कार्यरत रहेको पाइयो । शिक्षक विद्यार्थी अनुपात १ शिक्षक बरावर १५ विद्यार्थी रहेको देखिन्छ । प्राथमिक शिक्षक १९९४ जनाको लागि तलब भत्तामा मात्र रु.५३,३०,४९,०००।- खर्च भएको छ । यसरी हेर्दा प्राथमिक विद्यालयको प्रति विद्यार्थी लागत रु.१७,५६७।- रहेको छ । पाठ्यपुस्तक, छात्रवृत्ति लगायतका अन्य सुविधा गणना गर्ने हो भने लागत अझै वृद्धि हुने अवस्था छ । शिक्षा मन्त्रालयले निर्धारण गरेको मापदण्ड अनुसार प्राथमिक तहमा ४५ विद्यार्थीको लागि एक शिक्षक हुनुपर्ने व्यबस्था छ । विद्यार्थी संख्याको आधारमा प्राथमिक शिक्षक दरवन्दी ६७५ जना मात्र कायम हुने देखिएको छ । यसरी विश्लेषण गर्दा १३१९ शिक्षक बढी देखिएको छ । विद्यार्थी अत्यन्त न्यून भएका विद्यालयहरु गाभ्ने शिक्षा मन्त्रालयको समेत नीतिगत निर्णय भएको अवस्थामा विद्यालय गाभ्ने र शिक्षक दरवन्दी मिलान गर्नेतर्फ विशेष ध्यान जानुपर्ने देखिएको छ ।

४. **कम्प्यूटर ल्याव** : शिक्षा मन्त्रालयबाट २०७३।३।२१ मा प्राप्त अख्तियारी बमोजिम ११ विद्यालयलाई न्यूनतम रु.३,००,०००।- देखि रु.८,००,०००।- सम्मका दरले रु.४५,००,०००।- कम्प्यूटर ल्याव स्थापनाको लागि सशर्त अनुदान (पूंजीगत) शीर्षकबाट निकासा दिएकोमा उद्देश्य बमोजिमको कार्य भए नभएको सम्बन्धमा प्रमाण सहित जिल्ला शिक्षा कार्यालयले अनुगमन गर्नुपर्ने व्यबस्था रहेको छ । अनुगमन गरी कार्यसम्पन्न भएको प्रमाण सहितको प्रतिवेदन पेश हुनुपर्दछ ।

५. **बढी तलब निकासा** : कार्यक्रम कार्यान्वयन पुस्तिका २०७२।७३ मा शिक्षकको तलव भत्ता निकासा दिंदा शिक्षकको नामनामेसी सहितको विवरण अद्यावधिक गरी वेभसाइटमा राख्ने, तलव भत्ता लागि अनिवार्य रुपमा बैङ्क खाता खोल्न लगाउनुपर्नेछ । त्यस्तै बढी र दोहोरो निकासा नहुने सुनिश्चितता गरी निकासा दिने व्यवस्था गर्न शिक्षा मन्त्रालय/बिभागबाट निर्देशन उपलव्ध गराएको छ ।

कार्यालयले विद्यालयलाई शिक्षकको तलब रकम निकासा दिंदा रु.४,७३७।- बढी निकासा दिएको पाइयो । यसरी बढी निकासा दिएको रकम असुल हुनुपर्दछ ।

६. **विगतको दायित्व :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी बढी खर्च हुने गरी दायित्व सृजना गर्न हुंदैन । तर विशेष कारण एवं परिस्थितिवश उपनियम (८) मा उल्लिखित खर्च शीर्षकहरुमा रकम आगामी बर्षमा भुक्तानी दिनुपर्ने कारण खोली भुक्तानी दिनुपर्ने बांकीको कच्चावारी(म.ले.प.फा.नं.१८) मा चढाई कार्यालय प्रमुख र केष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराई राख्नुपर्ने व्यबस्था छ। भुक्तानी दिन बांकीको विवरण प्रमाणित नगरी जलदेवी प्राथमिक विद्यालय कोटदरबारका एक शिक्षकको तलब भत्ता रु.९०,३१२।- निकासा छुट भएको भनी निकासा दिएको नियमित देखिएन ।

७. **सफ्टवेयर सुधार :** जिल्ला शिक्षा कार्यालयले शिक्षकहरुको तलब भत्ता निकासा दिंदा विकास गरेको सफ्टवेयर प्रयोग गरेको देखियो । यसको प्रयोगमा ३० दिन एक महिना हुने गरी व्यबस्था गरेकोमा २८ देखि ३२ सम्मको महिना भएकोमा पनि ३० ले नै गणना गर्ने अवस्था रहेको छ । महिनामा ३० दिन भन्दा घटी बढी दिन भएको महिनामा अवकाश हुने, नियुक्ति पाउने शिक्षकको तलब भत्ता गणना गर्दा १/२ दिनको तलब भत्ता बढी भुक्तानी हुनसक्ने जोखिम रहेको पाइयो । सो जोखिमलाई हटाउने गरी सफ्टवेयरमा सुधार हुनुपर्ने देखिएको छ ।

८. **विद्यालय क्षेत्र सुधार कार्यक्रम :** शिक्षा बिभागद्धारा प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७२।७३ मा भौतिक सुविधा विस्तार कार्यक्रमको निकासा दिने सम्बन्धमा उल्लेख छ । कार्तिक मसान्तसम्ममा विद्यालयसंग सम्झौता भै निर्माण सामग्री संकलन गरी जग खन्ने काम सम्पन्न गर्नुपर्ने, उक्त काम सम्पन्न भएपछि १५ प्रतिशत रकम कार्तिक मसान्तसम्ममा निकासा दिने, डि.पि.सि.सम्मको कार्यसम्पन्न गरेपछि ५० प्रतिशत निकासा दिने, गारो लगाउने काम पूरा गरी छाना छाएपछि २० प्रतिशत निकासा दिने र आषाढ १५ गतेसम्म सम्पूर्ण कार्यसम्पन्न गरी प्रतिवेदन पेश भएपछि १५ प्रतिशत निकासा दिने उल्लेख छ । यो बर्ष भौतिक सुविधा विस्तारमा रु.२८,८८,००,०००।- बजेट व्यबस्था भएकोमा सबै रकम ५०१ वटा विद्यालयलाई निकासा दिएको छ । उक्त निर्देशिकाको बेवास्ता गरी कामको भौतिक प्रगति विवरण नलिई २०७२।७।३० मा १५ प्रतिशत, २०७२।११।२८ मा ५० प्रतिशत र २०७३।३।२६ मा बांकी रकम निकासा दिएको छ । निकासा दिएका कुनै पनि विद्यालयको भौतिक प्रगति विवरण लिएको छैन । यसरी विद्यालयलाई निकासा दिएपछि उक्त रकम रोक्का राख्न सम्बन्धित बैंकलाई आदेश दिएको छ । सो मध्ये २२ विद्यालयको रु.७५,००,०००।- को कार्यसम्पन्न प्रतिवेदन पेश भएको छ भने बांकी विद्यालयको लागि दिएको रु.२८,१३,००,०००।- को निर्माण कार्यसम्पन्न भएको प्रमाण लगायत कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्दछ ।

९. **अग्रिम कर :** आयकर ऐन, २०५८ को दफा ८८ अनुसार मूल्य अभिवृद्धि कर विजकको भुक्तानीमा १.५ प्रतिशत अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । एक सप्लायर्सलाई मूल्य अभिवृद्धि कर समेत रु.१,४६,३६३।- भुक्तानी गरेकोमा १.५ प्रतिशतले रु.१,९४२।- कर कट्टा गरेको नदेखिएकोले असुल गरी राजस्व खातामा दाखिला गर्नुपर्दछ ।

१०. **प्रमाण कागजात** : पोर्टफोलियो फाइल १,०००, विद्यार्थी प्रोफाइल ३५,०००, उपचारात्मक शिक्षण अभिलेख १५,००० र रेजा फाईल ९५२५ समेत रु.१,४६,३६३।- मूल्यका सामान १७ जना श्रोत व्यक्तिले बुझि लगेकोमा उक्त सामान प्रयोग भएको प्रमाण पेश नभएकोले प्रयोग भएको देखिने प्रमाण कागजात पेश हुनपर्दछ ।

११. **बढी फछ्र्यौट** : एक श्रोतले लिएको पेश्की रु.५६,७५०।- फछ्र्यौट गरेकोमा प्रधानाध्यापक बैठक र श्रोत केन्द्र व्यबस्थापन खर्च रु.२७,७५०।- को मात्र खर्चको बिल भरपाई पेश भएकोले बिल भरपाई भन्दा बढी फछ्र्यौट गरेको रु.२९,०००।- असुल हुनुपर्दछ ।

१२. **सामुदायिक विद्यालय क्षमता अभिवृद्धि कार्यक्रम** : दुईवटा उच्च माध्यमिक विद्यालयलाई ल्याव स्थापनाका लागि रु.५३,००,०००।- निकासा दिएको छ । उक्त रकम निश्चित कार्यक्रम संचालन गर्नको लागि सशर्त अनुदान भएकाले ती विद्यालयले तोकिएको कार्यक्रम सम्पन्न गरेको कार्यसम्पन्न प्रतिवेदन सहित खर्चको प्रमाण पेश गर्नुपर्दछ ।

१३. **शीर्षक फरक पारि खर्च लेखेको** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५ बमोजिम रकम स्वीकृत बजेट भित्र र सम्बन्धित खर्च शीर्षकमा पर्दछ र खर्च गर्न बाँकी छ भने मात्र खर्च गन सकिने व्यवस्था छ । करारमा कार्यरत कर्मचारीलाई खर्च शीर्षक नं. २२४१२ (अन्य सेवा शुल्क) बाट खर्च लेखि भुक्तानी दिनुपर्नेमा २ जना करार सेवाका कर्मचारीहरुलाई तलब शीर्षकबाट रु.५,२८,१९०।- खर्च लेखि भुक्तानी दिएको नियमित देखिएन ।

१४. **अनौपचारिक शिक्षा केन्द्र** : स्वीकृत वार्षिक कार्यक्रम (२.२) अनुसार साक्षर नेपाल अभियानतर्फ सामुदायिक अध्ययन केन्द्रको संस्थागत सुदृढीकरण (पुस्तकालय तथा सुचना प्रविधिको स्थापना) अनुदानमा रु.१,५०,०००। विनियोजन भए ३ केन्द्रलाई निकासा दिएको छ। पुस्तकालय तथा सुचना प्रविधिको स्थापना भएको कार्यसम्पन्न प्रतिवेदन तथा खर्चको प्रमाण प्राप्त गरी अनुगमन गर्नुपर्दछ ।

१५. **जिल्ला शिक्षा समितितर्फ** : कार्यालयले यस आर्थिक वर्ष जिल्ला शिक्षा समिति तर्फ वजेट तथा कार्यक्रम निर्धारण नगरी रु.२९,१५,७६४। खर्च लेखेको छ । यसरी वजेट तथा कार्यक्रम स्वीकृत नगरी खर्च गर्दा खर्च पारदर्शी, मितव्ययी र उद्देश्य मुलक नभई वजेटरी नियन्त्रण व्यवस्था कायम नहुन सक्दछ । अतः बार्षिक कार्यक्रम तथा वजेट स्वीकृत गराई खर्च गर्नुपर्दछ ।

१६. **भरपाई** : वैदेशिक रोजगार छात्रवृति सिफारिस समितिको बैठक भत्ता रु.१,८००।- भुक्तानी गरेकोमा कर कट्टा गरी बांकी रु.१,५३०। को सम्बन्धित व्यक्तिले प्राप्त गरेको भरपाई नभएकोले असुल गर्नुपर्दछ ।

१७. **पेश्की** : वर्षान्तमा पनि २५ कर्मचारीलाई दिएको पेश्की रु.१५,८७,२३०।- फछ्यौंट नभएकाले आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार असुल फछ्यौंट हुनुपर्दछ ।

१८. **आन्तरिक नियन्त्रण** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरि आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा खरिद गुरु योजना नबनाएको, कार्यसम्पन्न भए पश्चात समयमै पेश्की फछ्र्यौट नगरेको, समयमै पेश्की फछ्र्यौट नगरेको अबस्थामा फिर्ता दाखिला रकममा व्याज लिने नगरेको, दैनिक भत्ता तथा भ्रमण खर्चको बिल भुक्तानी गर्दा अनिवार्य रुपमा भ्रमण प्रतिवेदन संलग्न गर्नुपर्ने व्यबस्थाको कार्यान्वयन नभएको, जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार गरेकोमा प्रतिवेदनमा उल्लेख भएबमोजिम पुराना सामानको मर्मत सम्भार र लिलाम बिक्री कार्य नभएको, जिन्सी खातामा रहेका केही सामानको मूल्य नखुलाई आम्दानी बाँधेको, जिन्सी खाता अद्यावधिक र प्रमाणित नगरेको, चौमासिक रुपमा वार्षिक कार्यक्रम स्वीकृत गरी सोही बमोजिम लक्ष्य तोकी खर्च हुने नगरेको, खर्च भएका सबै बिल भरपाईहरुमा सिलसिलेवार नम्बर राखी अधिकार प्राप्त अधिकारीबाट प्रमाणित गरी भुक्तानी भएको जनाउने छाप नलगाएको, उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको, सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ बमोजिम तालुक कार्यालयले निरीक्षण नगरेको, बर्षेपिच्छे लेखापरीक्षणले औंल्याउदै आएको सुझाब कार्यान्वयन नगरेको, जस्ता व्यहोरा देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

## नयाँ शहर आयोजना कार्यालयं

१. **आयोजनाको उद्देश्य** : मध्यपहाडी लोकमार्ग र उत्तरदक्षिण सडक कोरिडोरको मिलनविन्दु वा यसको करिव ३ कि.मि. आसपासको क्षेत्र/वस्तीलाई समेटी वि.सं.२०९० सम्ममा १० वटा आधुनिक सुविधा सम्पन्न नयां शहरको लागि आवश्यकपर्ने शहरी पूर्वाधारहरु विकास, निर्माण गर्नु यस आयोजनाको

उद्देश्य रहेको देखिन्छ। हाल मध्यपहाडी लोकमार्ग सिन्धुपाल्चोक-नुवाकोट-धादिङ्ग-गोरखा-लमजुङ्ग-कास्की हुंदै निर्माण गर्ने गरी पुनः रेखांकन भएको परिस्थितिमा यस आयोजनाको सम्बन्धमा थप निर्णय भएको देखिएन। आयोजनाको गुरु योजना हालसम्म स्वीकृत भएको छैन। यो बर्ष त्यस आयोजनाले बिभिन्न सडकमा कालोपत्रे, ग्राभेल तथा ट्र्याक खोल्ने काम गरेको छ भने ३ वटा गोरेटो बाटोमा सिंढी लगाउने काम गरेको पाइयो। गुरुयोजना स्वीकृत नगरी यस्ता काम गराउंदा भविष्यमा स्वीकृत हुने गुरुयोजनासंग मेल नखाने अवस्था पनि आउनसक्छ। वृहतरुपमा गुरुयोजना स्वीकृत गरी मात्र आयोजना कार्यान्वयन हुनुपर्दछ।

२. **योजना छनौट** : आयोजनाले यो बर्ष बिभिन्न सडक निर्माणको कामलाई ससाना प्याकेज बनाई बोलपत्रको माध्यमबाट २ प्याकेज र सिलवन्दी दरभाउपत्रको माध्यमबाट सडकतर्फ २ प्याकेज तथा गोरेटो बाटोमा सिंढी निर्माणको कामलाई ३ प्याकेज बनाई रु.१,७२,८४,४८३।- खर्च लेखेको छ। यसै गरी कल्याणटार मोटरमार्गको स्तरोन्नतिको काम (ड्रेन र ग्राभेल) को काम उपभोक्ताबाट रु.२५,००,०००।- र सडक निर्माणको कामलाई तीन ससाना प्याकेजका टुक्रा बनाई सिधै सम्झौता गरी रु.१४,१४,७४५।- खर्च लेखेको छ। आयोजनाको गुरुयोजनाको अभावमा ससाना योजनाहरु के आधारमा छनौट गरेको हो स्पष्ट छैन।

३. **प्रतिस्पर्धा** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६२ मा बोलपत्रदाताहरु बीच खरिद सम्बन्धी काम बांडफांड गर्न नहुने, स्वतन्त्र प्रतिस्पर्धाबाट बञ्चित गर्न नहुने, बोलपत्र पेश गर्नु अघि वा पछि मिलोमतो वा गुटबन्दी गर्न नहुने उल्लेख छ। यसबाट खरिद कार्यमा स्वच्छ र पारदर्शी व्यबस्था अपनाउनुपर्ने देखिन्छ। त्यस कार्यालयबाट यो बर्ष ठेक्का बन्दोवस्त भएका लागत अनुमान ९ लाख देखि ६७ लाख रुपैयां सम्मका सडक निर्माण कार्यका ७ ठेक्काहरुमा बोलपत्र बिक्री भएको तुलनामा न्यून संख्यामा बोलपत्र दर्ता भएको र लागत अनुमानको हाराहारीमा बोलपत्र/दरभाउपत्र स्वीकृत भएको देखिएको छ। यसबाट बोलपत्रदाताहरु बीच मिलेमतो भएको हुनसक्नेतर्फ कार्यालयले सजगता अपनाएको देखिएन।

४. **आन्तरिक नियन्त्रण** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरि आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ। आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा खरिद गुरु योजना नबनाएको, दैनिक भत्ता तथा भ्रमण खर्चको बिल भुक्तानी गर्दा अनिवार्य रुपमा भ्रमण प्रतिवेदन संलग्न गर्नुपर्ने व्यबस्थाको कार्यान्वयन नभएको, चौमासिकरुपमा वार्षिक कार्यक्रम स्वीकृत गरी सोही बमोजिम लक्ष्य तोकी खर्च हुने नगरेको, खर्च भएका सबै बिल भरपाईहरुमा सिलसिलेवार नम्बर राखी अधिकार प्राप्त अधिकारीबाट प्रमाणित गरी भुक्तानी भएको जनाउने छाप नलगाएको, उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको, सुशासन ( व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ बमोजिम तालुक कार्यालयले निरीक्षण नगरेको, बर्षैपिच्छे लेखापरीक्षणले औंल्याउदै आएको सुझाब कार्यान्वयन नगरेको, जस्ता कमीकमजोरी देखिएका छन्। प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ।

## नापी कार्यालय

१. **रेखाङ्कन कार्य** : त्यस कार्यालयमा २०७२।७३ मा सर्वसाधारण जनताबाट आफ्नो जग्गा रेखांकन गरी छुट्याई दिन १८७ वटा निवेदन परेको र सो सेवाबाट रु.४,५९,०७५।- राजस्व आर्जन गरेको पाइयो। रेखांकन सम्बन्धी अभिलेख परीक्षण गर्दा १०१ वटा निवेदनको काम सम्पन्न भएको र ८६ निवेदनको काम सम्पन्न नगरेको पाइयो। सर्वसाधारण जनताबाट राजस्व लिने तर सो वापतको सेवा दिने सम्बन्धमा कार्यालयको कार्यसम्पादनस्तर कमजोर देखियो। राजस्व दाखिला गरेपछि सेवा प्राप्त गर्ने जनताको अधिकार रहेकोमा कार्यालयले त्यसतर्फ ध्यान नदिएको पाइयो। बाँकी ८६ वटा निवेदनको कार्यसम्पन्न गरी सर्वसाधारणलाई सुलभरुपमा सेवा प्रदान गर्नुपर्ने देखिएको छ।

२. **आन्तरिक नियन्त्रण** : बिभिन्न ऐन नियम एवं कार्यबिधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यबस्थाको कार्यान्वयन गर्नु पर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको मूल्यांकन गर्दा कार्यालयको खप्ने सामानको जिन्सी खाता (म.ले.प.फा.नं.४७) मा भर्नुपर्ने विवरण भर्ने नगरेको, २ वटा जिन्सी खाता राखेको पाइएकोले जिन्सी अभिलेख ज्यादै कमजोर रहेको पाइयो, जिन्सीमा प्राप्त सामानको मूल्य, स्पेशिफिकेशन, उत्पादक देश/कम्पनी, प्राप्त मिति, श्रोत जस्ता आधारभूत व्यहोरा समेत उल्लेख नगरिंदा जिन्सी सामान हिनामिना हुनसक्ने तथा सट्टापट्टा हुनसक्ने जोखिम रहेको, दैनिक भत्ता तथा भ्रमण खर्चको बिल भुक्तानी गर्दा अनिवार्य रुपमा भ्रमण प्रतिवेदन संलग्न गर्नुपर्ने व्यबस्थाको आंशिक मात्र कार्यान्वयन भएको, मूल्य नखुलेका पुराना सामानको मूल्य कायम नगराएको, जिन्सी खाता अद्यावधिक र प्रमाणित गरी नराखेको, चौमासिक रुपमा वार्षिक कार्यक्रम स्वीकृत गरी सोही बमोजिम चौमासिक रुपमा लक्ष्य तोकी सोही बमोजिम खर्च हुने नगरेको, खर्च भएका सबै बिल भरपाईहरुमा सिलसिलेवार नम्बर राखी अधिकार प्राप्त अधिकारीबाट प्रमाणित गरी भुक्तानी भएको जनाउने छाप लगाई नराखेको जस्ता कमी व्यहोरा देखिएका छन् । आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनुपर्दछ ।

## जिल्ला निर्वाचन कार्यालय

१. **आन्तरिक नियन्त्रण** : बिभिन्न ऐन नियम एवं कार्यबिधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यबस्थाको कार्यान्वयन गर्नु पर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको मूल्यांकन गर्दा जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार गरेकोमा प्रतिवेदनमा उल्लेख भए बमोजिम पुराना सामानको मर्मत सम्भार र लिलाम बिक्री कार्य नभएको, मूल्य नखुलेका पुराना सामानको मूल्य कायम गराई नराखेको, खर्च भएका सबै बिल भरपाईहरुमा सिलसिलेवार नम्बर राखी अधिकार प्राप्त अधिकारीबाट प्रमाणित गरी भुक्तानी भएको जनाउने छाप लगाई नराखेको जस्ता व्यहोरा देखिएका छन् । यसमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनुपर्ने देखिन्छ ।

२. **पेश्की:** आर्थिक बर्षको अन्तसम्म पनि बांकी रहेको निर्वाचन कार्यालयको भवन निर्माण गर्न एक निर्माण व्यवसायीलाई दिएको पेश्की रु.२२,३०,०००। आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ बमोजिम असुल फछ्र्यौट गर्नुपर्दछ ।

## महिला तथा वालवालिका कार्यालय

१. **तालिमको कार्य तालिका** : कार्यालयको स्वीकृत बार्षिक कार्यक्रम अर्न्तगत बिभिन्न प्रकारका तालिमहरु जिल्लास्तर, ईलाकास्तर, समुदायस्तरमा संचालन हुने गरेको पाइयो । कार्यक्रम संचालन गर्दा पेश्की लिई फछ्र्यौट गर्दा खर्चका बिल भरपाईका साथ सम्पादित कामको प्रतिवेदन पेश हुनुपर्ने, कार्यक्रम संचालन स्थान, अवधि र समय तालिका समेतको कार्यालयमा अभिलेखीकरण हुनुपर्दछ ।

२. **कार्यकमगत खर्च खाता** : एउटा उपशीर्षक भित्र एक भन्दा बढी कार्यक्रम भएमा आन्तरिक नियन्त्रणको लागि कार्यकमगत खर्च खाता राख्नुपर्ने व्यवस्था छ । कार्यालयले कार्यकमगत खर्च खाता नराखेको, कतिपय गोश्वारा भौचरमा कार्यकमको कम संख्या उल्लेख नगरेको, एक भन्दा बढी कार्यकमको रकम भुक्तानी दिएकोमा गोश्वारा भौचरमा कार्यकम वाईज रकम नखुलाई एकमुष्ठ रकम उल्लेख गरेको छ । कार्यकम खर्च खाता राख्नुपर्दछ ।

३. **अनुगमन निरीक्षण** : बार्षिक कार्यक्रम अनुसार कार्यालयले दुई सहकारी संस्थाहरुलाई भवन निर्माण अनुदान प्रति संस्था रु.१,५०,०००।- का दरले रु.३,००,०००।- सम्बन्धित संस्थाको बैंक खातामा जम्मा गरेको छ । उक्त संस्थाहरुको भवन निर्माणका लागि आवश्यक लागत ईष्टिमेट, ड्इङ्ग डिजाइन बनाई पेश हुनुपर्ने र भवन निर्माण भए नभएको कार्यालयबाट अनुगमन निरीक्षण हुनुपर्दछ ।

४. **अनुगमन तथा मूल्याङ्कन** : साझा व्यवसाय अनुदान वापत ५ बचत तथा ऋण सहकारी संस्थालाई रु.३,७०,०००।- अनुदान उपलव्ध गराएकोमा उक्त अनुदानबाट लक्षित वर्गलाई भएको फाइदा तथा उक्त रकमको सदुपयोग सम्बन्धमा कार्यालयबाट अनुगमन तथा मूल्यांकन हुनुपर्ने देखिएको छ ।

५. **लैंगिक हिंसा रोकथाम** : लैंगिकमा आधारित हिंसा, वालवालिका, किशोरी तथा महिलाको सम्भावित ओसारपसार र संरक्षणको निहुंमा हुनसक्ने शोषणको रोकथामको लागि निगरानी समूह, समितिको परिचालन लागि रु.२,७०,०००।- र भूकम्पवाट अति प्रभावित स्थानमा आपतकालिन संरक्षण सेवामा महिला निगरानी समूह समिति संस्थाहरुको परिचालनको लागि रु.५,४०,०००।- समेत रु.९,७५,०००।- को अनुदान उपलव्ध गराउन वजेट व्यवस्था भए अनुसार ६ संस्थाहरुलाई रु.८,१०,०००।- अनुदान निकासा उपलव्ध गराएको छ। कार्यालय र संस्था वीच भएको सम्झौताम लैंगिक हिंसा निगरानी समूहको नियमितरुपमा वैठक संचालन गर्ने, प्रत्येक वडामा महिला तथा वालवालिका माथि हुने हिंसा सम्वन्धी कार्यक्रम संचालन गर्ने, प्रत्येक वडा समितिहरुमा ३० जनाको किशोरी समूह गठन गरी परिचालन गर्ने, स्कुल स्कुलमा कक्षा ८ देखि १० सम्मका छात्रालाई मानव वेचविखन ओसारपसार नियन्त्रण वालविवाह र यसले पार्ने असरवारे अन्तरकृया संचालन गर्ने साथै मासिकरुपमा प्रत्येक महिनाको २५गते भित्र सम्पूर्ण महिला विकास समितिहरुको रिपोर्ट सहकारी संस्थाले संकलन गरी महिला तथा वालवलिका कार्यालयमा पठाउने कार्य शर्त रहेकोमा सो वमोजिम भए/नभएको सम्वन्धमा अनुगमन गरी प्रतिवेदन तयार गर्नुपर्दछ ।

६. **प्रगति** : स्वीकृत वार्षिक कार्यक्रम अनुसार सामाजिक परिचालन सहजीकरण र अभिलेखीकरण अर्न्तगत तथ्याङक संकलन, विष्लेषण र प्रतिवेदनमा रु.१,५०,०००।- वार्षिक वजेट विनियोजन भएकोमा कार्यक्रम संचालन गरेको देखिएन ।

७. **समाज कल्याण (जेष्ठ नागरिक समेत)** : अपाङ्गता भएका व्यक्तिहरुको लागि सि.वि.आर.कार्यक्रम संचालन गर्न एक गैरसरकारी संस्थालाई रु.१,५०,०००।- भुक्तानी दिएकोमा कार्यक्रम संचालन भएको प्रमाणहरु, खर्चको बिल भरपाई पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्दछ ।

८. **भवन निर्माण** : कार्यालय भवन निर्माण गर्न एक निर्माण व्यवसायीसंग २०७१।१।१० मा मूल्य अभिवृद्धि कर समेत रु.१,२५,३५,६९७।६८ को सम्झौता भएको र सम्झौताको म्याद २०७२।४।२० कायम भएको देखिन्छ । भवन निर्माण कार्य वापत गत बर्ष प्रथम बिलको रु.१२,९९,२०३।- र यो बर्ष दोश्रो तथा तेश्रो बिलको रु.४८,७८,९१६।- समेत हालसम्म रु.६१,७८,११९।- (सम्झौता रकमको ४९.२८ प्रतिशत) भुक्तानी भएकोमा मोविलाइजेशन पेश्की रु.१०,१८,०००। बांकी नै रहेकोमा बैंक ग्यारेण्टीको म्याद २०७३।६।३० मा समाप्त भएकोले उक्त पेश्की असुल गरी सम्झौता बमोजिम निजबाट पूर्वनिर्धारित क्षतिपूर्ति लिई काम सम्पन्न गराउनुपर्ने देखिन्छ ।

९. **आन्तरिक नियन्त्रण** : बिभिन्न ऐन नियम एवं कार्यबिधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यबस्थाको कार्यान्वयन गर्नु पर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको मूल्यांकन गर्दा जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार गरेकोमा प्रतिवेदनमा उल्लेख भए बमोजिम पुराना सामानको मर्मत सम्भार र लिलाम बिक्री कार्य नभएको, मूल्य नखुलेका पुराना सामानको मूल्य कायम गराई नराखेको, खर्च भएका सबै बिल भरपाईहरुमा सिलसिलेवार नम्बर राखी अधिकार प्राप्त अधिकारीबाट प्रमाणित गरी भुक्तानी भएको जनाउने छाप लगाई नराखेको जस्ता व्यहोरा देखिएका छन् । यसमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनुपर्ने देखिन्छ ।

# आन्तरिक लेखापरीक्षण

यस जिल्ला अन्तर्गत ४६ कार्यालयको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयबाट सम्पन्न भएको छ। आन्तरिक लेखापरीक्षण प्रतिवेदनअनुसार २३ कार्यालयको बेरुजू नदेखिएको जनाएको छ। यस बर्ष आन्तरिक लेखापरीक्षणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएका २९ मध्ये निम्न ६ कार्यालयको रु.१०,६१,६२५।१५ बेरुजू बांकी देखिएको छ। आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६ अनुसार आन्तरिक लेखापरीक्षणबाट औंल्याएको बेरुजू अन्तिम लेखापरीक्षण अगावै फछ्यौट गर्नुपर्नेमा बाँकी देखिएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ।

| सि.नं. | कार्यालय | शीर्षक | व्यहोरा | रकम |
|---|---|---|---|---|
| १. | मालपोल कार्यालय | ३३६०१२३ | प्रमुख मालपोत अधिकृतलाई शुरु तलव स्केलको ५० प्रतिशतले हुने रु.१,२२,६१०। भत्तावापत भुक्तानी गरेकोमा उक्त रकम पाउने आधार नदेखिएकोले असुल गर्नुपर्ने रु. | १२२६१० |
| | | धरौटी | आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६५ र नियम ६६ वमोजिम सदरस्याहा गर्नुपर्ने देखिएको धरौटी रु. | १९९५८०.८२ |
| २. | जिल्ला हुलाक कार्यालय | | हुम बहादुर क्षेत्रीलाई अवकाश भ्रमण भत्ता भुक्तानी ४ जना सन्तती एवं श्रीमती र निजसमेत गरी ६ जनाको खर्च लेखेको मध्ये वढी भुक्तानी असुल हुनुपर्ने रु. | ५४०० |
| ३. | तनहूं जिल्ला अदालत | २०४०१५३ | एक कर्मचारी मिति २०६३।८।८ मा ना.सु. पदमा वढुवा भई हालसम्म पनि निजामती कितावखानामा बैयक्तिक विवरण दर्ता नगरेकोले तलवी प्रतिवेदन पारित गरी तलव भुक्तानी गर्नुपर्दछ। | |
| | | धरौटीतर्फ | प्रयोजन नखुलाई दाखिला भएको रकम आवश्यक प्रमाण संलग्न गरी सदरस्याहा गर्नुपर्ने रु. | ४१५२ |
| ४. | डिभिजन सहकारी कार्यालय | ३५२१३४३ | आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार स.नि.श्री पुष्प खनालको पेश्की असुलपछ्र्यौट गर्नुपर्ने रु. | १००००० |
| | | ३५२१३४४ | खानेपानी ट्याकीं र ट्रष्ट निर्माण गर्न रु.१,९०,९४३।८५ मा एक कन्ट्रक्सनसंग सम्झौता भएकोमा भेरिएशन स्वीकृत वेगर रु.१,९३,२८३। भुक्तानी गरेकोमा बढी भुक्तानी भएको अनियमित रु. | २३३३.१५ |
| ५. | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | ३१४०१३४ | एक निर्माण व्यवसायीको पेश्की बाँकी रु.१४,५४,०००। रहेकोमा लेखारीक्षण डोर समक्ष प्रेशित प्रमाण कागजात अनुसार गो.भौ.नं.१।२०७३।६।१९ बाट रु.२,९०,८००। र गो.भौ.नं. ४।२०७३।७।२३ बाट रु.२,०८,०६०। समेत रु.४,९८,८६०। फछ्र्यौट भई पेश भए अनुसार बाँकी रु. | ९५५१४० |
| ६. | करदाता सेवा कार्यालय | | प्राप्त हुने राजश्व अनलाईन प्रणालीमा ईन्ट्री गरी नगदबाट प्राप्त हुने राजस्व र बैंक भौचर मार्फत हुने राजश्व रकमको छुट्टा छुट्टै गोश्वरा भौचर राख्ने गरेकोमा २०७३ जेष्ठ र आषाढको म्यानुअल गोश्वरा भौचर नराखेको | |
| | | | **जम्मा:** | **१०६१६२५.१५** |

**(गोबिन्दप्रसाद बराल)**
**नायव महालेखापरीक्षक**

अनुसूची १

# लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अंक

## लेखापरीक्षण विधिः विस्तृत

(रु.लाखमा)

| सि.नं. | कार्यालय | विनियोजन | राजस्व | धरौटी | अन्य | लेखापरीक्षण अंक |
|---|---|---|---|---|---|---|
| १. | जिल्ला निर्वाचन कार्यालय | ७४ | २ | १ | ० | ७७ |
| २. | जिल्ला विकास समितिको कार्यालय | ० | ० | ० | २१६८८ | २१६८८ |
| ३. | जिल्ला शिक्षा कार्यालय | १३८७० | १४१ | १ | ३४ | १४०४६ |
| ४. | जिल्ला स्वास्थ्य कार्यालय | ६५३ | ३ | ११ | ७ | ६७४ |
| ५. | जिल्ला भूसंरक्षण कार्यालय | २४२ | ० | ० | १ | २४३ |
| ६. | डिभिजन सडक कार्यालय | ४२३३ | १२४ | ७६६ | ९०६ | ६०२९ |
| ७. | जिल्ला प्राविधिक कार्यालय | १००८ | ० | १४ | ० | १०२२ |
| ८. | घरेलु तथा साना उद्योग विकास समिति | १७७ | ६७ | १० | ० | २५४ |
| ९. | जिपि कोइराला राष्टिय श्वास प्रश्वास उपचार केन्द | ० | ० | ० | १४८ | १४८ |
| १०. | ग्रामिण तालिम केन्द्र, भिमाद | ० | ० | ० | १७१ | १७१ |
| ११. | सिचाई विकास डिभिजन | ९३३ | १ | ७० | २ | १००६ |
| १२. | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | १८०६ | ५ | १३० | ५ | १९४६ |
| १३. | कोष तथा लेखा नियन्त्रक कार्यालय | ६४ | ० | २ | १ | ६७ |
| १४. | नापी कार्यालय | ८९ | २० | ७ | ४ | १२० |
| १५. | नयां शहर आयोजना कार्यालय | २३६ | ० | ५ | ० | २४१ |
| १६. | शैक्षिक तालिम केन्द्र | १२० | १ | १ | ० | १२२ |
| १७. | महिला तथा वालवालिका कार्यालय | २८८ | ० | ३ | १४ | ३०५ |
| १८. | जिल्ला कृषि विकास कार्यालय | ५४७ | ० | ४ | ३४ | ५८५ |
| १९. | दमौली अस्पताल | १०० | ० | १ | १०० | २०१ |
| | जम्माः | २४४४० | ३६४ | १०२६ | २३११५ | ४८९४५ |

## लेखापरीक्षण विधिः आन्तरिक लेखा परीक्षण र केन्द्रीय आर्थिक विवरणको आधारमा

(रु.लाखमा)

| क्र.स. | कार्यालयको नाम | विनियोजन/ निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| १. | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | ८८ | ० | ० | ० | ८८ |
| २. | जिल्ला पशु सेवा कार्यालय | ४२८ | ४ | २ | २ | ४३६ |
| ३. | जिल्ला प्रहरी कार्यालय | ९६७ | १ | १८ | ४२ | १०२८ |
| ४. | डिभिजन सहकारी कार्यालय | ६५ | २ | ० | १ | ६८ |
| ५. | जिल्ला अदालत कार्यालय | २३५ | ५० | १५२ | २ | ४३९ |
| ६. | जिल्ला हुलाक कार्यालय | २७९ | १९ | ० | ३ | ३०१ |
| ७. | मालपोत कार्यालय | ९५ | ९२४ | ३१ | १५९९ | २६४९ |
| ८. | करदाता सेवा कार्यालय | २९ | २३६१ | ० | ० | २३९० |
| ९. | बाखा अनुसन्धान केन्द्र | २६२ | ० | ८ | ० | २७० |
| १०. | यान्त्रिक कार्यालय, डुम्रे | ३० | ३ | ५ | ५ | ४३ |
| ११. | बन्दीपुर अस्पताल, वन्दीपुर | १५३ | ० | २ | ७१ | २२६ |
| १२. | जिल्ला सरकारी वकिल कार्यालय | ३४ | ० | ८ | ० | ४२ |
| १३. | नं. ३ फि.ए. गुल्म | १६९ | ० | १ | ० | १७० |
| १४. | प्रजनन पिढी वीज कोया श्रोत केन्द्र | ५७ | ० | १ | ० | ५८ |
| १५. | इलाका प्रहरी कार्यालय, आँवुखैरेनी | १४८ | ० | ० | ० | १४८ |
| १६. | इलाका प्रहरी कार्यालय, वेलचौतारा | २४२ | ० | ० | ० | २४२ |
| १७. | सशस्त्र प्रहरी वल मनकामना गण, भानु, | २३१३ | २ | ७ | ० | २३२२ |

| क.स. | कार्यालयको नाम | विनियोजन/ निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| १८. | जिल्ला आयूर्वेद स्वास्थ्य केन्द्र कार्यालय | १८० | ० | ४ | ० | १८४ |
| १९. | जिल्ला वन कार्यालय | ३०७ | १२१ | ५२ | १११ | ५९१ |
| २०. | यातायात व्यवस्था सेवा कार्यालय | १९ | ३४३ | ० | ० | ३६२ |
| २१. | जिल्ला ट्राफिक कार्यालय | ० | ५६ | ० | ० | ५६ |
| २२. | जिल्ला कारागार कार्यालय | ६८ | ० | ० | ० | ६८ |
| २३. | इलाका प्रहरी कार्यालय, सारंगघाट | १३१ | ० | ० | ० | १३१ |
| २४. | श्री नं. ३ वाहिनी अड्डा खैरेनीटार व्यारेक | ११३१ | १ | ३७ | ० | ११६९ |
| २५. | रामबाण गूल्म कार्यालय | ७१० | १२ | ५ | ० | ७२७ |
| २६. | श्री ३ राजदलगण खैरेनीटार व्यारेक | १६४६ | ० | २० | ० | १६६६ |
| २७. | पश्चिम पृतना तालिम शिक्षालय, खैरेनीटार व्यारेक, खैरेनीटार | ४६१ | ० | ६ | ० | ४६७ |
| २८. | जिल्ला प्रशासन कार्यालय | १३६ | ४५६ | ४५ | १११० | १७४७ |
| २९. | पश्चिम क्षेत्रिय प्रहरी उच्च माध्यामिक विद्यालय वेलचौतरा | ८९ | ० | ० | ० | ८९ |
| | **जम्मा** | **१०४७२** | **४३५५** | **४०४** | **२९४६** | **१८१७७** |
| | **कूल जम्मा** | **३४९१२** | **४७१९** | **१४३०** | **२६०६१** | **६७१२२** |

*अनुसूची २*

# बेरुजूको स्थिति

(रु हजारमा)

| क्र.स. | कार्यालयको नाम | सूरु बेरुजू | | प्रतिक्रियाबाट फछ्यौट एवं समायोजन | | बाँकी दफा र बेरुजू | | | | | असुली | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा | रकम | दफा | रकम | दफा | असुल गर्नुपर्ने | अनियमित | पेश्की | जम्मा | ले.प.को कममा | प्रतिक्रिया बाट | जम्मा |
| १. | जिल्ला कृषि विकास कार्यालय | ७ | १३६ | २ | १३६ | ५ | ० | ० | ० | ० | ० | २६ | २६ |
| २ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | २४ | १६५०० | ३ | ० | २१ | १२३५ | ११०६५ | ४२०० | १६५०० | ० | ० | ० |
| ३. | ग्रामिण तालिम केन्द्र, भिमाद | ७ | १ | ० | ० | ७ | १ | ० | ० | १ | ० | ० | ० |
| ४. | घरेलु तथा साना उद्योग विकास समिति | ५ | १७८३ | २ | ० | ३ | | ३३ | १७५० | १७८३ | ० | ० | ० |
| ५. | जिल्ला विकास समितिको कार्यालय | ५४ | १२२२४० | ११ | ० | ४३ | ५७०८ | ५६४६५ | ६००६७ | १२२२४० | ० | ० | ० |
| ६. | जिपि कोइराला राष्टिय श्वास प्रश्वास उपचार केन्द | ९ | ६१९ | ० | ० | ९ | ४३ | ५६६ | १० | ६१९ | ० | ० | ० |
| ७. | दमौली अस्पताल | ४ | १९९ | ० | ० | ४ | १९९ | ० | ० | १९९ | ० | ० | ० |
| ८. | जिल्ला प्राविधिक कार्यालय | ८ | २५३८३ | २ | ० | ६ | ३९ | ० | २५३४४ | २५३८३ | ० | ० | ० |
| ९. | जिल्ला भूसंरक्षण कार्यालय | ७ | ० | ३ | ० | ४ | ० | ० | ० | ० | ० | ० | ० |
| १०. | डिभिजन सडक कार्यालय | २६ | १०१२४५ | ७ | ० | १९ | ८१९१ | १४१७८ | ७८८७७ | १०१२४५ | ० | ० | ० |
| ११. | सिचाई विकास डिभिजन | ११ | १९५६८ | ० | ० | ११ | १७ | १३३९ | १८२१२ | १९५६८ | ० | ० | ० |
| १२. | जिल्ला स्वास्थ्य कार्यालय | १६ | ४६६२ | २ | ० | १४ | २९ | ४६३३ | ० | ४६६२ | ९५ | ० | ९५ |
| १३. | जिल्ला शिक्षा कार्यालय | १८ | २९३७७३ | ० | ० | १८ | ३७ | २९२१४९ | १५८७ | २९३७७३ | ० | ० | ० |
| १४. | नयां शहर आयोजना कार्यालय | ४ | ० | ० | ० | ४ | ० | ० | ० | ० | ० | ० | ० |
| १५. | नापी कार्यालय | ३ | ० | १ | ० | २ | ० | ० | ० | ० | ० | ० | ० |
| १६. | जिल्ला निर्वाचन कार्यालय | ३ | २२३० | १ | ० | २ | ० | ० | २२३० | २२३० | ० | ० | ० |
| १७. | महिला तथा वालवालिका कार्यालय | १० | १६३० | १ | ० | ९ | १५० | १४८० | ० | १६३० | ० | ० | ० |
| १८ | मालपोल कार्यालय | २ | ३२३ | ० | ० | २ | १२३ | २०० | ० | ३२३ | ० | ० | ० |
| १९ | जिल्ला हुलाक कार्यालय | १ | ५ | ० | ० | १ | ० | ५ | ० | ५ | ० | ० | ० |
| २० | तनहूं जिल्ला अदालत | २ | ४ | ० | ० | २ | ० | ४ | ० | ४ | ० | ० | ० |
| २१ | डिभिजन सहकारी कार्यालय | २ | १०२ | ० | ० | २ | ० | २ | १०० | १०२ | ० | ० | ० |
| २२ | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | १ | ९५५ | ० | ० | १ | ० | ० | ९५५ | ९५५ | ० | ० | ० |
| २३ | करदाता सेवा कार्यालय | १ | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० |
| | **जम्मा:** | **२२५** | **५९१३५८** | **३५** | **१३६** | **१९०** | **१४५३६** | **३८२११९** | **१९३३३२** | **५९१२२२** | **९५** | **२६** | **१२१** |

द्रष्टव्य: * *बेरुजूको दफाअन्तर्गत सैद्धान्तिक र लगतीदुवैको जम्मा संख्या समावेश छ ।*

* *प्रारम्भिक प्रतिबेदनमा उल्लेख भएको दफा संख्यामा प्रतिक्रियाबाट फछ्यौंट एवं समायोजन गरी अनुसुचीमा बाँकी दफा कायम गरिएको छ ।*

# जिम्मेवार पदाधिकारीहरुको नामावली

| सि.नं. | कार्यालय | कार्यालय प्रमुख | लेखा प्रमुख |
|---|---|---|---|
| १. | जिल्ला कृषि विकास कार्यालय | श्री राजेन्द्रकुमार मल्ल<br>श्री चेतनाथ अधिकारी | श्री गीताकुमारी शर्मा |
| २. | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | श्री हरिदत्त पौडेल | श्री रामबहादुर खड्का |
| ३. | ग्रामिण तालिम केन्द्र, भिमाद | श्री दामोदर कँडेल | श्री इन्द्रकान्त रेग्मी |
| ४. | घरेलु तथा साना उद्योग विकास समिति | श्री विश्वरमण आचार्य | श्री सूर्यप्रसाद घिमिरे |
| ५. | जिल्ला विकास समितिको कार्यालय | श्री अञ्जन न्यौपाने<br>श्री उदयबहादुर राना<br>श्री बद्रीप्रसाद तिवारी | श्री पदमबहादुर घिमिरे |
| ६. | जिपि कोइराला राष्टिय श्वास प्रश्वास उपचार केन्द | श्री यज्ञबहादुर भण्डारी | श्री बासुराज दाहाल |
| ७. | दमौली अस्पताल | श्री बिवेककुमार लाल<br>श्री पवनजंग रायमाझी | श्री शिवप्रसाद पौडेल |
| ८. | जिल्ला प्राविधिक कार्यालय | श्री नारायणप्रसाद बराल | श्री रबिराज खनाल |
| ९. | जिल्ला भूसंरक्षण कार्यालय | श्री बद्रीराज ढुंगाना | श्री ज्ञाननारायण श्रेष्ठ |
| १०. | डिभिजन सडक कार्यालय | श्री बेलबहादुर भुजेल<br>श्री भानु जोशी | श्री प्रकाश गौतम |
| ११. | सिचाई विकास डिभिजन | श्री हरिदत्त पौडेल | श्री वालकृष्ण शर्मा पौडेल<br>श्री अमृत बगाले<br>श्री चिज कुमार श्रेष्ठ |
| १२. | जिल्ला स्वास्थ्य कार्यालय | श्री बिवेककुमार लाल<br>श्री पवनजंग रायमाझी | श्री बसन्तराज कोइराला |
| १३. | जिल्ला शिक्षा कार्यालय | श्री टोप बहादुर श्रेष्ठ | श्री हरि लम्साल<br>श्री कृष्णबहादुर कार्की |
| १४. | नयां शहर आयोजना कार्यालय | श्री पूजन न्यौपाने | श्री ज्ञाननारायण श्रेष्ठ |
| १५. | नापी कार्यालय | श्री सहदेव सुवेदी | श्री नारायणप्रसाद पौडेल |
| १६. | जिल्ला निर्वाचन कार्यालय | श्री बाबुराम घिमिरे | श्री प्रतिमा सुवेदी<br>श्री पदमबहादुर थापा |
| १७. | महिला तथा वालवालिका कार्यालय | श्री रमा अधिकारी | श्री गोबिन्दप्रसाद सापकोटा<br>श्री पदमबहादुर थापा |
| १८. | मालपोत कार्यालय | श्री दिवाकर पौडेल | श्री ज्ञान नारायण श्रेष्ठ |
| १९. | जिल्ला हुलाक कार्यालय | श्री शेषकान्त पौडेल<br>श्री उमा कोइराला<br>श्री ध्रुवलाल न्यौपाने | श्री हरीमाया देवकोटा<br>श्री प्रकाश पौडेल |
| २०. | तनहुँ जिल्ला अदालत | श्री सुर्य प्रसाद भण्डारी<br>श्री विश्वनाथ अर्याल | श्री रविराज खनाल<br>श्री लक्ष्मीश्वर ठाकुर |
| २१. | डिभिजन सहकारी कार्यालय | श्री नारायण कार्की | श्री प्रकाश पौडेल |
| २२. | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | श्री अल्युत विष्ट | श्री किशोर राज जोशी |
| २३. | करदाता सेवा कार्यालय | श्री घनश्याम पन्थी | श्री जानकी भटराई |

977-1-4258172, 4255707

info@oag.gov.np

Kathmandu, Nepal

977-1-4268309, 4262798

13328

www.oagnep.gov.np